जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ५ | अंक १६ | मूल्य रु.१००/- | कार्तिक-पुस (२०७७)



## सहकारी अभियानको जगेडा कोष : स्थिरीकरण कोष

नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ०१-४७८१९६६, ४७८०२०१
इमेल: nefscun@nefscun.org.np

www.nefscun.org.np



# हार्दिक बधाई एवं शुभकामना

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमा **डा. शिवमाया तुम्बाहाङफे** ज्यू नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितताका कार्यक्रम प्रोवेसन अन्तर्गत आर्थिक वर्ष २०६६/०७७ मा ब्राण्ड प्राप्त गर्न सफल साकोसहरूलाई

# हार्दिक बधाई एवं शुभकामना

| | |
|---|---|
| १. एकिकृत फ्रेण्डसिप साकोस, दोलखा | २१. लुम्बीनी साकोस, नवलपरासी सुस्ता पश्चिम |
| २. ऐचो पैंचो साकोस, काठमाडौं | २२. लेकाली स्वावलम्बन साकोस, गुल्मी |
| ३. कोलिय देवदह साकोस, रूपन्देही | २३. लेटाङ साकोस, मोरङ |
| ४. गंगामाला स्वाबलम्बन विकास साकोस, सुर्खेत | २४. लोक कल्याणकारी साकोस, चितवन |
| ५. गछिया साकोस, मोरङ | २५. शिक्षक कल्याण साकोस, दोलखा |
| ६. ग्रामिण साकोस, सल्यान | २६. शिखर साकोस, सुर्खेत |
| ७. जनउत्थान साकोस, रूपन्देही | २७. श्रीमहाप्रभु साकोस, दाङ |
| ८. जनमुखी साकोस, दोलखा | २८. श्रोत परिचालन साकोस, धादिङ |
| ९. जनसेवा साकोस, कास्की | २९. सक्रिय महिला साकोस, मकवानपुर |
| १०. जागरण साकोस, मकवानपुर | ३०. सप्तकोशी साकोस, गोरखा |
| ११. नमुना महिला विकास साकोस, रूपन्देही | ३१. सयपत्री साकोस, नवलपरासी सुस्ता पश्चिम |
| १२. नवजागरण साकोस, रामेछाप | ३२. सामुहिक साकोस, भक्तपुर |
| १३. नवप्रगती पृथ्वी साकोस, नवलपरासी सुस्ता पुर्व | ३३. सामुहिक विकास साकोस, रूपन्देही |
| १४. नवविकास साकोस, रौतहट | ३४. सिको साकोस, बर्दिया |
| १५. परोपकार साकोस नवलपरासी सुस्ता पुर्व | ३५. सिनर्जी साकोस, कपिलवस्तु |
| १६. फुलवारी साकोस, प्यूठान | ३६. सुन्दरपुर साकोस, मोरङ |
| १७. भिमकुल साकोस, गोरखा | ३७. हरियाली साकोस, दाङ |
| १८. महिला अभियान साकोस, मकवानपुर | ३८. हाम्रो मध्यवर्ती राधाकृष्ण साकोस, बर्दिया |
| १९. महिला जनचेतना साकोस, मकवानपुर | ३९. हाम्रो सुपर साकोस, नवलपरासी सुस्ता पश्चिम |
| २०. महिला मिलन साकोस, मकवानपुर | ४०. ज्ञानज्योति महिला उत्थान साकोस, काठमाडौं |

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np

**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल
रञ्जनमणि पौड्याल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रू.१००/-





## यस भित्र


*नेफ्स्कूनको २९औं वार्षिक साधारणसभा विशेष... ३*
*सहकारी अभियानको जगेडा कोष : स्थिरीकरण कोष... ७*
*लुम्बिनी प्रदेशको सहकारी अभियानलाई उत्पादनमा जोड्ने... १५*
*वित्तीय सहकारीको प्रगति मापनमा एलिफेन्ट्स्... २५*
*व्यावसायिक संगठन भन्दा सहकारीको लिडर भन्न रुचाउँछु... ३०*
*विशिष्टीकृत सहकारी संघको अवधारणा, स्थापना र सञ्चालन... ३५*
*विद्यार्थी बचत क्लब... ४१*
*सहकारी संस्था र सदस्यहरुबीच प्रभावकारी सम्बन्धका आधारहरु... ४५*
*श्रमिकको योगदान रकममा पेन्सन र निवृत्तिभरण दुवै सुविधा... ५०*
*सहकारीलाई उत्पादनसँग जोड्न : केन्द्रीय वित्त प्रणाली (अन्तरलगानी)... ५५*
*सहकारीमा महिला सहभागिता अवसर र चुनौति... ५९*
*साकोस शुद्धीकरण : अबको अभियान... ६५*



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np, saccosaawaj@gmail.com
वेबसाइटः www.nefscun.org.np


**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । - सम्पादक**

# सम्पादकीय

सहकारी ऐन, २०७४ को दफा १ सय ३ मा व्यवस्था गरिएको स्थिरीरकण कोष बचत तथा ऋण सहकारी अभियानको स्थायित्व र दिगोपनाका लागि सुरक्षा कवच हो । ऐनमा उल्लेखित "बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली कोष खडा गर्न सकिने" प्रावधानले यसको औचित्य पुष्टि गर्दछ । कोषको भूमिका केवल वित्तीय समस्या समाधानमा मात्र नभई निरन्तर अनुगमन, प्रशिक्षण, सल्लाह र सहजिकरणको माध्यमबाट संकटको रोकथाममा समेत प्रभावकारी हुन्छ । यसरी हेर्दा ऐनले निर्दिष्ट गरेको स्थिरीकरण कोष बचत तथा ऋण सहकारी अभियानको निदानात्मक मात्र नभई प्रतिरोधात्मक अस्त्र पनि हो । यो अभियानको स्वामित्व र योगदानमा आधारित जगेडा कोष हो । सहकारीको विश्वव्यापी मान्यता र सिद्धान्तसँग कोषको अवधारणा सन्निकट पाइन्छ । एकका लागि सबै र सबैका लागि एक ले कोषको आधारशिला तय गरेको विश्व परिवेशले पनि प्रमाणित गरेको छ । स्थिरीकरण कोषको अवधारणा बचत तथा ऋण सहकारी संस्थाको सुरक्षण (बीमा) मा आधारित छ त्यसैले स्थिरीकरण कोषले संस्थाको सुरक्षण प्रदान गरी सदस्यहरूको बचत तथा शेयरको संरक्षण हुने अवस्था सिर्जना गर्दछ ।

बचत तथा ऋण सहकारी अभियान सफल भएका देशहरूमा स्थिरीकरण कोष कानुनी रूपमा नै बाध्यकारी वा सबै बचत ऋण सहकारीहरूको अनिवार्य सहभगिताको व्यवस्था गरिएको हुन्छ । बचत तथा ऋण सहकारीहरूको लागि स्थिरीकरण कोष ऐच्छिक बिषय होइन । यो सबै बचत तथा ऋण सहकारीहरूको अनिवार्य सहभागिताको बिषय हो । स्थिरीकरण कोषले जोखिम सिर्जना भएको समयमा मात्र काम गर्ने कोष होइन यो कोष त बचत ऋण सहकारी अभियानको जोखिम नियमिति सुपरिवेक्षण गरी आवश्यक व्यवस्थापनका माध्यमबाट बचत ऋण सहकारी अभियानलाई  संरक्षण गर्ने प्रणाली हो । सवल स्थिरीकरण कोषको स्थापना भनेको बचत ऋण सहकारी अभियानको अविच्छिन्न सुरक्षाको प्रत्याभूति हो । बचत ऋण सहकारी अभियानमा पनि एकै पटक सबैमा समस्या आउँदैन केहीमा आएको समस्या सबै मिलेर सामाधान गर्न जोखिमको प्रभाव देखिनु अगाबै सबै बचत ऋण सहकारीहरू मिलेर विकास गरिने प्रणाली नै स्थिरीकरण कोष हो । स्थिरीकरण कोष भनेको जोखिमको हस्तान्तरण पनि हो । जोखिम आएको समयमा एउटा मात्र बचत तथा ऋण सहकारी संस्थाले व्यवस्थापन कठिन हुने निश्चित भएकोले सो जोखिम सामुहिक रूपमा व्यवस्थापन गर्न विकास गरिएको प्रणाली नै स्थिरीकरण कोष हो ।

स्थिरीकरण कोषको दुई पक्षहरू हुन्छन् । पहिलो पक्ष भनेको कोषमा आवद्ध सदस्य बचत तथा ऋण सहकारी संस्थाहरूको नियमित तथा प्रभावकारी सुपरिवेक्षण मार्फत जोखिम व्यवस्थापन र दोस्रो पक्ष भनेको आवश्यक भएको समयमा वित्तीय सहयोग मार्फत सदस्य संस्थाहरूको संरक्षण । बचत तथा ऋण सहकारी संस्थालाई यातायातको साधन मान्ने हो भने स्थिरीकरण कोष सो साधनको जगेडा टायर हो । जसरी यात्रामा जति सुकै नयाँ वा सुरक्षित साधनमा पनि जगेडा टायरको आवश्यकता पर्दछ त्यसरी नै जति सुकै राम्रो र ठुला बचत ऋण सहकारीहरूलाई पनि स्थिरीकरण कोषको आवश्यकता पर्दछ । हरेक बचत तथा ऋण सहकारी संस्थाको विनियममा लेखिएको अविच्छिन्न संस्था निर्माणको सबै भन्दा महत्वपूर्ण सामुहिक आवश्यकताको प्रणाली स्थिरीकरण कोष हो । नेपाल जस्तो दैनिक रूपमा बचत तथा ऋण सहकारी संस्थाहरू समस्यामा परेको समयमा यसको समाधानको एकमात्र विकल्प भनेको अभियानको योगदानमा स्थापना हुने स्थिरीकरण कोष हो ।

सहकारी ऐन, २०७४ र नियमावली, २०७५ ले स्थिरीकरण कोष स्थापनाको कानुनी वातावरण तयार गरेको छ । सहकारी ऐन, २०७४ को दफा १०३ (३) ले स्थिरीकरण कोष बचत तथा ऋण सहकारी विषयगत केन्द्रीय संघमा रहने स्पष्ट व्यवस्था गरेको छ । सामन्य त जोखिम पूर्ण रूपमा सञ्चालन भएका बचत तथा ऋण सहकारीहरूमा खुद बचत (नाफा) नहुने तर ऐनको व्यवस्था बमोजिम खुद बचतपछि मात्र कोषमा योगदान गर्ने व्यवस्थाले कोष स्थापनाका लागि कठिन भए पनि सामुहिक प्रयासमा कोष स्थापनाको विकल्प छैन । सहकारी नियमावलीको व्यवस्था बमोजिम रू दश करोड योगदान संकलन भए पछि मात्र कोष खडा भइ कार्यान्वयनमा आउने व्यवस्था भएकोले बचत तथा ऋण सहकारी अभियानको हालको सबै भन्दा महत्वपूर्ण दायित्व भनेको कोष खडा गर्नका लागि आवश्यक न्यूनतम योगदान संकलन गरी छिटो कोषलाई क्रियाशील बनाउनु हो ।

२९२ वटा बचत तथा ऋण सहकारीहरूको उपस्थितिमा मिति २०७६ माघ २६ गतेको भेलाले कोष स्थापना गर्ने निर्णय भई सकेको तर कोभिडको प्रभावका कारण हालसम्म करिब तीन करोड मात्र योगदान संकलन भएको तर कोष क्रियाशील हुन न्यूनतम दश करोड न्यूनतम योगदान रकम आवश्यक पर्ने भएकोले हालको कानुनी व्यवस्था बमोजिम कोषमा योगदान गरी कोष स्थापना गर्नु नै अभियानको सबै भन्दा महत्वपूर्ण कार्य हो । कोष स्थापना जति ढिलो र कोषमा योगदान जति कम हुन्छ त्यती बचत तथा ऋण सहकारी अभियानको छविमा असर पर्ने देखिन्छ । सापटी व्यवस्थापन तथा सहभागिताको आवश्यक कार्यबिधि समेत तयार भई सकेको तर न्यूनतम योगदान संकलन हुन नसकेकोले कोषले अभियान संरक्षणको कार्य थालनी गर्न सकि रहेको छैन यसको समाधान भनेको कानुन बमोजिम कोषमा समयमा नै योगदान हो ।

बचत ऋण सहकारीको समुहिक संरक्षणको प्रणाली स्थिरीकरण कोष संचालन मार्फत बचत ऋण सहकारी अभियानको छवी उच्च राख्न तथा जोखिम व्यवस्थापन मार्फत ढुक्क हुन कोषमा आवद्ध भइ योगदान मार्फत सक्रिय हुनु आजको आवश्यकता हो । खोलाको किनारामा बसेर ताली बजाएर मात्र खोला तरेर गन्तव्यमा पुग्न सकिंदैन त्यसैले कोषमा आवद्ध भई योगदान मार्फत अभियान संरक्षणमा सक्रिय हुन सबै बचत ऋण सहकारी अभियान कर्मी तथा सरोकारवालाहरूको जिम्मेवारी हो ।

**संरक्षकः** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून
**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल । **सदस्यहरूः** विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी
**सम्पादकः** सञ्जयराज तिमिल्सीना
**सह-सम्पादकः** राधा पौडेल, रञ्जनमणि पौड्याल

नेफ्स्कून

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np

# नेफ्स्कूनको २९औं वार्षिक साधारणसभा विशेष

## सात प्रादेशिक विस्तारित मञ्च सहित साधारणसभा सम्पन्न



नेफ्स्कूनको २९औं वार्षिक साधारणसभा मंसिर ५ गते सम्पन्न भयो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सहभागीहरूको न्यून भौतिक उपस्थिति र ठूलो संख्यामा अभौतिक उपस्थिति थियो । सभामा सामाजिक भौतिक दुरी र स्वास्थ्य मापदण्ड सहित दुईवटा हलमा गरी १ सय ९० जनाको भौतिक उपस्थिति र २०० जनाको अभौतिक सभागिता रहेको थियो भने ७ सय भन्दा बढी सदस्यहरूले साधारणसभाको वेब एप्लिकेसन्स् मार्फत भौतिक उपस्थिति जनाउनु भएको थियो ।

साधारणसभाको उद्घाटन सत्रमा नेपाल सरकारका उपप्रधानमन्त्री ईश्वर पोखरेलले पठाउनु भएको शुभकामना मन्तव्य संघका महासचिव एवं कार्यक्रम सञ्चालनकर्ता दामोदर अधिकारीले वाचन गर्नुभएको थियो ।

प्रमुख अतिथि मिनराज कंडेलले संविधानको स्प्रिट अनुसार नमिलेका र सहकारी ऐनसँग बाझिएका करिब ४७ वटा ऐनहरूको विषय संशोधनको क्रममा अगाडि बढिरहेको जानकारी गराउनुभयो । संघीय ऐनसँग नबाझिने गरी स्थानीय तहका ऐनहरूलाई संशोधन गर्नेगरी अगाडि बढ्न महासंघ, नेफ्स्कून, सहकारी बैंक, विषयगत केन्दीय संघ सहित सिङ्गो अभियान क्रियाशील रहेको बताउनुभयो । उहाँले अब सहकारीको गन्तव्य आर्थिक सामाजिक रूपान्तरण तर्फ लक्षित रहेको चर्चा गर्दै अब उत्पादन र व्यवसायीकरणका क्षेत्रमा सहकारी एक भएर लाग्नुपर्ने र त्यसका लागि महासंघले आव्हान पनि गरिसकेको जानकारी गराउनुभयो । उहाँले जोड्नुभयो, कृषि बहुउद्देश्यीय संस्थाले उत्पादनकै क्षेत्रमा जोडिनुपर्छ र बचत ऋणको कारोवार गर्नेहरूले पनि ५ प्रतिशतभन्दा बढी संस्थागत पुँजी भएकाले त्यसको ५० प्रतिशत पुँजी अहिलेदेखिनै उत्पादनमूलक क्षेत्रमा लगाउन अनुरोध गर्दछौं ।

उहाँले भर्खरै मात्र एउटा अनलाईन समाचारमार्फत दोलखाको मिलिजुली कालिञ्चोक साकोसको वित्तीय सुशासनको विषयमा उठेको प्रश्न वास्तविक नभई नियतवश र कपोलकल्पित भएको बुझिएको बताउनुभएको छ । स्थानीय सहकारी अभियानकर्मीहरू, नेफ्स्कूनको अनुगमन लगायत स्वयं संस्थाको वित्तीय अवस्थाको विश्लेषणबाट पनि वित्तीय सुशासनमा कमजोरी नरहेको खुल्न आएको जानकारी गराउनुभयो ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेलले सहकारीले लोकतान्त्रिक समाजवादलाई स्थापित गरेको चर्चा गर्दै साहु महाजनसँग पैसा लिएर चर्को चक्रबर्ती व्याज खेप्नुपर्ने र व्याज बोकेर व्यक्तिको मातहतमा सँधै दास बन्नुपर्ने प्रवृत्तिलाई सहकारीले निरूत्साहित गरेको दावी गर्नुभयो ।

उहाँले सरकारले भर्खरैमात्र घोषणा गरेको दुई वटा थिमहरूको बारेमा चर्चा गर्दै बैंकहरूमार्फत सहुलियतपूर्ण कर्जा र स्टार्ट अफ फण्डको अवधारणामा सहकारीमार्फत कार्यान्वयन गरेर सरकारको संलग्नता सहित बैंक र सहकारी सँगसँगै समृद्धिको अभियानमा अगाडि बढ्नका लागि राष्ट्रिय सहकारी महासंघले सहकारी मार्फत सोको कार्यान्वयन गर्ने कुराको माग लिएर सरकारसँग जान आग्रह गर्नुभयो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले भौतिक अभौतिक रूपमा सहभागी सम्पूर्ण सहकारी अभियानका व्यक्तिहरूलाई स्वागत गर्दै सातै प्रदेशमा क्रमिक रूपमा सम्पन्न विस्तारित मञ्चका कार्यक्रमहरूमा

र समृद्ध बनाउनको निम्ति नेफ्स्कूनले मार्गदर्शन अगाडि सारेको विषय चर्चा गर्दै कोभिड महामारीको विषम् प्रभावबाट साकोस अभियानलाई सुरक्षा कवज प्रदान गर्न अभियान सहित विश्वव्यापी छलफलमा जुटेर १९ बुँदे मार्गदर्शन जारी गरिएको बताउनुभयो । सदस्यलाई पर्ने प्रभाव र सदस्यहरूलाई वित्तीय उपलब्धताका लागि मार्गदर्शन महत्वपूर्ण आयाम सावित भयो, उहाँले भन्नुभयो, "लगत्तै कोभिडले पार्ने प्रभावको विश्लेषण गर्दै सदस्य, संस्था र आम समुदायमा पर्ने तीन तहको प्रभावको विश्वव्यापी आंकलन गरेर चरणवद्ध रूपमा त्यसबाट पर्ने प्रभावको व्यवस्थापनका लागि संघले प्राविधिक पहलकदमी गऱ्यो, अबको व्यवस्थापन भनेको आम समुदायमा आर्थिक




मन्दीको विषय बनेको छ, त्यसका लागि पनि हामीले सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्यको थिमलाई अगाडि सारेका छौं । हामीले त्यसका आधारभूत मापदण्डहरूलाई सम्वोधन गरेर अगाडि बढ्ने प्रण गरेका छौं ।" उहाँले जोड्नुभयो, "अबको युग डिजिटाइजेसनको युग हो, आजसम्म हामी एकाउन्टीङ सफ्टवेयरमा मात्र सीमित छौं, अवको साकोस अभियान भनेको प्रविधिमार्फत सम्पूर्ण वित्तीय समाधान सहितको अभियान बन्नुपर्छ ।"

सहकारीका साथीहरूको उत्साहजनक र क्रियाशील सहभागिताबाट साधारणसभाको सफलता र आगामी कार्यनिरन्तरताका लागि हौसला प्राप्त भएको बताउनुभयो । उहाँले सदस्यहरूको निरन्तरको साथ सहयोग र रचनात्मक सुझाव सल्लाह सहित सामुहिक ऐक्यवद्धताबाट साकोस अभियानको दिगो विकास र संघले तय गरेको दीर्घकालिन लक्ष्य प्राप्तिका लागि मार्ग प्रशस्त भएको विचार प्रस्तुत गर्नुभयो ।

संघका अध्यक्ष परितोष पौड्यालले अभियानलाई गहन, सम्पन्न, बहुमुखी

कार्यक्रम सञ्चालन संघका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो भने साधारणसभामा महासचिव दामोदर अधिकारीले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन तथा आ.व. २०७७/०७८ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी कोषाध्यक्ष दिपक पनेरूले कोषाध्यक्षको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटाले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

साधारणसभामा शुभकामना मन्तव्य व्यक्त गर्दै राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेलले बचत ऋण सहकारी अभियानमा नेफ्स्कून शीर्ष संघ रहेको र अबको गन्तव्य दीगो, सुशासित र प्रविधिमैत्री साकोस निर्माणमा नेफ्स्कूनले उच्चस्तरको प्रविधि प्रयोगलाई भित्र्याउनुपर्नेमा जोड दिनुभयो । अवको मावन जीवनशैली र जीवनपद्धती वदलिदो परिवेशमा रहेको चर्चा गर्दै साकोस अभियानले पनि आफ्ना सदस्यहरूका सम्पूर्ण सेवालाई डिजिटाइज गर्नुपर्ने आवश्यकता औंल्याउँदै नेफ्स्कूनले आगाडि सारेको प्रविधि विकासको रणनीतिक योजनाप्रति ऐक्यवद्धता जाहेर गुर्नभयो ।

त्यसैगरी सहकारी विभागका उपरजिष्ट्रार चोमेन्द्र न्यौपाने, राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश पोखरेल, सहकारी विद् नवराज सिंखडा (पिएचडी), अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का नेपाल स्थित निर्देशक रिचर्ड हवार्ड, राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामहरी बजगाईं लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेफ्स्कूनले साधारणसभा कै अवसर पारेर आर्थिक वर्ष २०६६/०७७ मा नेपाल गुणस्तर कायम गर्न सफल साकोसहरूको प्रमाणिकरण समेत घोषणा गरेको थियो । नेपालको साकोस अभियानको छवि उच्च राख्दै नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितताका कार्यक्रम प्रोवेशन अन्तर्गत ब्राण्ड प्राप्त गर्न सफल ४० साकोसलाई ब्राण्ड प्रदान गरिएको थियो । ब्राण्ड घोषणा संघका उपाध्यक्ष शान्ति अधिकारीले गर्नुभएको थियो ।



नेफ्स्कूनले कार्तिक २३ देखि मंसिर ३ गतेसम्म सातै प्रदेशमा प्रदेशस्तरीय संघ संस्थाका प्रतिनिधिहरूको उत्साहपूर्ण सहभागिताका बीच प्रादेशिक विस्तारित मञ्चका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरी निर्णय एकीकरणको अन्तिम सभा सम्पन्न गरेको हो । कार्तिक २३ गते प्रदेश नं १ बाट सुरू भएको प्रादेशिक विस्तारित मञ्चका कार्यक्रमहरू कार्तिक २४ गते प्रदेश नं २, कार्तिक २५ गते बागमती प्रदेश, कार्तिक २६ गते गण्डकी प्रदेश, कार्तिक २७ गते लुम्बिनी प्रदेश, मंसिर २ गते कर्णाली प्रदेश हुँदै मंसिर ३ गते सुदुर पश्चिम प्रदेशबाट सम्पन्न गरेको थियो ।

कार्यक्रममा नेफ्स्कूनको ३३ औं स्थापना दिवसको अवसरमा उत्कृष्ट घोषित विभिन्न संघसंस्था तथा व्यक्तिहरू प्रादेशिक विस्तारित मञ्चको अवसरमा सम्मानित भएका थिए भने बाँकी संघसंस्था तथा व्यक्ति सम्मान पुरस्कार साधारणसभा समापनको अवसरमा प्रदान गरिएको थियो । पुरस्कृत संघसंस्था तथा व्यक्तिहरूमा : महिलाहरूद्वारा सञ्चालित सर्वोत्कृष्ट साकोस निलकण्ठ महिला साकोस-धादिङ, प्रदेश स्तरीय (वागमती प्रदेश) उत्कृष्ट साकोस ज्योति मिर्मिरे सामूहिक साकोस-काभ्रेपलाञ्चोक, उत्कृष्ट जिल्ला बचत संघ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काठमाडौं (कास्कून) लाई सम्मानित गरिएको थियो । त्यसैगरी संस्थापक अध्यक्ष सम्मान संघीय सांसद एवं नेफ्स्कूनका पूर्व महासचिव घनश्याम खतिवडा, अग्रज व्यक्तित्व सम्मान महिलातर्फ नेफ्स्कूनका निवर्तमान उपाध्यक्ष पावर्ती खाँड राई, पुरूषतर्फ नेफ्स्कूनका पूर्व सञ्चालक श्याम बहादुर श्रेष्ठ, विद्वता सम्मान सहकारीविद् नवराज सिंखडा (पि.एच.डि), राइफाईसन क्रेडिट यूनियन पुरस्कार अन्तर्राष्ट्रिय श्रम संगठनको नेपालस्थित कार्यालय-ललितपुर, नेपालको साकोस अभियानको तर्फबाट उत्कृष्ट व्यवस्थापक पुरस्कार मिलिजुली कालिञ्चोक साकोस दोलखाका व्यवस्थापक ईश्वर न्यौपाने, नेफ्स्कून पत्रकारिता पुरस्कार सहकारी खबर डट कमका सम्पादक काजी श्रेष्ठ, नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कार संघका अन्तरलगानी अधिकृत मनोज बुढाथोकी र उत्कृष्ट फिल्ड कार्यालय अन्तर्गत चावहिल फिल्ड कार्यालय सम्मानित भएका थिए ।



# ४० वटा साकोसको प्रोवेसन प्रमाणिकरण

बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको उत्कृष्ट वित्तीय सूचकांक र संस्थागत सुशासनका आधारमा दिइने नेपाल स्तरको गुणस्तर मापदण्ड प्रोवेसन ब्राण्ड प्राप्त गर्न देशभरबाट चालीसवटा साकोस सफल भएका छन् ।

नेफ्स्कूनद्वारा प्रबर्द्धित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम अन्तर्गत ५१ वटा सूचांकहरू मूल्यांकन गरेर गुणस्तर सुनिश्चितताको प्रोवेसन ब्राण्ड दिने गरेको छ ।

भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम, संस्थाको जगेडा कोष कूल पुँजीको ५ प्रतिशतभन्दा बढी भएको, व्यवस्थापन खर्च कूल आम्दानीको ५ प्रतिशतभन्दा बढी नगर्ने, कूल पुँजीको १० प्रतिशत तरलता अनिवार्य भएको, एक वर्षभन्दा बढी भाखा नाघेको ऋणलाई शतप्रतिशत डुबन्त कोषमा राखेको लगायत ५१ वटा सूचकहरू पालना गरेका उत्कृष्ट सहकारीहरू मात्रै यो ब्राण्डका लागि योग्य ठहरिन्छन् ।

'प्रोवेसन ब्राण्ड पाउन सहकारीको कारोवार सहितको प्रतिवेदन हरेक महिना नेफ्स्कूनमा पठाएको हुनुपर्छ, लगातार दुई महिना मासिक प्रतिवेदन नबुझाउने सहकारीहरू ब्राण्ड पाउने प्रतिस्पर्धामा योग्य हुँदैनन् । प्रोवेशन कार्यक्रममा सहभागी हरेक साकोसले हरेक वर्ष निर्धारित ५१ वटा सूचकहरूमा उत्तीर्ण भएमात्रै प्रोवेसन ब्राण्डको नवीकरण हुन्छ अन्यथा अघिल्लो वर्ष पाएको ब्राण्ड पनि खोसिन्छ ।'

**कुन कुन सहकारीले पाए ?**

प्रोवेसन ब्राण्ड पाउनेमा प्रदेशगत हिसाबले प्रदेश नं. ५ सबैभन्दा अगाडि छ । प्रदेश नं. ५ बाट मात्रै १६ साकोसले ब्राण्ड प्राप्त गरेका छन् ।

प्रोवेसन ब्राण्ड पाउने सहकारीहरूमा रूपन्देहीका कोलिय देवदह, जनउत्थान, नमुना महिला विकास र सामूहिक विकास नवलपरासी सुस्ता पूर्वबाट नवप्रगती पृथ्वी, परोपकार, नवलपरासी सुस्ता पश्चिमबाट लुम्बिनी, सयपत्री, हाम्रो सुपर साकोस छन् । यस्तै प्यूठानको फूलबारी, गुल्मीको लेकाली स्वावलम्वन, दाङको श्री महाप्रभु, हरियाली, बर्दियाको सिको, हाम्रो मध्यवर्ती राधाकृष्ण, कपिलवस्तुको सिनर्जी साकोस रहेका छन् ।

यस्तै मकवानपुरका जागरण, महिला अभियान, महिला जनचेतना, महिला मिलन, सक्रिय महिला, काठमाडौंको ऐंचो पैंचो र ज्ञानज्योति महिला, भक्तपुरको सामुहिक साकोस, दोलखाको एकीकृत फ्रेण्डसिप, जनमुखी र शिक्षक कल्याण, रामेछापको नवजागरण, सुर्खेतको गंगामाला स्वाबलम्बन विकास, मोरङको गछिया, लेटाङ र सुन्दरपुर, सल्यानको ग्रामिण, कास्कीको जनसेवा, गोरखाको भीमकुल र सप्तकोशी, चितवनको लोक कल्याणकारी, धादिङको स्रोत परिचालन, रौतहटको नवविकास र सुर्खेतको शिखर साकोसले ब्राण्ड प्राप्त गरेका छन् ।

नेफ्स्कूनले २०७७ मंसिर ५ गते संघको २९औं बार्षिक साधारणसभा कै अवसरमा ब्राण्ड घोषण गरी प्रमाणपत्र वितरण गरेको थियो । यो ब्राण्ड पाउन पुँजीको आधारमा वर्ष दिनमा ५ करोडसम्म कारोवार गर्ने साकोसले ७५ हजार, ५ करोडदेखि १० करोड कारोवार गर्नेले एक लाख र १० करोड माथि पुँजी भएको सहकारीले एक लाख ५० हजार शुल्क बुझाउनुपर्ने नियम छ ।

**प्रोवेसन ब्राण्ड के हो ?**

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन) साकोसहरूको गुणात्मक वृद्धिका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) ले विकास गरेको राष्ट्रिय स्तरीकरण कार्यक्रम हो । नेफ्स्कूनले आफ्नो २५औं स्थापना दिवस एवं २१ औं वार्षिक साधारण सभाबाट आफ्ना साकोसहरू लक्षित राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम पारित गरी लागु गरेको हो । यसले साकोसहरूको वित्तीय अवस्था मापन एवं सुनिश्चितताको लागि विशेषत: दुईवटा क्षेत्र र तिनको परीक्षणका लागि दुईवटा औजार 'पर्ल्स' र 'हिमाल' प्रयोग गर्दछ ।

वित्तीय क्षेत्र मापनमा पर्ल्स र व्यवस्थापकीय कुशलतामा हिमाल विश्लेषण प्रणाली प्रयोग गरिन्छ । पर्ल्समा हाल रहेका ५० मध्ये १५ वटा आधारभूत सूचक र हिमालका ३५ सूचकको आधारमा मापन र सुधारका प्रयासहरू गरिन्छ । शुरूमा १८ महिनाको कार्यक्रम संस्थाको आवश्यकता र क्षमताको आधारमा बढाउन सकिनेछ । साकोसहरू प्रोवेसन कार्यक्रममा सीधै सहभागी हुन पाउनेछन् ।

२०७७ मंसिर मसान्तसम्म कुल २ सय ११ बचत तथा ऋण सहकारी संस्थाहरू प्रोवेसन कार्यक्रममा सहभागी भएका छन् । गत आ.व. २०७६ ०७७ का सहभागी मध्येबाट ४० वटा साकोसले प्रोवेसन ब्राण्ड प्राप्त गरेका हुन् ।

# सहकारी अभियानको जगेडा कोष : स्थिरीकरण कोष



**परितोष पौड्याल**

अध्यक्ष
नेफ्स्कून

> स्थिरीकरण कोषले संस्थाको क्षमता विकास र सुशासन मार्फत सदस्य संस्थाहरुको आन्तरिक नियन्त्रण प्रणालीका लागि आवधिक अनिवार्य अनुगमनलाई मजबुत वनाउनु पर्दछ ।

वित्तीय कारोवार गर्ने सहकारीहरूमा स्वाभाविक रूपमा जोखिमको मात्रा बढी हुन्छ । स्थिरीकरण कोष वित्तीय सहकारी अभियानलाई स्थायित्व र सुरक्षा प्रदान गरी संस्थालाई जोखिममुक्त, विश्वसनीय, दिगो र भरपर्दो बनाउने सहकारी अभियानको जगेडा कोष हो । वित्तीय सहकारीका चार सिद्धान्त मध्ये सुरक्षा र प्रभावकारीताको सिद्धान्तको जगमा कोषको विश्वव्यापी परिकल्पना गरिन्छ । संस्थाको सुरक्षा र प्रभावकारीताको लागि विश्व सहकारी आन्दोलनमा वित्तीय क्षेत्रको दुई आधारहरू सहकारी संस्थाहरूमा स्तरिकरण कार्यक्रम र अभियानको स्थिरीकरण कोषलाई परिभाषित गरिएको छ । स्तरिकरण र स्थिरीकरण विश्व सहकारी आन्दोलनको नविन सोचको रूपमा विकास भइरहेका छन् । वित्तीय सहकारीहरूको स्थापना र यसको प्रभावकारी परिचालनको माध्यमबाट वित्तीय सुरक्षा प्रदान गरी बचत तथा ऋण सहकारी संस्थाहरूलाई सबल र सुदृढ स्थायित्व कायम गर्दै अभियानमा आवद्ध संस्थाहरूको छवि उच्च राख्नु स्थिरीकरण कोषको प्रमुख भूमिका हो । साकोस अभियान प्रति जनविश्वास वढाई सदस्यहरूको वचतको सुरक्षा र वचत फिर्ताको सुनिश्चिता प्रदान गर्न आधुनिक व्यवस्थापनका औजारहरूवाट साकोस व्यवस्थापनलाई सुरक्षित र भरपर्दो बनाई साकोसमा वित्तीय संकट (Financial Crisis) आउन नदिन, आएमा सुरक्षा प्रदान गर्न कोषले कार्य सञ्चालन गर्नु पर्दछ । कोषले साकोसका सम्भावित जोखिम व्यवस्थापन गर्ने उत्कृष्ट प्रविधि हस्तान्तरण गरी वित्तीय संकटको समयमा अल्पकालीन सापटी सहयोग प्रदान गरी साकोसहरूलाई टाट पल्टनबाट जोगाउनु पर्दछ । स्थिरीकरण कोषले संस्थाको क्षमता विकास र सुशासन मार्फत सदस्य संस्थाहरूको आन्तरिक नियन्त्रण प्रणाली लागि आवधिक अनिवार्य अनुगमनलाई मजबुत वनाउनु पर्दछ । अभियानले संस्थाहरूको आपसी सहयोग, स्वशासन, स्वउत्तरदायित्वको आधारमा वित्तीय सहकारी अभियानको सुरक्षाको प्रत्याभूति र विश्वास सिर्जना गर्नु पर्दछ । कोषले अन्तरसम्बन्धित र सञ्जालिकृत सहकारी अभियान स्थापित गरी सबै किसिमका दुर्घटनाबाट वित्तीय प्रणालीको आधारभूत चारवटा पक्षहरू : बचाउ, संरक्षण, विकास र व्यवस्थापनको उत्तरदायित्व लिने विषय विद्यमान कानुनी संहिताले परिभाषित गरेको छ । स्थिरीकरण कोषलाई सहकारी अभियानको स्थायित्वका लागि विश्वासिलो सुरक्षा कवच एवं संस्थाको वित्तीय स्वास्थ्य र साख सिर्जनाको लागि



| | |
|---|---|
| बचाउ | तरलता कायम राख्न र आवद्ध समस्याग्रस्त सहकारीको बचाउको लागि सापटी दिन |
| संरक्षण | समस्याग्रस्त भएको अवस्थामा गठन भएको व्यवस्थापन समितिको खर्च व्यहोर्न |
| विकास | महासंघले जिम्मेवारी लिएमा दायित्व भुक्तान र पुनः सञ्चालनमा उपयोग गर्न |
| व्यवस्थापन | सञ्चालन समितिको खर्च व्यहोर्न र तोकिए बमोजिम अन्य कार्यमा उपयोग गर्न |

भरपर्दो आधार मानिन्छ । यो वित्तीय सहकारी अधियानको नयाँ आयाम हो यसलाई समग्र अभियानको जगेडा कोष समेत भन्ने गरिएको छ । अन्तर्राष्ट्रिय रूपमा विगत लामो समयदेखि यस प्रकृतिका कोष खडा गरी सहकारी अभियानलाई सुरक्षाको प्रत्याभूति दिने प्रयास भएकोमा नेपालमा स्थिरीकरण कोषको विषयमा विषयले कानुनी संहितामा संवोधन हुने गरी सहकारी ऐन, २०७४ पश्चात स्थान पायो । पछिल्ला दिनमा अमेरिकामा स्थिरीकरण कोषलाई बीमा प्रणालीमा आवद्ध गरिएको छ, जुन योगदानमा आधारित हुन्छ । सहकारी संस्थामा उत्पन्न हुन सक्ने संकटमा वित्तीय सहयोग जुटाई सम्भावित जोखिमबाट जोगाउन सवल संस्थाहरू एकआपसमा मिली कोष स्थापना गर्ने सम्बन्धमा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ ले कानुनी व्यवस्था गरेको छ । साथै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ । यस व्यवस्थाबाट सहकारी संस्थाहरूको स्थायित्व र सुरक्षामा सामुहिक ऐक्यवद्धतामा एक वा केही संस्थालाई टाट उल्टनबाट जोगाउन सकिन्छ । यसले हामी सामुहिक रूपमा मिलेर सहकारी पद्धतीको संरक्षण गर्न सक्दछौ भन्ने भावको विकास गर्न सक्दछ ।

विपद र जोखिम पुर्वनिधारित नभई आकस्मिक परिघटना हुन् । वित्तीय कारोवार आफैमा जोखिममा आधारित हुन्छ, संस्थामा हरबखत खतराको घण्टी भुण्डिरहेको हुन्छ । वित्तीय सूचकहरू सकारात्मक रहेको संस्थामा पनि आकस्मिक रूपमा विपद र संकट आइपर्न सक्दछ । विभिन्न प्राकृतिक तथा दैवी विपत्ति, महामारी, दुर्घटना एवं राजनीतिक परिवर्तन जस्ता आकस्मिक परिघटनाहरू र संस्थाको आन्तरिक व्यवस्थापन र वित्तीय कारोवारमा हुने असन्तुलन एवं अनियमितताका कारण संस्थामा घडी पला नहेरी हठात वित्तीय समस्या सिर्जना हुन सक्दछ । संस्थाको विनियम तथा नीतिगत व्यवस्था बमोजिम सदस्यहरूको बचत रकम फिर्ता गर्न, संस्थाको गतिविधि सञ्चालन गर्न र सदस्यलाई ऋण सापटी प्रदान गर्न कुनै संस्था असमर्थ भयो भने त्यसलाई संस्थामा वित्तीय संकट उत्पन्न भएको मान्न सकिन्छ ।यस्तो अवस्थाबाट संस्थालाई जोगाउनका लागि स्थिरीकरण कोषको आवश्यकता छ ।

**सहकारी ऐन नियममा भएको व्यवस्था**

सहकारी ऐन, २०७४ को दफा १०३ ले स्थिरीकरण कोष सम्बन्धी व्यवस्था गरेको छ । यो दफाले कोषमा योगदान गर्न सक्ने निकायहरूको उल्लेख गरेको छ । कोषको उपयोग तरलता व्यवस्थापन लगायत व्यवस्थापन समितिको खर्च व्यहोर्न, समस्याग्रस्त सहकारीको दायित्व भुक्तान गर्न र स्थिरीकरण कोष सञ्चालक समितिको खर्च व्यहोर्न प्रयोग गरिने प्रावधान छ । कोषमा योगदान गर्ने सहकारीको अनिवार्य सुपरीवेक्षण गर्न पर्ने व्यवस्था पनि गरिएको छैन । स्तरिकरण कार्यक्रम र स्थिरीकरण कोष आपसमा अभियानका दुई पाटा हुन । यी मध्ये एउटाको भूमिकाको न्यूनतामा अर्कोको प्रभावकारीता स्थापित हुँदैन । स्तरिकरण भावनाको विषय होइन सुचांकबाट देखिने र व्यवहारमा प्रतिविम्वित हुने विषय हुन । अभियानको योगदान भएको कोष भएकाले वित्तीय सहकारीको अभिन्न अंग हुनु पर्दछ यसको सञ्चालनको उत्तरदायित्व पनि वित्तीय सहकारीको केन्द्रिय संघले नै लिने विश्व परम्परा छ । कोषमा संस्थाहरूको आवद्धता, योगदान र स्थानको अभियानको सञ्चालन प्रणालीमा नीतिगत अन्यौल देखिएको उल्लेखित प्रावधान संशोधन गर्न आवश्यक छ । कोष सञ्चालक समितिको गठन र कोषमा योगदान सम्बन्धी व्यवस्थालाई थप प्रष्ट र सहज बनाउन आवश्यक छ । ऐनको

दफा १०३ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम यो कोषको सञ्चालक समितिमा राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, नेपाल राष्ट्र बैंक, मन्त्रालय, अर्थ मन्त्रालय र सहकारी विभागको प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ । विशुद्ध रूपमा सहकारीको योगदान रहने गरी यो कोषको सञ्चालनमा पनि सहकारी संस्थाहरूको व्यवस्थापनमा लोकतान्त्रिक प्रतिनीधित्वको आधारमा स्वामित्व र नियन्त्रण आवश्यक छ । वित्तीय सहकारी अभियान आफैमा जोखिममा रहने व्यवसाय हो । स्थिरीकरण कोषको सुरक्षा कवज भित्र वित्तीय कारोवार गर्ने

# स्थिरीकरण कोषको प्रथम वार्षिक परामर्श बैठक




सहकारी अभियानका शीर्षस्थ व्यक्तित्वहरू एवं सरोकारवालाहरूले बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा ऐक्यवद्धता जाहेर गर्दै यसका लागि हरसम्भव सहयोगको प्रतिवद्धता व्यक्त गर्नुभएको छ । पौष २९ गते सम्पन्न बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको प्रथम वार्षिक परामर्श बैठकमा ऐक्यबद्धता सहित धारणा राख्नुहुनेहरूले बचत तथा ऋण सहकारीहरूको जगेडा कोषको रूपमा रहने स्थिरीकरण कोषको आवश्यकता र औचित्यको बहसको अब कुनै तुक नहुने बरू यसमा अभियान र सरकारको सहयोग र सहकार्यमार्फत अघि बढ्नुको विकल्प नभएको स्पष्ट पार्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री एवं राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष केशब प्रसाद बडालले कोषलाई अपुग रकम उपलब्ध गराउन सरकारले ढिलाइ गर्न नहुने बताउनुभयो । उहाँले बचत तथा ऋण सहकारीहरूलाई सम्भावित जोखिमबाट बचाउन कोषको भूमिका हुने र सहकारी ऐन र नियमावलीमा समेत सम्बोधन भएकाले अब द्रुत गतिमा अघि बढाउनुपर्ने बताउनुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले कोष सञ्चालनका लागि कानुनी गाँठाहरू फुकाउने प्रयास जारी रहेको भन्दै महासंघको पूर्ण ऐक्यवद्धताको जानकारी गराउनुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सह अध्यक्ष दक्ष पौडेलले पनि कोषप्रति ऐक्यबद्धता जाहेर गर्नुभयो । नेफ्स्कूनका निवर्तमान अध्यक्ष एवं राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य डीबी बस्नेतले कोषलाई अघि बढाउन जस्तो सुकै सहयोग गर्न आफु, आफ्नो जिल्लाका बचत तथा ऋण सहकारीहरू र महासंघ र सबै बचत तथा ऋण सहकारीहरूलाई आग्रह गर्नुभयो । त्यस्तै, नेफ्स्कूनका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले कोषको अवधारणा विकास क्रमको इतिहास स्मरण गर्दै अन्तर्राष्ट्रिय अभ्यास अनुसार नेपालमा पनि यसको पहलकद्मी गरिएको बताउनुभयो । अभियानलाई विश्वासमा लिएर सबैको सहभागितामा कोषलाई अघि बढाउनुपर्ने भन्दै उहाँले सरकारलाई घच्घच्याउने काममा अभियान निरन्तर लागिपर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कोष सञ्चालन समितिका अध्यक्ष एवं नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कोषको हालसम्मको गतिविधिहरू समेटेर प्रतिवेदन पेश गर्दै बचत तथा ऋण सहकारी अभियानको जगेडा कोषको रूपमा स्थिरीकरण कोष रहेको र यसलाई कानुनी अड्चनका बीच अघि बढाउन नेफ्स्कून र अभियान प्रतिवद्ध रहेको धारणा राख्नुभयो । यसैगरी, नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष एवं प्रबक्ता चन्द्र प्रसाद ढकालले शुभकामना व्यक्त गर्दै कोषलाई अघि बढाउने विषयमा नेफ्स्कून प्रतिबद्ध भएको उल्लेख गर्दै सबै वित्तीय सहकारीहरूलाई यसमा योगदानका लागि आग्रह गर्नुभयो । स्थिरीकरण कोषभित्र सबैलाई गोलवद्ध हुन उहाँले आग्रह गर्नुभयो । यसअघि, बैठकको स्वागत गर्दै कोष सञ्चालन समिति सदस्य रहनुभएका नेपाल राष्ट्र बैंकका उपनिर्देशक रामकाजी खाईजुले कोषलाई अभियानमैत्री र सहभागितामूलक बनाउने तर्फ काम भैरहेको जानकारी गराउनुभयो । कार्यक्रम सञ्चालन कोष सञ्चालन समितिका सदस्य सचिव एवं नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले गर्नुभएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरू, सञ्चालक सदस्यहरू यज्ञ प्रसाद ढकाल, रिना आचार्य, न्हुछे नारायण श्रेष्ठसँगै कोष सञ्चालन समितिका सदस्यहरू भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव ऋषिराम पंगेनी, अर्थ मन्त्रालयका उपसचिव गोविन्द प्रसाद सुवेदी, नेपाल राष्ट्र बैंकका उप निर्देशक रामकाजी खाईजु, राष्ट्रिय सहकारी विकास बोर्डका उप निर्देशक अनिलराज पौडेल, राष्ट्रिय सहकारी महासंघ नेपालका महाप्रबन्धक चित्राकुमारी थामसुहाङ, राष्ट्रिय सहकारी बैंकका सञ्चालक ज्ञानबहादुर तामाङ लगायत कोषमा योगदान गर्ने बचत तथा ऋण सहकारी संघ संस्थाका प्रतिनिधिहरू, नेफ्स्कून उच्च व्यवस्थापन तथा सञ्चारकर्मीरूको उल्लेख्य उपस्थिति रहेको थियो ।



वित्तीय संस्थाहरू अनिवार्य रहनु पर्ने हुनु पर्दछ । नेपालको कानुनी संहिताले संस्थाहरूलाई कोषमा सहभागिताको लागि आवश्यक योग्यता निर्धारण गरेको छ ।

- कम्तीमा दुई आर्थिक वर्ष कार्य सञ्चालन गरी वार्षिक लेखापरिक्षण सम्पन्न गराएको,
- तोकिएको समयभित्रै अघिल्ला दुई वर्षको वार्षिक साधारण सभाका बैठक सम्पन्न गरेको,
- कर्जा वर्गीकरण गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गरेको,
- कुल सम्पत्तिको न्यूनतम पाँच प्रतिशत संस्थागत पुँजी रहेको,
- अघिल्ला दुई आर्थिक वर्षहरूमा घाटामा नगएको तथा सञ्चित घाटा नभएको,
- मन्त्रालयबाट स्वीकृत एकीकृत मानदण्ड अनुसार उच्च जोखिममा नरहेको,
- निवेदन दिँदाका बखत नियामक निकायको निगरानी सूचीमा नपरेको वा शीघ्र सुधार कारवाहीमा सूचीकृत नभएको,
- विभागले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भएको,
- कोष सञ्चालन समितिले दुई दशमलव पाँच प्रतिशत भन्दामाथि संस्थागत पुँजी भएका संस्थालाई समेत तीन वर्षभित्र पाँच प्रतिशत संस्थागत पुँजी पुर्‍याउने शर्तमा सदस्यता दिन सक्ने ।

सहकारी ऐनकै परिपुरकका रूपमा सहकारी नियमावली आएको छ । जस अनुरूप रू. १० करोडको कोष बनाएर यसलाई कार्यान्वयनमा लैजाने व्यवस्था भएको छ । यसमा आवद्धता स्वेच्छिक छोडिएको छ । ऐन नियममा भएको व्यवस्था कार्यान्वयनमा ल्याउने विषय कम चुनौतिपूर्ण छैन । विश्व अभ्यास भन्दा बेग्लै ढंगले कोषको परिकल्पना गरिएकोले कार्यान्वयनमा जटिलताका आजको चुनौतिपूर्ण विषयहरू हुन । विघटन पूर्वको तरलता व्यवस्थापन तथा विघटन पछिको सबै दायित्व भुक्तान गर्ने कानुनी व्यवस्था रहेकोले कार्यान्वयनमा ल्याउन सकियो भने बचत कर्ताहरू पूर्ण रूपले जोखिमबाट मुक्त हुनेछन् । अभियानमा विश्वास सिर्जना हुनेछ । अन्यौलता र खडा गर्न ढिलाई गरियो वा बचत तथा ऋणको कारोवार गर्ने सबै सहकारीहरू सहभागी भएनन् भने यो व्यवस्थाको औचित्य पुष्टी हुन सक्ने छैन । कोषमा पर्याप्त रकमको जोहो तथा जोखिम नियन्त्रणका लागि प्रभावकारी नियमनको प्रबन्ध पनि ठूलो चुनौतिको रूपमा रहेको छ । प्रस्तुत कोषलाई सञ्चालन गर्न उल्लेखित कोषहरूको प्रवन्ध गरिएको छ ।

(क) सहभागी संस्थाहरूले प्रारम्भिक योगदान वापत जम्मा गरेको रकम,

(ख) कोषमा सहभागी संस्थाहरूबाट वार्षिक योगदान वापत प्राप्त हुने रकम,

(ग) सहकारी संस्था र निकायको योगदान वापत प्राप्त हुने रकम,

(घ) नेपाल सरकारले मन्त्रालयमार्फत उपलब्ध गराउने रकम,

(ङ) कोषको सापटी शुल्क, बैंक खाताको ब्याजलगायतको आम्दानीको रकम,

(च) कोषको सापटी फिर्ता वा खर्च शोधभर्ना वापत प्राप्त हुने रकम र

(छ) कोष परिचालनका क्रममा प्राप्त हुने अन्य कुनै रकम ।

### कोषको उपयोग तथा परिचालन

कोषको रकम उपयोग गर्दा न्यूनतम मौज्दात रकम (दश करोड रूपैयाँ) कोषमा कायम राख्ने गरी छ महिनाभित्र थप योगदान जुटाएर मात्र उपयोग गर्नुपर्ने व्यवस्था छ । कोषको प्रयोजनका अतिरिक्त स्थिरीकरण कोषको रकममध्येबाट कोषको आम्दानीको निश्चित प्रतिशत ननाघ्ने गरी कोष सञ्चालन समितिले तोकिदिएको सीमासम्म कोषको व्यवस्थापन खर्चको लागि उपयोग गर्न सकिनेछ । समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन समितिको खर्च र

त्यस्तो संस्थाको संचालनको जिम्मेवारी महासंघले लिएको अवस्थामा संस्थाको दायित्व भुक्तानीमा कोषको रकम खर्च भएकोमा सम्बन्धित संस्थाको सम्पत्तिबाट दायित्व भुक्तानी गरेपछि बचत भएमा वा त्यस्ता संस्था पुनः सञ्चालनमा आएपछि फिर्ता गर्न सक्ने अवस्था भएमा कोष सञ्चालन कार्यविधिमा व्यवस्था भएबमोजिम कोषमा फिर्ता गर्नुपर्नेछ । कोषको रकम मुख्यतयाः देहायबमोजिम उपयोग तथा परिचालन गर्ने व्यवस्था गरिएको छः

**१. तरलता सापटी**

सहभागी संस्थाको तरलता कायम राख्न सम्बन्धित सहभागी संस्थाको योगदानको दश गुणा वा कोषको जम्मा स्रोतको दश प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको बीस प्रतिशत वा निर्धारित सापटी आवश्यकताको १०० प्रतिशत रकमको सीमामा जुन घटी हुन्छ सोसम्म कोषबाट सापटी दिन सकिने ।तरलता सापटी सहभागी संस्थाको नगद प्रवाहअनुसार छ महिनासम्मको लागि हुने तर, कोष सञ्चालन समितिले आवश्यक देखेमा तरलता सापटीको अवधि अर्को तीन महिनासम्म थप गर्न सक्नेछ ।

**२. दायित्व भुक्तानी सापटी**

राष्ट्रिय सहकारी महासंघले सहकारी ऐन, २०७४ बमोजिम व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा महासंघलाई कोषबाट त्यस्तो सहभागी संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउने प्रयोजनका लागि सम्बन्धित सहभागी संस्थाको योगदानको बीस गुणा वा कोषको जम्मा स्रोतको बीस प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको चालीस प्रतिशत वा निर्धारित सापटी आवश्यकताको एकसय प्रतिशतको सीमामा जुन घटी हुन्छ सो सम्म सापटी दिन सकिने व्यवस्था छ । दायित्व भुक्तानी सापटीको अवधि सहभागी संस्थाको दायित्वको प्रकृति अनुसार चार वर्षसम्मको हुने तर, कोष सञ्चालन समितिले आवश्यक देखेमा दायित्व भुक्तानी सापटीको अवधि अर्को दुई वर्षसम्म थप गरिदिन सक्ने ।संस्थाको दायित्व भुक्तानी गरी पुनः सञ्चालनमा ल्याउनको लागि महासंघले केन्द्रीय विषयगत संघको सहयोग लिन सक्नेछ । महासंघले दायित्व भुक्तानी सापटीको अवधिभित्र कोष सञ्चालन समितिले स्वीकृत गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन प्रस्तावमा निर्धारण गरिएबमोजिम दायित्व भुक्तानी सापटी फिर्ता गर्नुपर्नेछ । यसरी कोषमा फिर्ता गर्नुपर्ने रकम महासंघले समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण रकम सहभागी संस्थाको जायजेथाबाट शोधभर्ना गर्नु पर्नेछ ।

**३. पुनर्सञ्चालन खर्च सापटी**

सहभागी संस्था समस्याग्रस्त भएको खण्डमा व्यवस्थापन समितिको खर्च व्यहोर्न व्यवस्थापन समितिलाई वा राष्ट्रिय सहकारी महासंघले व्यवस्थापन समितिबाट समस्याग्रस्त सहभागी संस्थाको सञ्चालनको जिम्मेवारी लिएमा त्यस्तो संस्थाको दायित्व भुक्तानी गरी पुनर्सञ्चालनमा ल्याउने सिलसिलामा लाग्ने प्रशासनिक खर्चबापत महासंघलाई कोषबाट सम्बन्धित सहभागी संस्थाको योगदानको दुई गुणा वा कोषको जम्मा स्रोतको दुई प्रतिशत वा कोषमा तत्काल मौज्दात रहेको अप्रतिवद्ध रकमको चार प्रतिशत वा निर्धारित पुनर्सञ्चालन खर्च आवश्यकताको असी प्रतिशतको सीमामा जुन घटी हुन्छ सो सम्म रकम सापटी दिन सक्ने व्यवस्था गरिएको छ । पुनर्सञ्चालन खर्च सापटी कोष सञ्चालन समितिले स्वीकृत गरेको अवधिभित्र व्यवस्थापन समितिले पेस गरेको समस्याग्रस्त सहभागी संस्थाको व्यवस्थापन प्रस्ताव वा महासंघले पेस गरेको दायित्व भुक्तानी तथा पुनर्सञ्चालन कार्ययोजना सहितको प्रस्तावमा निर्धारण गरिएबमोजिम व्यवस्थापन समिति वा महासंघको तर्फबाट शोधभर्ना गर्नुपर्नेछ । यसरी कोषमा फिर्ता गर्नुपर्ने रकम व्यवस्थापन समिति वा महासंघले समस्याग्रस्त सहभागी संस्थाको दायित्व भुक्तानी गरेपछि बचेको रकमले भ्याएसम्म सापटीको सम्पूर्ण रकम सहभागी संस्थाको जायजेथाबाट शोधभर्ना गर्नु पर्नेछ ।

कोषबाट प्रदान गरिएको दायित्व भुक्तानी सापटी वा पुनर्सञ्चालन खर्च सापटी वा सेवा शुल्कको रकम फिर्ता हुन सक्ने अवस्था नरहेको खण्डमा कोष सञ्चालन समितिले मिन्हा दिन सक्नेछ । तर त्यसरी मिन्हा दिनु अघि त्यस्तो सापटी वा सेवा शुल्कको रकम फिर्ता, शोधभर्ना वा प्राप्त हुन सक्ने अवस्था रहे, नरहेको भन्ने सम्बन्धमा यकिन गर्न उपसमिति गठन गरी सो उपसमितिबाट आधार प्रमाण सहितको प्रतिवेदन लिनुपर्नेछ ।

**४. कार्यसञ्चालन तथा व्यवस्थापन खर्च**

कोषको कार्यालय केन्द्रीय विषयगत संघ (नेफस्कून) मा रहने, कोष सञ्चालन समितिले कोषको कार्यसञ्चालनका लागि कोष प्रमुख र आवश्यक अन्य कर्मचारीको नियुक्ति गर्न सक्ने, यसरी नियुक्ति नभएसम्म नेफस्कूनको कार्यकारी प्रमुखले नै कोष प्रमुखको रूपमा कार्य गर्नेछ र कोषलाई आवश्यक अन्य कर्मचारीसमेत नेफस्कूनले नै व्यवस्था गर्नु पर्नेछ । कोषको आम्दानी नभएसम्म कोष सञ्चालन समितिको खर्चलगायत कोष सञ्चालन खर्च केन्द्रीय विषयगत संघले बेहोर्ने र यसरी भएको खर्चमध्ये सो संघको वार्षिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा कोष सञ्चालन समितिले प्रमाणित गरेसम्मको खर्च कोषको आम्दानीबाट तोकिएको सीमाको रकमबाट शोधभर्ना दिन सकिने व्यवस्था छ ।

**५. कोषको रकमबाट नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको धितोपत्र खरिद गर्न सकिने**

सहभागी संस्थाको सापटी मागको क्रम हेरी कोषको तरलता बढी रहेको, कोषमा न्यूनतम मौज्दात (दश करोड रूपैयाँ) कायम रहेको र नेपाल सरकारलाई रकम फिर्ता गर्न बाँकी नभएको अवस्थामा कोष सञ्चालन समितिले निर्णय गरेको अनुपात ननाघ्ने गरी कोषको रकमबाट नेपाल सरकारको बचतपत्र, विकास ऋणपत्र वा नेपाल राष्ट्र बैंकको ट्रेजरी बिल लगायतको धितोपत्र खरिद गर्न सकिने छ ।

❑ ❑ ❑

# स्थिरीकरण कोष साकोस अभियानको अभिन्न अंग



नेफ्स्कूनले अन्तर्राष्ट्रिय श्रम संगठन नेपालको वित्तीय सहयोगमा स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि र कार्यान्वयन रणनीति २०७७ विषयक कार्यशाला गोष्ठी पुस १४ गते काठमाडौंमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कडेलले सहकारी ऐन, २०७४ को दफा १०३ मा व्यवस्था गरिएको स्थिरीकरण कोष कुनै स्वतन्त्र इकाई नभई नेफ्स्कूनकै अभिन्न अंग भएको बताउँदै सोही अनुसार ऐन संशोधन हुनुपर्ने माग गर्नुभएको थियो । नेफ्स्कूनकै अभिन्न अंग हुनुपर्ने स्थिरीकरण कोष सहकारी ऐनमा भने छुट्टै स्वतन्त्र इकाईको रूपमा समावेश गरिएको भन्दै असन्तुष्टि जनाउनुभयो ।

उहाँले बचत तथा ऋण सहकारी संस्थाहरूका लागि सहकारी ऐन, २०७४ मा व्यवस्था गरिएको स्थिरीकरण कोषमा सबै वित्तीय सहकारीहरूको अनिवार्य सहभागिता आवश्यक गरिनुपर्ने बताउनुभएको छ । "कोषलाई ऐच्छिक नभई अनिवार्य बनाइनुपर्छ जसले सुरक्षाकवचको काम गर्दछ", अध्यक्ष कडेलले भन्नुभयो, "ऐनमा स्थिरीकरण कोष त आयो तर हामीले भनेको जस्तो आएन, नेफ्स्कूनकै अंगको रूपमा आउनुपर्ने तर छुट्टै स्वतन्त्र इकाईको रूपमा आएको छ जुन सही होइन ।"

सोही कार्यक्रमका अवसरमा नेफ्स्कूनले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) नेपालको सहयोगमा सहकारी ऐनमा समावेश विष्टिकृत सहकारी संघ, कर्जा असुली न्यायाधिकरण, सहकारी ऐन संशोधन, स्थिरीकरण कोष कार्यान्वयन रणनीति, कर्जा सूचना केन्द्र र अन्तर सहकारी कारोबार मस्यौदा कार्यविधि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय समक्ष बुझाएको थियो । नेफ्स्कूनले यी विषयमा देशव्यापी रूपमा सरोकारवाला निकायहरूसँग गहन परामर्श र सुझावहरू संकलन गरी मस्यौदा कार्यविधि निर्माण गरेको जनाएको छ ।

कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले सहकारी ऐनमा सोचेअनुरूप कोष सञ्चालनको व्यवस्था नगरिएपनि यसका अफ्ठ्याराहरूलाई चिर्दै अघि बढ्नुको विकल्प नरहेको बताउनुभयो । उहाँले स्थिरीकरण कोष र स्तरीकरण मार्फत नेफ्स्कूनले आफ्ना सदस्यहरूलाई स्थायित्व र संरक्षणको प्रत्याभूति दिन लागिपरेको दावी गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले कोषका सम्बन्धमा केही अष्पष्टता रहेको बताउँदै नेफ्स्कूनले त्यसलाई चिर्दै जाने र समयक्रममा यो कार्यान्वयनमा आइसकेपछि समाधानको उपायहरू अवलम्बन गरिदै जाने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव टेकनारायण पाण्डे र मन्त्रालयकै प्रतिनिधि अनन्त वस्नेतले कोष सञ्चालनका सम्बन्धमा नेफ्स्कूनले गरेको प्रयासको प्रशंसा गर्दै आफुले मन्त्रालयका तर्फबाट गर्नुपर्ने प्रयासमा कुनै कमी हुन नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो । आफु नयाँ भएकाले यस विषयमा भैरहेका पछिल्ला प्रयासका बारेमा मन्त्रालयमा बुझेर थप आवश्यक पहल गर्नेमा आश्वस्त पार्नुभयो ।

नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले कोषका सम्बन्धमा हालसम्मको अवस्था सम्बन्धी प्रतिवदेन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमा नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, सञ्चालक मन्दरा मिश्र, न्हुच्छे नारायण श्रेष्ठ लगायत राष्ट्र बैंकका प्रतिनिधि एवं विभिन्न साकोसका प्रतिनिधिहरूको उपस्थिति थियो । स्थिरीकरण कोष सञ्चालन प्रक्रिया, सदस्य संघसंस्थाहरूको योगदान लगायतका विषयमा सहभागीहरूबाट उठेको जिज्ञासाको सम्बोधन विषयविज्ञ शिव अधिकारीले गर्नुभएको थियो ।

# उद्यमशीलता विकासको राष्ट्रिय अभियानमा सहकार्य गर्न ५ निकाय सहमत

उद्यमशीलता विकासको दीर्घकालीन रणनीतिक मार्गचित्र सहित अघि बढ्ने विषयमा नेफ्स्कून, राष्ट्रिय युवा परिषद्, अन्तर्राष्ट्रिय श्रम संगठन नेपाल, गरिबी निवारण कोष र सीटीइभीटीबीच सैद्धान्तिक सहमति भएको छ । यो अभियनलाई सरकार, नेपाल राष्ट्र बैंक लगायतले पनि सहयोगको प्रतिवद्धता व्यक्त गरेका छन् । खासगरी कोभिड प्रभावित अवस्थामा मुलुकको आर्थिक समृद्धिको एकमात्र आधार उद्यमशीलता भएकाले राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदारीमा सहकार्यमार्फत मुलुकको समृद्धिको यात्रा तय गर्ने विषयमा प्रतिष्ठित निकायहरूबीच सहमतिको खाका तयार भएको हो ।

"समृद्धिको यात्राको मार्गचित्र उद्यमशीलता मार्फत सम्भव भएकाले यसतर्फ चालिने कुनै पनि कदममा सरकार सहयात्री बन्न तयार छ" भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले भन्नुभयो, "राष्ट्रिय युवा परिषद्, नेफ्स्कून र आइएलोले यस दिशामा चालेको कदम प्रशंसनीय छ ।" युवा लक्षित उद्यमशीलता विकासको राष्ट्रिय अयिभानको सुरूवाती कार्यक्रममा रूपमा नेपालमा पहिलो पल्ट आयोजना गरिएको १० दिने "उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण (एसवाइबी जीवाइबी टट) कार्यक्रमको समापन समारोहका प्रमुख अतिथि मन्त्री अर्यालले सहकारीलाई उत्पादनमा जोड्ने विषय आफुले धेरै पहिलादेखि जोड दिँदै आएको दोहोर्याउनुभयो । भर्चुअल माध्यमबाट जोडिनुभएकी मन्त्री अर्यालले भन्नुभयो, "नेफ्स्कून, युवा परिषद्, आइएलओ नेपाल, सीटीइभीटी र गरिबी निवारण कोष बीचको रणनीतिक मार्गचित्र कोशेढुङ्गो सावित हुने विश्वास गर्दछु ।"



भर्चुअल माध्यमबाटै जोडिनुभएका नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले उद्यमशीलता विकासका लागि सहुलितयपूर्ण कर्जा उपलब्ध गराउने तथा सामाजिक उत्तरदायित्व अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूले छुट्टाएको रकमको केही अंश यो अभियानमा सहयोग गर्ने विषयमा आफु सकारात्मक रहेका धारणा राख्नुभयो । कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले उद्यमशीलता विकासमार्फत मुलुकको आर्थिक समृद्धि हासिल गर्ने बृहत् अभियानमा ५ ठूला निकायबीचको रणनीतिक सहमतिले मुलुकको कायापलट हुने दावी गर्नुभयो । "समृद्धिको यात्रामा दीर्घकालिन सहयात्रामा हामी छौं," उहाँले भन्नुभयो, "यो सहकार्य केवल १० दिने तालिमको लागि मात्र होइन, यो त सुरूवात मात्र हो," अध्यक्ष पौड्यालले भन्नुभयो, हामी चिरस्थायी यात्रारम्भ गर्दैछौं ।"

मुलुकभरका वित्तीय सहकारीहरूको एकमात्र निकाय नेफ्स्कूनले सदस्य संस्थाहरूमार्फत उत्पादन, स्वरोजगार सिर्जना र उद्यमशीलता विकासका लागि पछिल्लो समयमा एशियाली ऋण महासंघ र आइएलओसँग मिलेर व्यवसाय विकास सेवाको अवधारणामा काम गरिहेको परिप्रेक्ष्यमा फराकिलो सहकार्यका माध्यमबाट देशका विभिन्न भागका युवाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले युवा परिषद, गरिबी निवारण कोष र सीटीइभीटीसँग आन्तरिक छलफललाई तीव्र बनाउँदै आएको थियो । यसैको फलस्वरूप पहिलो कदमको रूपमा मुलुकभर उद्यमीहरू तयार पार्ने उद्देश्यका साथ भक्तपुरको नगरकोटमा टट कार्यक्रम आयोजना गरिएको हो । यो तालिम प्राप्त गरेका करिब ७० जनाले मुलुकभर स्थानीय निकायहरूसँगको समन्वयमा थप उद्यमीहरू तयार पार्ने अभियानमा जुट्नेछन् । सहकारी मार्फत गरिबी निवारणका क्षेत्रमा युवा लक्षित स्वरोजगारका कार्यक्रमहरू सञ्चालनका लागि एकीकृत अवधारणा सहित अघि बढ्ने ऐक्यवद्धता सरोकारवाला निकायहरूबीच केही समयअघिको औपचारिक अनौपचारिक छलफलमा समेत व्यक्त भएको थियो ।

परिषद् र गरिबी निवारण कोषसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सीटीइभीटी र वित्तीय सहकारीको माउ संघ नेफ्स्कूनबीच रणनीतिक साझेदारीको विकल्प

नभएको भन्दै त्यसको सहजिकरण राष्ट्रिय युवा परिषदले गर्ने धारणा अध्यक्ष माधव ढुङ्गेलले गर्नुभयो । "युवा उद्यमशीलता तथा स्वरोजगारी सिर्जना मात्र होइन लक्षित युवा समूहहरूको पहिचानमा पनि सहकारी जत्तिको जनस्तरले पत्याएको अन्य निकाय छैन," उहाँले भन्नुभयो, "सहकारी भनेको जनताबाटै बनेको हो । सामाजिक उत्तरदायित्व अन्तर्गतका बैंक वित्तीय संस्थाका कोषलाई राज्यको सहुलितय कर्जा प्रवाहको योजनासँग जोडेर अघि बढ्ने हो भने एकैपटक लाखौं रोजगारी सिर्जना मात्रै होइन आर्थिक क्रान्ति गर्न सकिन्छ ।" त्यसको लागि सहकारी सशक्त माध्यम हुन्छ भन्ने कुरामा कुनै दुईमत नरहेको उहाँको दावी थियो ।

सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा युवा स्वरोजगारको कार्यक्रमको माध्यमबाट थप १२ हजार गरिबका लागि लघु उद्यम लगायतका क्षेत्रबाट १ लाख २७ हजार रोजगारी सिर्जना गरिने उल्लेख गरेको छ । त्यसैगरी, गरिबी निवारण कोषद्वारा प्रवाहित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको १९ अर्बको घुम्ती कोषलाई बीउ पुँजीका रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न ती संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरिने बजेटमा उल्लेख गरिएको छ । यसबाट कृषि, लघु तथा साना उद्योगका क्षेत्रमा थप १ लाख ५० हजार रोजगारी सिर्जना गरिने बजेटेले बोलेको छ ।

राष्ट्रिय युवा परिषद्ले लक्षित युवाहरूको पहिचान गर्ने, उनीहरूलाई आवश्यक सीप विकासका लागि सीटीइभीटीले तालिम तथा व्यावसायिक शिक्षा प्रदान गर्ने र सहकारीले सहुलियत कर्जा मार्फत उद्यमशीलता सिर्जना गर्ने सम्भावना प्रचुर छ । युवाहरूलाई स्थानीय परिवेश र आवश्यकताका आधारमा सीप विकासमा सीटीइभीटीले काम गर्ने परिषद्का उपाध्यक्ष खगेन्द्र अधिकारीले बताउनुभयो ।

गरिबी निवारण कोषले आफ्ना कार्यक्रमहरू सञ्चालन गरेका ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थालाई सहकारी प्रणालीमा रूपान्तरण गरी तिनको सञ्चालन र व्यवस्थापनमा युवा सहभागिता बढाउन सकिने धारणा गरिबी निवारण कोषका उपाध्यक्ष निर्मल भट्टराईले राख्नुभयो । उहाँले भन्नुभयो, "कोषसँग छरिएर रहेको १९ अर्बलाई केन्द्रिकृत गरी वर्तमान परिस्थिति अनुरूप गरिब घर परिवारका युवाहरूलाई रोजगारी सिर्जनाको अवसर प्रदान गर्ने, नेतृत्व र व्यवस्थापकीय क्षमता बढाउने काममा सहकारीमार्फत पुँजीको परिचालन गर्न सकिन्छ ।"

आइएलओ नेपालका राष्ट्रिय कार्यक्रम संयोजक नवीन कर्णले युवा उद्यमशीलता विकासका लागि गरिने कुनै पनि काममा सहकार्य, समन्वय र सहयोग गर्न आइएलओ तयार रहेको बताउनुभयो । "उद्यमशीलताको तालिम लिएर मात्र नभई व्यवहारमा कार्यान्वयन गर्ने तिर सबैको ध्यान जानुपर्छ" उहाँले भन्नुभयो, "तालिमको स्रोत व्यक्तिहरूले पनि स्थानीय निकायमा गएर उद्यमीहरू विकास गर्ने काममा लाग्नुपर्छ ।" युवा परिषद्, नेफ्स्कून, सीटीइभीटी र गरिबी निवारण कोषसँग सहकार्यमा माध्यमबाट उद्यमशीलताका क्षेत्रमा काम गर्न आइएलओ प्रतिवद्ध रहेको उहाँले बताउनुभयो ।

राष्ट्रिय युवा परिषद्, नेफ्स्कून र आइएलओ (आर्थिक एवं प्राविधिकसहयोग) नेपालको संयुक्त साझेदारीमा आयोजित १० दिने तालिम कार्यक्रमले कुनाकाप्चामा बसेका, थोरै पुँजी भएका, केही गर्न चाहने, कोभिडका कारण रोजगारी गुमाएकाहरूलाई उद्यमी बनाउनका लागि स्थानीय तहसँगको सहकार्यमा प्रशिक्षण दिन सक्षम प्रशिक्षकहरू तयार गरेको छ । तालिम प्राप्त गरेपछि प्रशिक्षितहरूले स्थानीय तहमै बसेर उद्यमशीलता विकासको लागि काम गर्नुपर्ने छ । स्वरोजगारका कामहरू, उत्पादनलाई बजारसम्म पुऱ्याउने काममा पनि सहजिकरण गर्ने लगायत समग्र काममा प्रशिक्षकहरूको भूमिका हुन्छ । तालिममा उद्यमी बनाउन, उद्यमशीलता विकास गर्न के गर्नुपर्छ भन्ने भरपूर अभ्यास गराइएको छ भने व्यवसाय सुरू गर्नुपूर्व त्यसलाई प्रभावकारी बनाउन व्यावसायिक योजनाका कुराहरू पनि समेटिएको सहभागीहरूले बताएका छन् ।



# लुम्बिनी प्रदेशको सहकारी अभियानलाई उत्पादनमा जोड्ने यात्रा : UHT दुग्ध प्रशोधन उद्योग



**डा. खगराज शर्मा**

अध्यक्ष
लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.
लुम्बिनी प्रदेश, तिलोत्तमा, रूपन्देही

विशिष्टिकृत सहकारीको व्यवस्थाले नयाँ अवसरको सिर्जना गरेको छ । सहकारी संस्थाहरुको व्यावसायिकतामा आवश्यक सुधार ल्याउन र प्रतिस्पर्धी बनाउन पनि विशिष्टिकृत सहकारी संघ एउटा राम्रो नमुना हुन सक्दछ ।

सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थनीति अंगिकार गरेको नेपालको संविधान २०७२ ले मुलुकलाई संघीय शासन व्यवस्थामा रूपान्तरण गरेको छ । संघीयता सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित हुने उल्लेख भएकाले उदार अर्थ व्यवस्थामा जोड दिएको मुलुकको नंया संविधानको धारा २०६ को उपधारा १ को अधिकारलाई प्रयोग गरी सरकारले सहकारी ऐन, २०७४ जारी गरेको छ । सहकारी ऐन, २०७४ मा भएका व्यवस्थालाई नियमावलीमा स्पष्ट एवं विस्तृत रूपमा प्रष्ट्याइएको छ । विषयगत वा बहुउद्देश्यीय संस्था गठन, दर्ता तथा सञ्चालन, विशिष्टिकृत सहकारी संघ गठनको शर्त तथा सोको सञ्चालन, बचत तथा ऋण सहकारी दर्ताको मापदण्ड, सहकारी संस्थाको कार्य क्षेत्र, संघको वर्गीकरण, विषय परिवर्तन सम्बन्धी व्यवस्था, सहकारी बैंकको गठन सम्बन्धी व्यवस्था आदि बारे उल्लेख गरिएको छ । त्यसैगरी, नियमावलीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधार, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधारलाई पनि केही हदसम्म व्याख्या गर्ने प्रयास गरिएको छ ।

व्यावसायिक सहकारीताको संस्थागत इतिहास हेर्दा बेलायतको रोचडेल शहरबाट सन् १८४४ मा २८ जना रोचडेली मिलेर स्थापना गरिएको उपभोक्ता सहकारी नै सहकारी क्षेत्रको एक महत्वपूर्ण इतिहास हो । नेपालको सहकारी अभियानले पनि थुप्रै चुनौतिका बाबजुद सफलताहरू हासिल गर्ने तर्फ उन्मुख बनिरहेको छ । राज्य नियन्त्रित सहकारी अभियान आलोचना योग्य हुँदाहुँदै पनि वि.सं. २०१८ मा लागु गरिएको साझा कार्यक्रमको इतिहास हेर्दा यातायात, स्वास्थ्य, उपभोक्ता भण्डार र प्रकाशन जस्ता अत्यावश्यक सेवा व्यवसायहरूले लोकप्रियता हासिल गरेका उदाहरण हामीसँग कायमै छन् । यस्ता ऐतिहासिक घटना क्रमसँगै अन्य थुप्रै व्यावसायिक कर्महरू समेत सहकारी अभियान मार्फत सञ्चालन गरिदै आएका छन् । तर पनि बचत तथा ऋणको कारोवारका क्षेत्रमा देखिए अनुरूपको सफलता उत्पादन, प्रशोधन एवं वजारिकरण लगायतका क्षेत्रमा हुन नसकेको यथार्थता भने हामी विच लुकेको छैन । जसका निम्ति पनि विशिष्टिकृत सहकारीको व्यवस्थाले नयाँ अवसरको सिर्जना गरेको छ । सहकारी संस्थाहरूको व्यावसायिकतामा आवश्यक

सुधार ल्याउन र प्रतिस्पर्धी बनाउन पनि विशिष्टिकृत सहकारी संघ एउटा राम्रो नमुना हुन सक्दछ ।

कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बीमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ, संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गर्न सम्बन्धित सरकारी निकायहरूले नेतृत्वदायी भूमिका खेल्न पनि त्यत्तिकै आवश्यक छ । सहकारीलाई अर्थतन्त्रको एउटा सवल स्तम्भको रूपमा स्थापित गर्न उत्पादन तथा सेवामूलक सहकारीहरूलाई उपयुक्त वित्तीय तथा गैर वित्तीय सुविधा उपलब्ध गराई प्रवर्द्धनात्मक काम सञ्चालन गर्न सबै केवल नाफामुलक नभई सदस्य र समुदायको सेवाप्रति केन्द्रित बनाउन र सहकारीको व्यवस्थापनलाई सिद्धान्तनिष्ट बनाउन उपयुक्त र सहज कर प्रणालीको विकास पनि आवश्यक छ । उत्पादनमुखी सेवालाई बजारोन्मुख सेवासँग र बजारोन्मुख सेवालाई बचत परिचालन सेवासँग एकीकृत गरियो भने मात्र गरिबीको मारमा परेका सदस्यहरूको जीवनमा सघन र शीघ्र प्रभाव पार्न सकिन्छ भन्ने मूल मर्म विशिष्टिकृत सहकारीको हकमा समेत लागू हुन्छ । सहकारी संस्था उत्कृष्ट रूपमा चल्दाचल्दै पनि सदस्यहरूको जीवन निर्वाहको स्तरमा नै देखिन्छ । व्यावसायिक अभियानमा निजि क्षेत्र जसरी अगाडि बढी रहेको छ तदनुरूप सहकारी क्षेत्रलाई पनि अगाडि बढाउने कार्यमा लाग्नु वर्तमानको आवश्यकता हो । जसबाट मात्रै निजि क्षेत्रको एकाधिकार तोडिनुका साथै उत्पादक र उपभोक्ताको हितमा बढी ध्यान पुग्दछ भने साधन स्रोतको प्रभावकारी परिचालन हुनुका साथै बृहत स्तरको रोजगारी सिर्जनामा समेत योगदान पुग्न सक्दछ । सहकारी क्षेत्रको गतिशीलताको एक महत्वपूर्ण प्रयासका रूपमा यस लुम्बिनी प्रदेशको सहकारी अभियानका तर्फबाट UHT दुग्ध प्रशोधन उद्योगको स्थापना र सञ्चालनको आरम्भ गरिएकोछ ।




लुम्बिनी प्रदेश कृषि तथा पशुपालनको क्षेत्रमा विशेष महत्व वोकेको क्षेत्र हो । पशुपंछी तथा मत्स्य निर्देशनालय लुम्बिनी प्रदेशका अनुसार यस प्रदेशमा दुध उत्पादनका संस्थागत संरचना हेर्दा गाई फार्म ३८१, भैसी फार्म ३३२ भन्दा बढी रहेका छन् भने व्यक्तिगत रूपमा पनि प्रसस्त मात्रामा किसानहरूले दुध उत्पादन गरी बजारमा ल्याउने गरेको अवस्था छ । यस प्रदेशमा दैनिक उत्पादन हुने दुध ८ लाख लिटर भन्दा बढी रहेकोछ । यसरी उत्पादित दुधको बिक्रीका निम्ति साना ठूला गरी १०३ वटा भन्दा बढी डेरीहरू रहेका छन् किसान तथा व्यक्तिगत रूपमा व्यापारीहरूले पनि घरघर डुलाएर पनि प्रयाप्त मात्रामा बिक्री गर्ने गरेको देखिन्छ । तर पनि करिव २ लाख लिटर दुधले बजार पाउन सकेको देखिदैन । त्यसै गरी पर्यटकीय हिसाबबाट पनि यो प्रदेश त्यत्तिकै महत्वपूर्ण प्रदेशका रूपमा रहेको छ । यस क्षेत्रमा भएका उत्पादनमा मुल्य अभिवृद्धि (Value Addition) गर्ने, स्थानीय उपभोक्ता एवं यस क्षेत्रमा विभिन्न उद्देश्यले आउने पर्यटकका लागि गुणस्तरीय उपभोगको सुनिश्चिता कायम गर्नु समेत एक महत्वपूर्ण जिम्मेवारी मानिन्छ । जुन सरकारको समेत जिम्मेवारी हो । त्यसै गरी उपयुक्त र सुनिश्चित बजार, न्यायोचित एवं बजार योग्य मुल्य जस्ता विषयको संवोधन गर्नु पनि त्यत्तिकै

तहका सरकारको ध्यान जानुपर्दछ । निजी क्षेत्र सरह सबै आर्थिक क्षेत्रमा सहकारीलाई प्रवेश दिइनु पर्दछ भन्ने मागलाई केही हदसम्म विशिष्टिकृत सहकारीको व्यवस्थाले सम्बोधन गर्न खोजे पनि अझ धेरै सुधार आवश्यक देखिन्छ । सहकारी क्षेत्रका विज्ञहरूले सहकारीका सदस्यहरूको निर्णय माथिको स्वामित्वलाई प्रतिकूल प्रभाव नपार्ने तहमा बाह्य पुँजी परिचालनको लागि प्रोत्साहन गर्ने खालको सहकारी नीति आवश्यक रहेको सुझाउँछन् जुन विद्यमान नीतिभित्र देखिदैन । सहकारी उद्योग व्यवसायलाई वित्तीय सहयोग उपलब्ध गराउनुका साथै आवश्यक पूर्वाधारको पहुँच अभिवृद्धि गर्ने कार्य समेत राज्यको हुनुपर्दछ । सहकारी उद्योग व्यवसायलाई भनेजस्तो परिवर्तन आउन नसक्नुमा प्रायः सहकारी सेवाको खण्डीकरण र अनुत्पादक लगानी नै प्रमुख कारक रहेको पाइन्छ । यसलाई समाधान गर्न पनि विशिष्टिकृत सहकारिको आवश्यकता र सान्दर्भिकता रहेको छ । जसमा राज्यका निकायहरू असल मनसायबाट सहयोगी वन्नु पर्दछ ।

पछिल्लो तथ्यांक अनुशार मुलुकमा ३० हजार ६ सय २५ सहकारी संस्थाहरू रहेका छन् जसको ७८ अर्ब २४ करोड शेयर पुँजी रहेको देखिन्छ । जुन क्षेत्रमा ६८ हजार ४ सय जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् भने यस क्षेत्रलाई थप उचाईमा पुऱ्याउनका निम्ति अझ गतिशील वन्नु र बनाउनु पर्ने

महत्वपूर्ण मानिन्छ । त्यसै गरी विदेशिने युवाहरूलाई स्वदेशमा अवसरको सिर्जना गरी रोजगारीको प्रत्याभुति दिनुका साथै विविध रोजगारीका अवसरहरूको सिर्जना र अभिवृद्धि गर्नु पनि अर्को महत्वपूर्ण पक्ष हो । यि विविध अवस्था र अवसर सिर्जना गर्ने गरी लुम्बिनी प्रदेश अन्तर्गतका विभिन्न प्रकृतिका सहकारी संस्थाहरू मिलेर लुम्बिनी प्रदेश कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट विशिष्टिकृत सहकारी संघ लिमिटेड दर्ता गरी सोही संघको लगानीमा विभिन्न उत्पादनशील व्यवसाय सञ्चालन गर्ने उद्देश्य मुताविक पहिलो परियोजना स्वरूप यो परियोजना अगाडि बढाइएको छ ।

यस परियोजनाबाट कृषि र पशुपालन क्षेत्रमा लागेका किसानको आर्थिक अवस्था सवल र सक्षम बनाउनमा महत्वपूर्ण योगदान हुनुका साथै गुणस्तरीय दुध तथा दुग्ध पदार्थको आपूर्तिमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने सोच रहेको छ । सामान्यतया लुम्बिनी प्रदेशको रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, दाङ, बाँके, बर्दिया लगायतका जिल्लामा रहेको दुध उत्पादनको प्रचुरतालाई उपयोग गर्दै बढी भन्दा बढी किसानहरूलाई सहभागी बनाई उत्पादन गरिएको दुधमा मुल्य श्रृङ्खला (Value Chain) को विकास गर्दै प्रयाप्त बजार सिर्जना गर्ने तथा कृषि उत्पादनको समेत मूल्य अभिवृद्धि (Value Add) गरी आम्दानीमा वृद्धि मार्फत राष्ट्रिय उत्पादनमा महत्वपूर्ण योगदान दिने सोच समेत यसमा राखिएको छ । यस परियोजनाको सञ्चालन सँगै यसका लागि पुरक परियोजनाहरू पशु फार्महरू, पशुदाना उद्योग, पशु औषधी तथा यन्त्र उपकरण उद्योग, वायो ग्याँस प्लाण्ट एवं उत्पादनको बिक्रीका लागि बिक्री केन्द्र वा सपिङ्ग कम्प्लेक्सहरू आदि तर्फ समेत विस्तार गरेर मुलुककै एउटा सहकारी मोडेलको ठूलो परियोजना बनाउने दीर्घकालिन लक्ष्य समेत राखिएको छ ।

**सोचको विकास** :

नेपालको संविधान २०७२ ले परिकल्पना गरे मुताविक अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान बढ्नुपर्छ, उत्पादन र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह हुनु पर्दछ भनेर सर्वत्र छलफल चर्चा परिचर्चा एवं ऐन कानुन निर्माणमा समेत पहल कदमी गरे सँगै सहकारी ऐन, २०४८ लाई विस्थापन गरी सहकारी ऐन, २०७४ आएपछि सहकारी क्षेत्रबाट पनि ठूलो लगानी गरेर जान सकिने सम्भावनाको ढोका खुल्यो । विभिन्न बहस र छलफलहरू सँगै यस्ता बहसहरू लुम्बिनी प्रदेशको सदरमुकाम बुटवलमा समेत निरन्तर चलिरह्यो । रासायनिक मल कारखाना, ठूलाठूला खाद्य प्रशोधन उद्योग, चिनी उद्योग, धागो तथा कपडा उद्योग, दुध प्रशोधन उद्योग, सपिङ कम्प्लेक्सहरू आदि थुप्रै परियोजनाका सम्बन्धमा चर्चा परिचर्चा हुँदाहुँदै पछिल्लो विषय सपिङ कम्प्लेक्सहरू सञ्चालन गर्ने तर्फ केन्द्रित रही लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा नै आवश्यक संख्यामा कम्प्लेक्सहरू स्थापना गर्ने र प्रदेशका १०९ वटै पालिकामा उत्पादनको बजारीकरणका निम्ति समेत आवश्यक संयन्त्र बनाएर कम्प्लेक्ह्रूमा नियमित बिक्रीका लागि पठाउने गरी बजारीकरण रणनीति तयार गर्नुपर्ने विषयका सम्बन्धमा गोष्ठी, छलफल तथा अवलोकन भ्रमणहरू समेत प्रदेश स्तरमा आयोजना गरिए तर पनि सञ्चालन नै गरिहाल्ने विषय पर्ख र हेर जस्तै भैरहेको थियो ।

यस किसिमका योजना सफल पार्ने कार्यका निम्ति संस्थागत संरचना निर्माणको पनि आवश्यकता रहयो । जुन सहकारी ऐन, २०७४ को व्यवस्था अनुशार विशिष्टिकृत सहकारी संघको गठन नै हो । तर पनि संघ लुम्बिनी प्रदेशमा दर्ता गर्नुपर्ने भएका कारण पनि यस प्रदेशको सहकारी ऐन र नियमावलीको प्रतिक्षामा दर्ता प्रक्रियाका निम्ति केही ढिला गरी वि.सं. २०७६ सालको भाद्र अन्तिममा यस क्षेत्रका सहकारीहरूको भेलाबाट एउटा तदर्थ समिति समेत गठन गरियो । वि.सं. २०७६ मा नै लुम्बिनी प्रदेशको सहकारी ऐन, २०७६ र नियमावली, २०७६ आएपछि लुम्बिनी प्रदेशको सहकारी अभियानका तर्फबाट यस प्रदेशका १० जिल्लाहरू नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, दाङ, बाँके, बर्दिया र प्युठान जिल्लाहरू कार्यक्षेत्रका रूपमा रहने गरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशमा मिति २०७७ आषाढ ५ गते दर्ता भै विधिवत रूपबाट लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि. को स्थापना गरिएको छ । हामीले स्थापना गरेको यो संघ लुम्बिनी प्रदेशको पहिलो र नेपालको दोस्रो विशिष्टिकृत सहकारी संघ हो । दर्ता प्रक्रियामा ५१ वटा प्रारम्भिक सहकारीहरू संलग्न रहेका थिए । २०७७ कार्तिक २८ मा सम्पन्न संघको प्रारम्भिक साधारण सभा सम्म आईपुग्दा विभिन्न जिल्लाका ७४ वटा प्रारम्भिक सहकारी संस्थाहरू संघमा आवद्ध भैसकेका छन् भने आवद्ध हुने क्रमको निरन्तरता जारी रहेको छ । यी संस्थाहरूमा आवद्ध व्यक्तिहरूको कुल संख्या १,३५,८७७ जना भन्दा बढी रहेको छ । जसले गर्दा ठूलो समुदाय यो संघमा प्रत्यक्ष वा परोक्ष रूपमा आवद्ध भैसकेको छ ।

अर्को तर्फ रूपन्देही जिल्लामा अवस्थित तिलोत्तमा नगरपालिकाले २०७६ आश्विन ९ गते लगानी सम्मेलन आयोजना गर्ने गरी आफ्ना कार्यक्रमहरू अगाडि बढाई विभिन्न परियोजनाहरू प्रदर्शन (Showcase) गरिरहेको थियो । जस मध्य एउटा परियोजना UHT दुग्ध प्रशोधन परियोजना समेत राखिएको थियो । दुध उत्पादनका निम्ति ठूलो संख्यामा किसानहरू जोडिने तथा किसानलाई स्थानीय, प्रदेश तथा संघीय सरकार हरूबाट सहयोग पनि भईरहने तर दुधको व्यवस्थित बजार नहुँदा किसानहरूमा समस्या पर्ने गरेको यथार्थतालाई मध्यनजर गरी किसान स्वयं मालिक बन्ने गरी नै सहकारी मार्फत उक्त UHT दुग्ध प्रशोधन परियोजना सञ्चालन गर्न सके उपयुक्त हुने थियो भन्ने त्यस क्षेत्रका दुग्ध उत्पादक किसानदेखि स्थानीय निकाय समेतको चाहना रहेको थियो । भने आर्का तर्फ उपभोक्ताको स्वास्थ्य र गुणस्तरीय उपभोगका दृष्टिले पनि यसरी प्रशोधित दुध र दुग्ध पदार्थको नै बजारमा तिब्र माग वढिरहेको, सहकारी अभियानको व्यावसायिकताका निम्ति पनि पहिलो प्रयास भएका कारण

सहकारी उद्योगव्यवसायलाई वित्तीय सहयोग उपलब्ध गराउनुका साथै आवश्यक पूर्वाधारको पहुँच अभिवृद्धि गर्ने कार्य समेत राज्यको हुनुपर्दछ । सहकारी उद्योग व्यवसायलाई केवल नाफामुलक नभई सदस्य र समुदायको सेवाप्रति केन्द्रित बनाउन र सहकारीको व्यवस्थापनलाई सिद्धान्तनिष्ट बनाउन उपयुक्त र सहज कर प्रणालीको विकास पनि आवश्यक छ ।

राज्यको समेत प्राथमिकतामा परी ध्यान केन्द्रित गर्ने स्तरको परियोजना छनौट गर्नु आवश्यक र दवाव समेत भईरहेको अवस्थामा दुवै तर्फको तादाम्यता मिल्न गई यस लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि. ले नै उक्त UHT दुग्ध प्रशोधन परियोजना सञ्चालन गर्ने निर्णय गऱ्यो । त्यसपछि पुनः दुईपक्षिय बैठक बसी नगरपालिकाले नै तयार गरेको परियोजना सम्बन्धी अवधारणा एवं लागत स्टिमेट सम्बन्धमा छलफल र सहमति पश्चात करिव ६०/७० करोड लागतको उक्त परियोजना सहकारीहरूको संयुक्त लगानीमा सञ्चालन गर्ने गरी पूर्व प्रधानमन्त्री, संघीय अर्थमन्त्री, २ नं., बागमती र लुम्बिनी प्रदेशका मुख्यमन्त्रीहरू एवं अधिकांश प्रदेशका अर्थमन्त्रीहरू, लुम्बिनी प्रदेशका मन्त्रीहरू, रूपन्देहीका संघीय तथा प्रदेशका सांसदहरू एवं विभिन्न पालिका प्रमुख तथा उपप्रमुखहरू, स्वदेशी तथा विदेशी उद्यमी व्यवसायीहरू, पत्रकारहरू सहित विभिन्न क्षेत्र र तहको उपस्थितिमा सम्पन्न उक्त लगानी सम्मेलनका दिनमा तिलोत्तमा नगरपालिकासँग सहमति पत्रमा हस्ताक्षर गर्ने कार्य समेत सम्पन्न गरियो । यसरी यो परियोजना सञ्चालन गर्ने सम्बन्धमा सहकारी अभियानको सोच अगाडि बढ्यो ।

**परियोजनाका सम्बन्धमा** :

यस संघको लगानीमा सञ्चालन गरिने पहिलो परियोजना बृहत स्तरको "UHT" दुग्ध प्रशोधन परियोजना नै हो । दुध अति सम्वेदनशील एवं अत्यधिक पोषणयुक्त पेय पदार्थ हो जसलाई सुरक्षित तवरबाट संकलन, ढुवानी, भण्डारण, प्याकेजिङ तथा बिक्री वितरण आवश्यक हुन्छ । मानव स्वास्थ्यलाई जीवाणु (Bacteria) को प्रभावबाट कुनै प्रतिकुल प्रभाव नपारी सेवनगर्न सकियोस भन्नका लागि यसलाई तताउने गरिन्छ । संसारभरी पाश्चराईजेशन (Pasteurization) विधिबाट दुधलाई जीवाणु मुक्त बनाइन्छ जस्मा दुधलाई १५ सेकेण्डसम्ममा न्यूनतम ७२ डिग्री सेण्टिग्रेडसम्मको ताापक्रममा तताइन्छ । यो तापक्रमबाट प्रायः धेरैजसो मानव प्रतिकुल एवं दुधलाई बिगार्ने जीवाणुहरू नष्ट हुन्छन् । तर पनि केही जिवाणुहरू रहन गै प्रशोधन र प्याकिङ्ग पश्चात पनि भण्डारणको समयमा अभिवृद्धि हुन सक्छन् । यस्तो अभिवृद्धि न्यून तापक्रममा सुस्त हुन्छ भने बढी तापक्रममा वृद्धि हुन्छ । जसले गर्दा दुधलाई सदा चिस्याएर भण्डारण गर्नु पर्छ । यसरी चिस्याएर भण्डारण गरिए पनि पाश्चराईज दुधलाई वढिमा दुई हप्ता सम्म मात्र भण्डारण गरी प्रयोग गर्न सकिन्छ । दुधको आयुलाई बढाई दुर्गम पहाडी तथा हिमाली क्षेत्रमा उपभोगको अवसर प्रदान गर्न, प्रशस्त उत्पादन हुने समयमा सञ्चित एवं भण्डारण गरी न्यून उत्पादनको समयमा उपभोक्ता समक्ष पुऱ्याउनका लागि पनि एउटा मात्र उपाय भनेको यसलाई उच्च तापक्रममा तताउने नै हो जसका लागि दुधलाई २ देखि ५ सेकेण्ड भित्रमा १३८-१४० डिग्री सेन्टीग्रेड तापक्रममा तताएर सम्पूर्ण रूपबाट व्याक्टेरीया फ्रि बनाएपछि केही सेकेण्डमा नै चिसो बनाएर प्याकेजिङ गर्नु पर्दछ । यसरी गरिने प्रशोधन नै UHT दुग्ध प्रशोधन विधि हो । यसरी प्रशोधित दुधलाई बजारको आवश्यकता अनुसारको आकार (size) मा ट्रेटाप्याक (Tetra Pack) मा प्याकेजिङ गरिन्छ । जुन दुध प्याकेजिङ गरेको ६ देखि ८ महिनासम्म शुद्ध र पिउन योग्य हुन्छ । यसरी तयार गरिने दुध बजार माग अनुरुप विभिन्न फेलेवरमा पनि तयार गर्न सकिन्छ । साथै तुरून्त उपभोग गर्नका निम्ति भने ट्रेटाप्याक आवश्यक नपर्ने हुँदा प्रचलित प्याकेटहरूमा नै दुध प्याकेजिङ गर्न सकिन्छ । साथै तरल दुधका अलावा प्राप्त दुधको करीब ४०/५० प्रतिशत जति अन्य उत्पादनहरू जस्तै पनिर, घ्यु, वटर, कन्डेसनल दुध (बाक्लो दुध), कुराउनी, खुवा, चकलेटहरू, आईसक्रिम, पिजाका लागि प्रयोग हुने मोफरेला चिज, दही, मोही, लसी, नौनी, साल्टेड नौनी, पाउडर दुध, विभिन्न स्वादका मिठाईहरू आदि बजार माग अनुसार उत्पादन गरी बजारीकरण गर्ने परियोजनाको लक्ष्य रहेको छ । जसको स्रोत व्यवस्थापन एवं व्यापक सहभागिता सहितको अपनत्वका लागि संघले यस लुम्बिनी प्रदेशको

विभिन्न जिल्लामा रहेका कमसेकम पाँच सय सहकारी संस्थाहरूलाई आवद्ध गर्ने लक्ष्य बनाएको छ । यस किसिमबाट विविध उत्पादन गरिने उक्त परियोजना तिलोत्तमा नगरपालिका रूपन्देहीको वडा नं. ६, पश्चिम पहुनी भन्ने स्थानमा रहेको २ विगाहा १० कट्ठा जमिनमा स्थापना गरिनेछ । जुन जमीन नगरपालिकाद्वारा यस परियोजनालाई लिजमा उपलब्ध गराएको छ ।

**परियोजना सञ्चालन मोडालिटी र संस्थागत संरचना** :

यस प्रदेश अन्तर्गतका विभिन्न सहकारी संस्थाहरूको लगानीमा विशिष्टकृत सहकारी संघ मार्फत "लुम्बिनी दुग्ध सहकारी उद्योग" को सञ्चालन गरिनेछ । जसको सम्पूर्ण आवश्यक पुर्वाधार सहित पहिलो ६ महिनाको कच्चापदार्थ एवं कर्मचारीहरूको पारिश्रमिक भुक्तानी जस्ता विषयमा ठूलो रकम खर्च हुने हुँदा हामीले परियोजनाको सम्पन्नताका लागि लाग्ने अनुमान गरिएको लागत करिव रू. ६० देखि ७० करोड रहको छ । तर पनि परियोजनाको डि.पि.आर. तयार भएपछि नै कुल वास्तविक लागतको नजिक पुग्न सकिनेछ । कृषि क्षेत्रको विकास र प्रवर्द्धन, रोजगारीको सिर्जना एवं गुणस्तरीय उपभोगको सुनिश्चितता जस्ता कार्यमा यस प्रदेशको सहकारी अभियान जुटेको हुँदा सहकारी क्षेत्रको यस प्रयासका निम्ति सरकारको त्यत्तिकै ठूलो साथ र हातको अपेक्षा पनि गरिएको छ । जसको सम्पन्नताका लागि ५० देखि ६० प्रतिशत सहकारी संस्थाहरूबाट र ४० देखि ५० प्रतिशत संघीय, प्रदेश र स्थानीय तहका सरकारहरूको अनुदान सहयोगबाट हुनुपर्दछ भन्ने संघ सहित अभियानको अपेक्ष र लक्ष्य रहेकोछ । जसले गर्दा सवै तहका सरकारहरूलाई चालु आ.व. २०७७/०७८ का अलावा आगामी आ.व. २०७८/०७९ को बजेटमा समेत रकम छुट्टाउने व्यवस्थाका निम्ति विभिन्न भेट र सभाहरू मार्फत अनुरोध समेत गरिरहेका छौं ।



परियोजनाको व्यवस्थित सु-सञ्चालन एवं व्यवस्थापनका लागि गुणस्तरीय कच्चा पदार्थको नियमित आपूर्ति, दुधका विभिन्न परिकारहरूको उत्पादन र उत्पादित वस्तुको बजारीकरणका लागि ३ वटा महत्वपूर्ण आयाम वा पक्षहरूको उचित व्यवस्थापन हुनु पर्ने हाम्रो ठम्याई रहेको छ ।

पहिलो दुध उत्पादनका निम्ति प्रमुख भूमिका संघमा आवद्ध संस्थाहरू र ती संस्थाका शेयर सदस्यहरू मार्फत निजी फार्म वा सामुहिक फार्महरूबाट हुनेछ । उत्पादित दुधलाई संकलन केन्द्रसम्म पुर्‍याउने तथा उक्त केन्द्रको उचित सुरक्षा, संरक्षण एवं सञ्चालन तथा गुणस्तरीय दुध आपूर्ति सुनिश्चितताको जिम्मेवारी उत्पादक सहकारी र कृषकहरू एवं कुनै प्रक्रियामा संघको समेत हुनेछ । संकलन केन्द्रहरूको स्थापनामा सहजिकरण एवं सोको सञ्चालन साझेदारी, संकलित दुध उद्योगसम्म ढुवानीको प्रबन्ध मिलाउने काम संघ स्वयंको व्यवस्थापनमा हुनेछ । त्यति मात्र नभई गुणस्तरीय दुग्ध पदार्थ उत्पादन सहजिकरण एवं सहयोगका निम्ति स्थानीय पालिका वा प्रदेश सरकारलाई प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न र त्यस्ता कार्यक्रममा दुग्ध उत्पादक सहकारी तथा सदस्य लाई जोडनका निम्ति संघको प्रवर्द्धन युनिटले सहजकर्ताको काम गर्नेछ । कमसेकम UHT का लागि चाहिने उच्च गुणस्तरको दुध उत्पादन गर्ने किसान समूहहरू निर्माण गर्ने, तिनको आर्थिक तथा प्राविधिक आवश्यकता पुरा गर्ने कार्यमा समेत संघ निरन्तर सहयोगी एवं सहजकर्ता बनेर लाग्नेछ ।

दोस्रो प्राप्त दुधलाई बजारको आवश्यकता अनुरूप विविध उत्पादन तयार गर्ने काम गरिन्छ । जुन काम उद्योगमा रहेको प्राविधिक सहितको उच्च व्यवस्थापनबाट नै गरिने छ । जसले बजारको नियमित अध्ययन गर्ने, नयाँ नयाँ मागहरू सिर्जना गर्न सकिने सम्भावनाको खोजी गर्ने र बजार माग अनुरूप उच्च गुणस्तरका



वस्तुहरू आवश्यक आकारमा उत्पादन गरी बजारमा पठाउने काम गर्दछ ।

तेस्रो जसले उत्पादित वस्तुको बजारीकरण गर्दछ जुन संघको बजारीकरण युनिट बाट हुनेछ । यसका निम्ति योग्य र क्षमतावान व्यक्तिहरूको मार्केटिङ्ग युनिट हुनेछ । यो युनिटले सम्भावित स्थानहरूको खोजी गर्ने नयाँ नयाँ वस्तुहरूबाट उपभोक्ताको रूची बढाउने एवं उपभोगमा बानी पार्ने लगायतका काम गर्दै लुम्बिनी प्रदेशका मुख्य स्थानहरूका अलावा देशका प्रमुख शहरहरू एवं विश्वका विभिन्न मुलुकहरूमा समेत उत्पादनको बिक्री प्रबन्ध मिलाइनेछ । सामान्यतया स्थानीय स्तरमा हाल जे जति दुध र दुग्ध पदार्थ बेचबिखन हुने गरेका डेरी वा डिपोहरू छन् ति सबै स्थान तथा आवश्यकतानुसार अन्य स्थानका पसलहरूमा वा संघ स्वयंले समेत बिक्री डिपो सञ्चालन प्रबन्ध मिलाएर पनि उत्पादन बजारीकरणको योजना बनाइनेछ । वास्तवमा उत्पादनको बजारका रूपमा आम दुग्ध पदार्थका पारखी नागरिकहरूका अलावा, विद्यालय वा कलेजका शिक्षक तथा विद्यार्थीहरू, हस्पिटलहरू, होस्टेलहरू, सेना प्रहरीका तालिम केन्द्र वा ब्यारेकहरू, आन्तरिक तथा वाह्य वायुसेवाहरू, यातायात सेवाहरू, होटलहरू आदि आन्तरिक बजारका स्रोतहरू हुन सक्दछन् ।

यसरी ३ किसिमका संरचनाहरू विकास गरी कच्चा पदार्थको उपलब्धता, दुग्धजन्य वस्तुको प्रशोधन तथा उत्पादन विविधिकरण एवं बजारीकरण जस्ता कार्यहरू अति व्यवस्थित र उच्च दक्ष जनशक्तिको व्यवस्थापकीय नेतृत्व सहित आवश्यक हरेक शाखा र विभागहरू बनाई काम गरिनेछ । परियोजनाले व्यवस्थित आकार लिई सञ्चालनमा नआउँदासम्म सञ्चालक समितिका तर्फबाट तोकिएका व्यक्तिले कार्यकारीको भूमिका निर्वाह गर्दै आवश्यक नीति नियमहरू निर्माण एवं अनुगमनको काम गरिनेछ भने परियोजनाले व्यवस्थित आकार लिई सञ्चालनमा आएपछि सञ्चालक समितिका तर्फबाट आवश्यक नीति नियमहरू निर्माण एवं अनुगमनको काम गरिनेछ भने परियाजना पूर्ण रूपमा कर्मचारीहरूको कार्यकारी टिमबाट नै सञ्चालनमा ल्याइनेछ । जहाँ प्रमुख कार्यकारी अधिकृत तथा अन्य आवश्यक अधिकृतहरू, प्राविधिकहरू सहितको टिमले काम गर्ने अवस्था रहन्छ ।

यसले सामान्यतया कच्चा पदार्थको गुणस्तर परिक्षण तथा आपूर्ति युनिट, समन्वय सहकार्य अभिवृद्धि युनिट, उत्पादन गुणस्तर मापन युनिट, बजार प्रवर्द्धन तथा विकास युनिट, स्रोत परिचालन तथा व्यवस्थापन युनिट, मानव संशाधन व्यवस्थापन युनिट, अनुगमन तथा निरिक्षण युनिट, शिक्षा, सूचना एवं प्रकाशन युनिट, नीति, विधि व्यवस्थापन एवं अनुगमन युनिट लगायत आवश्यकता अनुसार सञ्चालक समिति वा शेयर सदस्य वा प्रमुख कार्यकारी वा अन्य अधिकृतको मातहतमा रहने गरी युनिट वा विभागहरू बनाई कार्यहरू अगाडि बढाउनेछ । भारत लगायत विश्वका अन्य मुलुकहरूमा गुणस्तरीय दुधको आपूर्ति गर्न प्रयोग गरिएको UHT प्रशोधन विधि नेपालको सन्दर्भमा सहकारी क्षेत्रले अगाडि सारेको पहिलो परियोजना हो । जसले यो महत्वपूर्ण कार्य अगाडि बढाउँदा थुप्रै क्षेत्र र समुदायसँग समन्वय र सहकार्य गरेर जानुपर्ने नै हुन्छ । यसरी समन्वय गरेर जाने निकायहरूका रूपमा ३ तहका सरकारहरू एवं सरकारहरूसँग सम्वन्धित अन्य सरकारी निकायहरू, विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित सहकारी संघसंस्थाहरू, सहकारी बैंक एवं विभिन्न तहका संघहरू, निजी क्षेत्र, सामाजिक संघसंस्थाहरू, वित्तीय संस्थाहरू, स्वदेशी तथा बिदेशी विभिन्न निकायहरू, सरोकार राख्ने अन्य उत्पादक संघसंस्थाहरू समेत यसका सम्पर्क समन्वयका क्षेत्रहरू रहनेछन् ।

### परियोजनाबाट सिर्जना हुने अवसर तथा देखिन सक्ने चुनौतिहरू :

सहकारी क्षेत्रबाट सञ्चालन गरिने नेपालकै पहिलो र ठूलो प्रस्तावित परियोजना प्रति सर्वत्र चासो र निगरानी हुनु स्वभाबिकै हो तर पनि हालसम्म सञ्चालनमा रहेका सहकारी उत्पादन तथा बजारीकरण सम्बन्धी कामहरूमा केही सफलता र धेरैमा असफलता हात लागेका उदाहरण हामी माझ रहेका कारण पनि यो व्यवसाय प्रति

प्रश्न आउनु तथा सुझावहरू दिइनु स्वभाविक हो । तथापि हामीले हेर्दा र बुझ्दा यसमा देखिएका अवसर तथा चुनौतिहरूलाई तपसिल बमोजिम उल्लेख गर्न सकिन्छन् ।

अवसरका रूपमा उल्लेख गर्दा प्राविधिक तथा अप्राविधिक जनशक्तिको आवश्यकता रहने हुँदा नयाँ रोजगारीको सिर्जना, परियोजना सञ्चालनको प्रमुख कच्चा पदार्थ दुध उत्पादनका क्रममा ठूलो रोजगारीका अवसरको सिर्जना हुने । उत्पादित दुधको बजारको समस्या हल गर्दै जान सकिने हुँदा वेरोजगार युवाहरूको पशुपालनमा आकर्षण बढ्ने, पशुको सन्तुलित आहारको आपूर्ति, यस क्षेत्रमा आधुनिकिकरण भएर जाँदा नयाँपन र परिवेश निर्माण गर्न सकिने, किसानको दुधको Value add हुँदा आम्दानी बढ्ने तथा जीवनस्तर सुदृढ भएर जाने, उच्च गुणस्तरको उत्पादन दिन सक्दा बजार राम्ररी लिन सकिने भएका कारण पनि नाफाको दर उच्च हुने, उपभोक्तालाई दुग्ध जन्य गुणस्तरीय तथा बहुआयामिक उत्पादनहरू दिन सकिने, दुध तथा दुग्ध पदार्थको उपभोग बढदो भएका कारण पनि बजारमा सहज पहुँच बढाउन सकिने, पोषण युक्त आहार दुधको सबै नागरिकमा पहुँच वृद्धि हुनगै समग्र समुदायको स्वास्थ्यमा समेत सकारात्मक प्रभाव रहन जान्छ । यि अवसरका अवाला पशुआहार उद्योग, पशु फार्म सञ्चालन, दुग्ध संकलन केन्द्र, पशु प्रजनन केन्द्र (सिमेन बैंक) लगायतका अतिरिक्त तथा पुरक व्यवसायहरू सञ्चालन गरी थप आय र रोजगारीका अवसरहरू समेत सिर्जना गर्न सकिन्छ । जसले सहकारी क्षेत्रको एउटा बृहत र बहुआयामिक काम देखिन्छ ।

त्यसैगरी यसको स्थापना र सञ्चालनका क्रममा केही चुनौति तथा समस्या पनि देखिन्छन् जसतर्फ फर्केर हेर्दा, गुणस्तरीय उच्च प्रशासनिक क्षमता सहितको परियोजनाको व्यवस्थापन, दुग्ध उत्पादक सहकारी तथा किसानबाट गुणस्तरीय दुधको उपलब्धता, नाफा कमाएर दिन सक्षम कर्मचारीहरूको छनौट, उच्च बजारीकरण कौशलता तथा बाहय क्षेत्र एवं निजी क्षेत्रसँगको प्रतिस्पर्धाको सामना गर्न सक्ने आँट र क्षमता, हरेक क्षेत्र र प्रक्रियामा टेण्डर गरेर जानुपर्ने कानुनद्वारा सिर्जित बाध्यताका कारण गुणस्तरीय सामान र निर्माता प्राप्त गर्नमा कठिनाई, उच्च गुणस्तरका सामान (Material) बाट बनेका मेसिन एवं अन्य यन्त्र उपकरणहरूको उपलब्धता, व्यवसाय सञ्चालनका क्रममा घाटामा गैहाल्यो भने त्यसलाई निश्चित समय सहन गर्न सक्ने क्षमता र धैर्यता, प्रयाप्त चालुपुँजी राख्न सक्ने क्षमता, दुग्ध उत्पादक किसानको ३६५ दिनकै दुध खरिद गर्न सक्ने क्षमताको विकास, पूर्णकालिन भएर काम गर्न सक्षम र तत्पर सहयोगी टिम, बचत तथा ऋणको कारोवारबाट छिटो प्रतिफलको आदत परेका सदस्यहरूमा यसमा गरेको लगानीको प्रतिफल प्राप्त नगरून्जेलको धैर्यता, राजनीति र अतिराजनीतिकरणका कारण उत्पन्न हुन सक्ने हस्तक्षेपकारी र असहयोगको समस्या, आवश्यकता अनुसारका नीति विधिहरू सहज नहुनु, प्रशोधन बिनाको दुध उपभोग गर्न अस्वस्थकर हुने विषयमा आम नागरिकमा भएको न्यून चेतना स्तर, सहकारी ऐन, २०७४ को विशिष्टिकृत सहकारी संघ स्थापना र यसले सञ्चालन गर्ने व्यवसायको भार, सञ्चालक टिमले गर्नुपर्ने योगदान र तिनको पारिश्रमिक, व्यवसाय सञ्चालन मोडालिटी, मुनाफा वितरण तथा कोषहरूको बाँडफाँड, प्रारम्भिक सहकारीको लगानीको आधार र क्षेत्र एवं त्यसको सुनिश्चितता जस्ता विषयको अस्पष्टता रहनु निकै चुनौति पूर्ण मानिन्छ ।

यी र यस्तै प्रकारका अवसर र चुनौतिका बीचमा सबैबाट सिकेर अगाडि बड्दै जाने हाम्रो यात्रा तय भैसकेको छ ।

**निष्कर्षमा** :

आर्थिक र सामाजिक उन्नतिको बाहकका रूपमा रहेको सहकारी क्षेत्र नेपालको संविधानमा प्रस्तुत गरिएको 'समाजबाद उन्मुख अर्थतन्त्र' भन्ने विषयसँग प्रत्यक्ष सम्बन्धित छ । जसका निम्ति आम सहकारीकर्मी संघ संस्था र अन्य सरोकार पक्षको ध्यान स्पष्टसँग जानु जरूरी रहन्छ । यदि हाम्रो अर्थतन्त्र समाजबाद उन्मुख बनाउँदै जाने हो भने यहाँका हरेक आयामहरूमा सहकारीको प्रभावकारी उपस्थिति आवश्यक छ । जसका लागि कानुनी सहजताका अलावा राज्यका तर्फबाट सहुलियत तथा आर्थिक एवं प्राविधिक सहयोग समेत एउटा तहसम्म आवश्यक रहन्छ अर्थतन्त्रमा निश्चित तहको आर्थिक योगदान सहकारी क्षेत्रबाट पनि पुर्‍याउन जरूरी देखिन्छ ।

यही सोच र अभिलाषाबाट प्रेरित भएर लुम्बिनी प्रदेशमा सहकारी अभियान मार्फत दुग्ध क्षेत्रको बजारीकरण, उत्पादनलाई उचित मूल्य तथा उपभोक्तालाई बजार मूल्यमा गुणस्तरीय उत्पादन उपलब्ध गराउने गरी बृहत स्तरको UHT दुग्ध प्रशोधन परियोजना स्थापना गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हजारौ रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको छ । जसलाई अवको करिव एक वर्षमा सञ्चालन नै गर्ने गरी आवश्यक संरचना तयार गरेर अगाडि बढिरहेको स्थिति छ । जसले स्वदेशी उपभोक्ताका अलावा लुम्बिनी लगायत मुलुकका विभिन्न स्थानमा भ्रमणका लागि आउने पर्यटकहरूलाई समेत गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थ उपभोगको सुनिश्चितता गर्नेछ । पशु आहारका लागि घाँस तथा दाना उत्पादन तथा सो को कच्चा पदार्थ, गुणस्तरीय दुध जन्य कच्चा पदार्थका लागि ठूला ठूला र व्यवस्थित पशु फार्महरू समेत सञ्चालन गरी थुप्रै पुरक रोजगारीका अवसरहरू सिर्जना हुनेछन् । सदस्य संस्थाका शेयर सदस्य सहित यस प्रक्रियामा सहभागी हुने लाखौ व्यक्तिहरू अन्य आवश्यकतासँग जोडेर समेत थुप्रै अन्य उत्पादनशील उद्योगहरू सञ्चालन गर्नका निम्ति सहकारी क्षेत्रलाई बाटो खुल्ने छ । यी सबै अवस्थाले लुम्विनी प्रदेश मात्र नभई समग्र देशको अर्थतन्त्र सवल बनाउनमा सहकारी क्षेत्रको प्रभावकारीता बढ्नेछ भने अन्य प्रदेशहरूमा समेत यस किसिमका कार्यको नमुनालाई अनुशरण गरी नयाँ नयाँ कार्यहरू गर्न सहकारी क्षेत्रलाई उत्प्रेरणा प्राप्त हुनेछ ।

❑ ❑ ❑

# मिलिजुली कालिञ्चोक साकोसमा आर्थिक अपचलन भएको छैन : नेफ्स्कूनको छानविन प्रतिवेदन

काठमाडौं । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले दोलखाको चरिकोटस्थित मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लि. मा केही समय अघि एक सञ्चारमाध्यममा आए जस्तो कुनै पनि प्रकारको समस्या नभएको स्पष्ट पारेको छ । पौष ८ गते पत्रकार सम्मेलनमार्फत नेफ्स्कूनले उक्त विषय दैनिक नेपाल डट कममा २०७७ कार्तिक २२ गते प्रकाशित गरिएजस्तो कुनै पनि प्रकारको आर्थिक अनियमितता, अपचलन वा बदनियतपूर्ण कार्य नभएको आधिकारिक धारणा सार्वजनिक गरेको हो । संघमा आवद्ध एवं गुणस्तर सुनिश्चिता सम्बन्धी एशिया स्तरको ब्रान्ड समेत प्राप्त समुदायको विश्वास जित्न सफल संस्थाका बारेमा सञ्चार माध्यममा समाचार प्रकाशित भए लगत्तै नेफ्स्कूनले आफ्नो प्राविधिक टोलीमार्फत स्थलगत विस्तृत अध्ययन अनुसन्धान गरी तयार पारिएको प्रतिवेदन सार्वजनिक गर्न आज आयोजना गरेको पत्रकार सम्मेलनमा संघका अध्यक्ष परितोष पौड्याल र बरिष्ठ उपाध्यक्ष एवं प्रबक्ता चन्द्र प्रसाद ढकालले उक्त जानकारी गराउनुभएको हो । प्रतिवेदनमा संस्थाको ऋण लगानी, त्यसको सीमा, सवारी साधनको प्रयोग, संस्थाको भवन निर्माण, कोष व्यवस्थापन, एकीककरण प्रक्रिया, एक्सेस्, सम्मान तथा पुरस्कार आदि विषयमा गरिएको विस्तृत अनुसन्धानबाट कुनै किसिमको अनियमितता वा आर्थिक अपचलन नभएको संघद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेफ्स्कूनले मिलिजुली कालिञ्चोक विगत ८ वर्षदेखि संघको नियमित अनुगमनमा रहेको र समाचारमा आरोप लगाइएको जस्तो कुनै प्रकारको सुशासनको समस्या वा बदनियतपूर्ण गतिविधि नभएको जनाएको छ । नेफ्स्कून प्रबक्ता ढकालले उक्त संस्था संघको नियमित अनुगमन र सुपरिवेक्षणमा रहेकोले साकोसको वित्तीय सुरक्षाको प्रत्याभूति गर्ने समेत प्रतिवद्धता सहितको प्रेस विज्ञप्ति वाचन गर्नुभएको थियो ।

कार्यक्रममा संघका अध्यक्ष पौड्यालले सदस्य संघ संस्थाहरूको संस्थागत सुशासनको विषयमा नेफ्स्कून गम्भीर रहेको भन्दै जिम्मेवार पत्रकारिताको अपेक्षा गरेको बताउनुभयो । उहाँले केही विषयमा अतिरञ्जित ढंगले सञ्चारमाध्यममा आएको भन्दै दु:ख समेत व्यक्त गर्नुभयो । सहकारी विभागबाट समेत प्राप्त पत्रलाई ध्यानमा राख्दै गरिएको स्थलगत छानविनबाट पनि त्यस्तो कुनै समस्या नरहेको अध्यक्ष पौड्यालले बताउनुभयो । समाचार प्रकाशनमा आए लगत्तै नेफ्स्कूनले उक्त विषयलाई गम्भीर रूपमा लिएर तत्कालै छानविनका लागि टोली पठाएको उहाँले बताउनुभयो । नेफ्स्कूनले सदस्यहरूको संस्थागत र वित्तीय सुशासनलाई निक्कै महत्व दिएको उहाँले स्पष्ट पार्नुभयो । अध्यक्ष पौड्यालले सञ्चारमाध्यमको सही खबरदारीले सबैलाई सुसूचित गर्ने भएपनि वित्तीय संस्थाको संवेदनशीलताका विषयमा सञ्चार माध्यमहरूबाट अझै धेरै गाम्भीर्यता आवश्यक पर्ने उल्लेख गर्नुभयो ।

संघका बरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता ढकालले अध्ययन प्रतिवेदनले कुनै पनि प्रकारको समस्या संस्थामा नरहेको दावी गर्नुभयो । उहाँले एक्सेस कार्यक्रमको अन्तिम लेखापरिक्षण एशियाली ऋण महासंघका प्रतिनिधि स्वयंको उपस्थितिमा भएको समेत स्पष्ट पार्दै नेफ्स्कून सदस्य संघ संस्थाहरूको सुशासन, वित्तीय सुरक्षा, जिम्मेवारीबोध आदि विषयमा गम्भीर रहेको बताउनुभयो । सोही कारण समाचार आउने वित्तीकै छानवीनको प्रक्रिया अघि बढाइएको बरिष्ठ उपाध्यक्ष ढकालको भनाई थियो । यस्ता विषयमा नेफ्स्कून अत्यन्त गम्भीर रहेको र कुनै सम्झौता विना सदस्यहरू संघ संस्थाहरूमा सुशासन प्रवर्द्धनमा खटेको उहाँले बताउनुभयो ।

कार्यक्रममा संघका लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटा, कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, प्रशासन विभाग प्रमुख सञ्जयराज तिमिल्सिना, प्राचार्य गणेश प्रसाद तिमल्सिना, व्यवसाय विभाग प्रमुख राधेश्याम श्रेष्ठ लगायतको उपस्थिति थियो । संघबाट मिलिजुली कालिञ्चोक सहकारीका सम्बन्धमा सत्यतथ्य छानविन गरी प्रतिवेदन तयार गर्न गठित २ सदस्यीय प्राविधिक टोलीका संयोजक बरिष्ठ अधिकृत बल्लभ तिमल्सिना तथा सदस्य, अनुगमन अधिकृत दिपक अर्याल समेत सहभागी कार्यक्रममा संघका अध्यक्ष तथा बरिष्ठ उपाध्यक्षले पत्रकारहरूको जिज्ञासा सम्बोधन गर्नुभएको थियो ।

❑ ❑ ❑



# सहकारी क्षेत्रका सबै समस्या एउटै राउन्ड टेबलबाट समाधान गरौं : अर्थमन्त्री पौडेल



अर्थमन्त्री विष्णु प्रसाद पौडेलले सहकारी क्षेत्रमा देखिएका सबै समस्याहरू एउटै गोलमेच बैठकबाट समाधान गर्न सकिने बताउँदै त्यसका लागि सरोकारवालाहरू सबैलाई आव्हान पनि गर्नुभएको छ । उहाँले सहकारीमा अब गुनासो गर्न छाडेर आफुले गर्नुपर्ने कामहरू सतप्रतिशत गर्न र सरकारले गर्नुपर्ने कामका बारेमा एउटै टेबलमा सबै बसेर समाधानको मार्ग पहिल्याउन सकिने भन्दै त्यसको लागि सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

ललितपुरमा पुस २७ गते भएको राष्ट्रिय सहकारी महासंघ नेपालको २८ औं वार्षिक साधारणसभाका प्रमुख अतिथि सरकारका प्रभावशाली मन्त्री पौडेलले भन्नुभयो, "आवश्यक परे प्रधानमन्त्री, म आफै, सहकारी मन्त्री, राष्ट्र बैंकका गर्भनर सबैसँग सहकारी अभियन्ताहरू एउटै राउन्ड टेबलमा बसेर सबै समस्या तथा गुनासाहरूको समाधान गर्न सरकार तयार छौं, म यो मञ्चबाटै त्यसको लागि आव्हान गर्छु ।" प्रमुख अतिथिले उक्त भनाई राखेपछि राष्ट्रिय सहकारी महासंघको सभाहलमा ताली बजेको थियो ।

सहकारी अभियानका तर्फबाट धेरै गुनासाहरू आउने गरेको चर्चा गर्दै मन्त्री पौडेलले भन्नुभयो - "गुनासोले गन्तव्यमा पुगिदैन, सरकारले के गर्नु पर्ने हो ? सहकारी क्षेत्रको समग्र रूपान्तरणका लागि योजना बनाउनुस्, र आउनुस् एउटै राउण्ड टेबलबाट समस्याको समाधान गरौ ।" समाजवाद निर्माणको जगका रूपमा रहेको सहकारी क्षेत्रलाई संविधानको स्पिरिट जस्तो महत्व दिन नसकिएको स्वीकार्दै उहाँले यस क्षेत्रका समस्याहरूलाई पटक पटक गरेर नभई एकै बसाईबाट समाधानको मार्ग पहिल्याउन सरकार तयार रहेको जानकारी गराउनुभयो । अर्थ मन्त्री पौडेलले अब गुनासो भन्दा आफ्नो काम सत प्रतिशत गर्न अभियानकर्मीहरूलाई आग्रह समेत गर्नुभयो । एकै बसाईबाट सहकारीका सबै समस्या समाधान गर्न सकिने र त्यसको लागि सरकार तयार रहेको भन्दै उहाँले पहलकद्मी गर्न अभियानकर्मीहरूको ध्यानाकर्षण समेत गराउनुभयो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बाहाङफेले महासंघले सबै सहकारीहरूलाई समेट्नुपर्ने भन्दै यस क्षेत्रमा रहेका विकृतिहरू हटाउन समेत ठोस कार्यक्रम अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले सहकारी मैत्री नरहेका कानुनहरू संशोधन अहिलेको अवस्थामा सम्भव नभएपनि अन्य विषयहरू समाधानका लागि सरकार र मन्त्रालयको सहयोग रहने जानकारी गराउनुभयो ।

भौतिक उपस्थिति र भर्चुअल माध्यमबाट सञ्चालन भैरहेको साधारणसभामा महासंघका अध्यक्ष मीनराज कंडेलको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष तथा आइसीएका ग्लोबल बोर्ड मेम्मर ओमदेवी मल्लको स्वागत र महासंघका प्रमुख कार्यकारी अधिकृत चित्रा कुमारी थाम्सुहाङको सञ्चालनमा भैरहेको छ । कार्यक्रममा महासंघका निर्वतमान अध्यक्ष एवं सल्लाहकार केशब प्रसाद बडाल, संस्थापक अध्यक्ष एवं सल्लाहकार दीपकप्रकाश बाँस्कोटा, उपाध्यक्ष रमेश पोखरेल लगायत देशभरका केही सहकारी अभियानकर्मीहरू प्रत्यक्ष र अरू भर्चुअल माध्यमबाट सहभागी हुनुभएको छ ।

# सामुदायिक संस्थाको सहकारीकरणका लागि गरिबी निवारण कोष र नेफ्स्कूनबीच समझदारी

गरिबी निवारण कोषद्वारा प्रवर्दित सामुदायिक संस्था (समूह) को सहकारीकरणका लागि गरिबी निवारण कोष र नेफ्स्कूनबीच समझदारी भएको छ । पुस २६ गते काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच कोषका कार्यकारी उपाध्यक्ष निर्मल कुमार भट्टराइ र नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल बीच समझदारी पत्र आदान प्रदान भएको हो ।




राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष एवं कार्यक्रमका प्रमुख व्यक्तित्व माधव प्रसाद ढुङ्गेलले महत्वपूर्ण इतिहास बोकेको संस्था गरिबी निवारण कोष र समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्पसँग व्यावहारिक हिसावले जोडिएको सहकारी क्षेत्रकै नेतृत्वदायी संस्था नेफ्स्कूनसँगको सहकार्यले निश्चित गति लिने विश्वास व्यक्त गर्नुभयो । कोष मातहतमा रहेको पैसालाई साँचो अर्थमा उपयोग गर्ने, उद्यमशिलता विकास, क्षमता विकास र निश्चित मुल्य मान्यतासहित सहकारीसँग जोडेर अगाडि बढाउने दिशामा सफलतम सहकार्यका लागि शुभकामना व्यक्त गर्नुभयो ।

कोषका कार्यकारी उपाध्यक्ष भट्टराईले नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको भूमिकाको चर्चा गर्दै सहकारी क्षेत्रलाई बढी भन्दा बढी सवलीकरण गरी नेपालको दुर दराजमा रहेका गरिबको घरदैलोमा सहकारी सेवा पुऱ्याउन सकेमात्रै गरिबी निवारण सम्भव हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सहकारी अभियानको क्षेत्रमा नेफ्स्कून एक पायोनियर संघको रूपमा रहेको हुँदा ६४ जिल्लाका ५ सय ५१ स्थानीय तहमा सञ्चालित ३२ हजार २ सय ७६ सामुदायिक संस्थालाई सहकारी संस्थामा रूपान्तरण गरी करिब १ लाख ५० हजार स्वरोजगार सिर्जना गर्ने लक्ष्य सहित सहकार्यको अवधारण अगाडि बढाइएको विचार व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले राज्यको शक्ति र सामर्थ्य गरिबी निवारणको दिशामा परिलक्षित भएको सन्दर्भ उल्लेख गर्दै सहश्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य प्राप्तिको चरणमा गरिबी निवारण प्रधान विषय रहेको उल्लेख गर्नुभयो । बहुआयामिक गरिबी निवारणका लागि राज्यपक्षको सम्बोधन सँगै अब सहकारी क्षेत्र पनि उत्तरदायिपूर्ण भएर अगाडि बढ्ने संकल्पको अर्को एउटा चरण आज सम्पन्न दुइपक्षिय समझदारी रहेको र यसलाई आर्थिक विकासमा जोड्ने गरी कार्यक्रम अगाडि बढ्ने दावी गर्नुभयो ।

हाल गरिबी निवारण कोषको करिब १९ अर्ब पुँजी सामुदायिक संस्थामार्फत परिचालन भइरहेको छ । चालु आर्थिक वर्षको बजेट बक्तव्यमार्फत सरकारले गरिबी निवारण कोष अन्तर्गत सञ्चालित ती सामुदायिक संस्थालाई सहकारीमा रूपान्तरण गर्ने घोषणा गरेको थियो । कोषमार्फत प्रवर्द्धित सामुदायिक संस्थाहरू संघीयता कार्यान्वयनसँगै हाल स्थानीय तहको क्षेत्राधिकार भित्र छन् । ती संस्थाहरूलाई सहकारीमा रूपान्तरणको विषय बजेटमा अटाएसँगै नेफ्स्कूनको तत्परतामा गरिबी निवारण कोषसँग विभिन्न समयमा भएका छलफलपछि विस्तृत अध्ययन गर्न कार्यदल गठन भएको र कार्यदलले गत पुस २३ गते कोष र नेफ्स्कूनलाई संयुक्त रूपमा अध्ययन प्रतिवेदन हस्तान्तरण गरेको थियो ।

अध्ययन कार्यदलमा गरिबी निवारण कोषका उपनिर्देशक अञ्जन न्यौपाने, नेफ्स्कूनका प्रशासन विभाग प्रमुख सञ्जयराज तिमल्सिना, कोषका शाखा अधिकृत कृष्ण न्यौपाने र नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत नविनराज दाहाल हुनुहुन्छ ।

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।
Like Comment Share
यदि तपाईंसँग कुनै समाचार भएमा : saccosaawaj@gmail.com मा पठाउनुहोला ।

# वित्तीय सहकारीको प्रगति मापनमा एलिफेन्ट्स् (ELEPHANTS)



**डा. नवराज सिम्खडा**


सहकारीविद्



वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुले वित्तीय विश्लेषणका लागि पर्ल्स (PEARLS) प्रयोग गर्ने गरेका छन् भने बैंकहरुले क्यामेलस् (CAMELS) प्रयोग गरेको पाइन्छ । यसको अलवा, अन्तर्राष्ट्रिय संस्था जस्तै संयुक्त राष्ट्र संघ पुँजी विकास कोष (United Nations Capital Development Fund - UNCDF) र साना उद्यम शिक्षा तथा विकास (Small Enterprise Education Promotion - SEEP) ले लघु वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण गर्न तथा प्रगति मापन गर्न छुट्टै सूचकहरुको विकास गरेका छन् ।

सहकारी संस्थाका, उद्देश्य र सेवाहरूको प्रकारले यसको प्रगति मापन गर्ने उपर्युक्त सूचक तथा मानदण्डको माग गर्दछ । वित्तीय सेवा प्रदान गर्ने संस्थाहरूको प्रगति मापन गर्नका लागि विश्वमा मूलतः तीन प्रकारका प्रणाली/टुलहरू (tool) प्रयोगमा आएको पाइन्छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूले वित्तीय विश्लेषणका लागि पर्ल्स (PEARLS) प्रयोग गर्ने गरेका छन् भने बैंकहरूले क्यामेलस् (CAMELS) प्रयोग गरेको पाइन्छ । यसको अलवा, अन्तर्राष्ट्रिय संस्था जस्तै संयुक्त राष्ट्र संघ पुँजी विकास कोष (United Nations Capital Development Fund - UNCDF) र साना उद्यम शिक्षा तथा विकास (Small Enterprise Education Promotion - SEEP) ले लघु वित्तीय संस्थाहरूको वित्तीय विश्लेषण गर्न तथा प्रगति मापन गर्न छुट्टै सूचकहरूको विकास गरेका छन् । यो सूचकहरू वित्तीय सेवा प्रदान गर्ने सहकारीका लागि पनि उपयुक्त हुन्छ किनभने वित्तीय सहकारी र लघु वित्तीय संस्थाहरू दुवै गरीब र साना किसानहरूका लागि सेवा प्रदान गर्ने कार्यमा सलंग्न रहेका हुन्छन् ।

क्यामेल्स् बैंक तथा वित्तीय संस्थाहरूको लागि बनाइएको हुँदा यसमा प्रयोग भएका सूचकहरू सहकारी संस्थाहरूका लागि उपयुक्त नहुन सक्छन् । बैंक तथा वित्तीय संस्थाहरूको मुख्य उद्देश्य भनेको बढी भन्दा बढी नाफा कमाउनु हो भने सहकारी संस्थाहरूका मुख्य उद्देश्य भनेको सदस्यहरूलाई सेवा दिनु हो । त्यस कारण क्यामेल्स्मा प्रयोग भएका सबै सूचक र मापदण्डहरूलाई सहकारी संस्थामा हुबहु लागू गर्न मिल्दैन । तर पनि यसका केही सूचकहरूलाई सहकारी संस्थामा अपनाउन सकिन्छ । पर्ल्समा भएका सबै ४६ वटा वित्तीय सूचकहरू संस्थाको प्रगति मापन गर्न प्रयोग भएको पाइदैन र पर्ल्समा भएका सूचकहरू मध्य कतिवटा सूचकहरू अनिवार्य हुन्छन् भन्ने कतै पनि प्रष्ट उल्लेख भएको पाईदैन । पर्ल्स र क्यामेल्स्बाहेक, ग्ल्ऋँ र साना उद्यम शिक्षा तथा विकास (SEEP) ले लघुवित्त संस्थाहरूको प्रगति मापन गर्न चार खण्ठ अन्तर्गत १८ वटा सूचकहरू सिफारिस गरेका छन् । वित्तीय संस्थाहरूको प्रगति मापन गर्न प्रयोग भएका यी विभिन्न टुलहरूको बीचमा तुलना गर्दा धेरै सूचकहरू मिल्दा जुल्दा छन् भने केही सूचकहरू फरक छन् र एउटा भएको प्रगति मापन गर्ने राम्रो सूचक अर्कोमा छैनन् । नेपालका सहकारी संस्था, संघ र सहकारी प्रवर्तन




गर्ने निकायहरूले माथि उल्लेख भएका टुलहरूमा भएका अनुपात मध्ये केही अनुपातहरू छानेर आफ्नै टुल बनाउने तथा भई रहेको टुलमा थपघट गरी प्रयोग गर्ने गरेको पाईन्छ ।

धेरै सहकारी संस्थाहरूले पर्ल्स प्रयोग गरे पनि पर्ल्समा भएका ४६ वटा सूचकहरू मध्ये संस्थाको प्रगति मापन गर्न कुन कुन सूचकहरू समावेश गर्ने भन्ने बारेमा प्रयोगकर्ताहरू बीच समान धारणा पाइँदैन । उदाहरणको लागि, एसिएन ऋण महा संघ (Asian Confederation of Credith Union- ACCU) ले बनाएको एक्सेस टुलमा पर्ल्समा भएका ४६ वटा सूचकहरू मध्ये १३ वटा मात्र प्रयोगमा ल्याएका छन् । नेपाल बचत तथा ऋण केन्द्रीय संघले तयार पारेको सहकारी संस्थाहरूको प्रगति मापन गर्न बनाएको एच्ह्द्यब्क्ष्इल मा पर्ल्सका १५ वटा सूचकहरू समावेश गरेको छ । तसर्थ, प्रयोगकर्ताहरूको विचमा पर्ल्सको कति वटा सूचकहरूको प्रयोग गर्ने सम्बन्धमा एकरूपता पाईंदैन ।

पर्ल्स्मा ४६ वटा सूचकहरू भए तापनि, यसमा संस्थाको प्रगति मापन गर्न धेरै महत्वपूर्ण सूचकहरू जस्तै उत्पादकत्व, प्रभावकारिता र दिगोपना मापन गर्ने सूचकहरू छैन । यी सूचकहरू वित्तीय संस्थाहरूका लागि अति महत्वपूर्ण सूचकहरूको रूपमा लिइन्छ । यसको अलवा, समावेशीता संस्थाको व्यवस्थापन, मानवीय संशाधन, सेवाका प्रकारहरू आदि बारे अध्ययन गर्ने सूचकहरू पनि पर्ल्समा छैन । यी माथि उल्लेखित विवरणहरूले के जनाउँछ भने पर्ल्समा भएका सूचकहरूमा अपुग छन् र यसमा थप सूचकहरू समावेस गरी सुधार गर्नु पर्ने हुन्छ । थप सूचकहरू समावेश नगर्ने हो भने पर्लसले वित्तीय सहकारी संस्थाहरूको पूर्ण रूपमा प्रगति मापन गर्न सक्दैन ।

**प्रगति मापनको असल अभ्यासहरू**

अन्तर्राष्ट्रिय स्तरमा वित्तीय संस्थाको प्रगति मापन गर्न प्रयोग भएका असल अभ्यासहरू नेपालको सहकारी संस्थाहरूको प्रगति मापन गर्न प्रयोग भएका सूचकहरूमा समावेश गरिएको छैनन् । उदाहरणको लागि, अन्तर ाष्ट्रिय ऋण संघको नियमन गर्ने निकाय (International Credit Union Regulators' Network - ICURN) ले वित्तीय संस्थाहरूको अनुगमन र नियमन गर्ने निर्देशिका जारी गरेको छ । ICURN ले जारी गरेको उक्त निर्देशिकामा सहकारी संस्थाहरूको सुपरिवेक्षण गर्दा पालना गर्नुपर्ने न्यूनतम मापदण्डहरूको बारेमा पनि उल्लेख गरेको छ । ICURN ले जारी गरेको निर्देशिकालाई संस्थाको अनुगमन र निरीक्षण तथा संस्थाको प्रगति मापनको लागि मार्ग दर्शनको रूपमा प्रयोग गरिन्छ । तर नेपालमा सहकारी संस्थाहरूको प्रगति

मापन तथा निरिक्षण गर्दा ICURN ले जारी गरेको निर्देशिकाको पालना तथा सूचकहरूको प्रयोग गरेको पाइँदैन । ICURN को सिद्धान्त अनुसार, राम्रोसँग निर्माण गरिएको प्रगति मापन गर्ने टुलमा वित्तीय, व्यवस्थापन र सूशासन सम्बन्धी सूचकहरू समावेश गरिनु पर्दछ । यस्तो किसिमको टुलले संस्थाको प्रगति र लक्ष्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड तुलना गरी, संस्थाको स्थिरता र सुरक्षा, सदस्यको लगानीको उचित प्रयोग छ/छैन मापन गर्दछ । वित्तीय सूचकहरूको अलावा व्यवस्थापन सम्बन्धी सूचकहरू जस्तै : लक्षित वर्गमा पहुँच, वित्तीय समावेशीकरण, सदस्यको सन्तुष्टी, कानुनको शासन र आन्तरिक नियन्त्रण, र संस्थाको दिगोपना मापन गर्ने अति महत्वपूर्ण सूचकहरू हुन् । तसर्थ, वित्तीय र व्यवस्थापन दुवै पक्षहरूले संस्थाको प्रगतिमा असर पुऱ्याउने हुनाले यी दुवै पक्षलाई संस्थाको मूल्यांकन गर्दा समावेश गरिनु पर्दछ । तसर्थ, एउटा प्रभावकारी तथा पूर्ण रूपमा तयार पारिएको संस्थाको प्रगति मापन गर्ने टुलमा वित्तीय र गैर वित्तीय दुवै सूचकहरू समावेश गरिएको हुन्छ । त्यस्तो किसिमको प्रगति मापन गर्ने सूचकहरूले मात्र संस्थाको सही मूल्यांकन गरी आगामी दिनमा अपनाइनु पर्ने रणनीतिहरू तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउँछ ।

अन्तर्राष्ट्रिय रूपमा प्रयोग भएका वित्तीय संस्थाको प्रगति मापन गर्ने पर्ल्स, क्यामेलस् र लघु वित्त संस्थाहरूको प्रगति मापन गर्न प्रयोग भएका सूचकहरूलाई स्थानीय परिवेशमा उपर्युक्त हुने गरी प्रयोग गर्दा वित्तीय संस्थाको जोखिम तथा प्रगतिको सही मूल्यांकन हुन सक्छ । तर माथि उल्लेख भए अनुसार नेपालमा हालसम्म सहकारी संस्थाहरूको प्रगति मापन गर्ने आवश्यक सबै सूचकहरू समावेश भएको टुल निर्माण हुन सकेको छैन ।

**सहकारी संस्थाको प्रगति मापन गर्न समावेश गरिनु पर्ने सूचकहरू**

सहकारी संस्थाको प्रगति मापन गर्ने विषयमा यस क्षेत्रका विज्ञ, नेतृत्व तहका व्यक्तिहरू, नीति निर्माताहरू, प्रशिक्षक र सहकारी क्षेत्रका अनुभवि व्यक्तिहरूको सल्लाह र प्रगति मापन सम्बन्धमा प्रकाशित विभिन्न सामाग्रीको पनि अध्ययनको आधारमा प्रगति मापन गर्ने टुलमा निम्न नौ पक्षहरू समावेश गरिनु पर्दछ । जस मध्ये, सात वटा पक्षहरू वित्तीयसँग र बाँकी दुईवटा पक्षहरूमा समावेशीता र व्यवस्थापनसँग सम्बन्धित छन् । सहकारी संस्थाका सदस्यद्वारा सञ्चालित तथा नियन्त्रित संस्था हुनाले, सुशासन र व्यवस्थापन सम्बन्धित पक्षहरूको मूल्यांकन नगरी संस्थाको प्रगति मापन गर्दा पूर्ण नहून सक्दछ । सहकारी संस्थाको प्रगति मापन गर्न नौ पक्षहरू समेटी बनाइएको टुललाई एलिफेन्टस् (ELEPHANTS) नामाकरण गरिएको छ । एलिफेन्टस्को सूत्र, अन्तर्राष्ट्रिय र नेपालको लागि तय भएको मानदण्ड तल तालिकामा देखाइएको छ ।

**एलिफेन्ट्स् (ELEPHANTS) को सूत्र र मानदण्ड**

| प्रगति मापनको पक्षहरू | सूत्र | मानदण्ड | |
|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय मानदण्ड | नेपालको लागि मानदण्ड |
| **नाफा र दिगोपना (Earnings)** | | | |
| स्प्रेड दर | ऋणमा लगानीबाट भएको आम्दानी दर - बाह्य ऋण र बचतमा तिरेको ब्याजदर | ६% | ६–८% |
| सम्पत्तिमा प्रतिफल (ROA) | खुद नाफा/औसत कुल सम्पत्ति | बजार दर वा मुद्रास्फीति दर भन्दा माथि | ३–५% |
| पुँजीमा प्रतिफल (ROA) | खुद नाफा/औसत कुल पुँजी | बजार दर वा मुद्रास्फीति दर वा निक्षेको ब्याज भन्दा बढी | २०% |
| सञ्चालन आत्मनिर्भरता (OSS) | व्यवसायबाट भएको कुल आम्दानी/(ब्याज खर्च + सञ्चालन खर्च + ऋण सुरक्षण व्यवस्था खर्च) | १२०% | १३०% |
| वित्तीय आत्मनिर्भरता (FSS) | ब्याज आम्दानी/(ब्याज खर्च सम्पूर्ण + सञ्चालन खर्च + ऋण सुरक्षण व्यवस्था खर्च + पुँजीको लागत) | १०५% | ११०% |
| **तरलता (Liquidity)** | | | |
| कुल सम्पत्तिमा तरल सम्पत्तिको अनुपात | तरल सम्पत्ति/कुल सम्पत्ति | १–२% | ५% |
| कुल बचतमा तरल सम्पत्तिको अनुपात | तरल सम्पत्ति/कुल बचत | १०–१५% | १०–१५% |

| प्रगति मापनको पक्षहरू | सूत्र | मानदण्ड | |
|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय मानदण्ड | नेपालको लागि मानदण्ड |
| **प्रभावकारिता (Efficiency)** | | | |
| प्रशासनिक खर्चको अनुपात | कुल प्रशासनिक खर्च/औसत लगानीमा रहिरहेको ऋण | २–३% | २% |
| कुल सञ्चालन खर्चको अनुपात | कुल सञ्चालन खर्च /औसत लगानीमा रहिरहेको ऋण | ४–६% | ८% |
| **उत्पादकत्व (Productivity)** | | | |
| प्रति कर्मचारी सदस्य | कुल सदस्य संख्या/जम्मा कर्मचारी संख्या | ४००–५०० | ३५० |
| प्रति कर्मचारी ऋणी | कुल ऋणी संख्या/ कर्मचारीको संख्या | ३००–४०० | १५० |
| प्रति कर्मचारी लगानीमा रहिरहेको ऋण (रू.करोडमा) | लगानीमा रहिरहेको ऋण/कर्मचारी संख्या | परिपक्कता अनुसार | २–४ |
| प्रति कर्मचारी बचत (रू. करोडमा) | कुल बचत/कर्मचारी संख्या | परिपक्कता अनुसार | १–२ |
| **उपयुक्त वित्तीय संरचना (Healthy Financial Structure)** | | | |
| कुल सम्पत्तिमा लगानीमा रहिरहेको ऋणको अनुपात | लगानीमा रहिरहेको खुद ऋण/कुल सम्पत्ति | ७०–८०% | ८०–९०% |
| कुलसम्पत्तिमा निक्षेप अनुपात | कुल बचत / कुलसम्पत्ति | ७०–८०% | ५०–६०% |
| कुल सम्पत्तिमा शेयर पुँजीको अनुपात | कुल शेयर पुँजी/कुलसम्पत्ति | १०–२०% | १०–२०% |
| कुलसम्पत्तिमा संस्थागत पुँजीका अनुपात | कुल संस्थागत पुँजी/कुल सम्पत्ति | कम्तीमा १०% | १०–२०% |
| कुल सम्पत्तिमा आयआर्जन नगर्ने सम्पत्तिको अनुपात | आय आर्जन नगर्ने सम्पत्ति/कुल सम्पत्ति | बढीमा ५% | बढीमा ५% |
| **सम्पत्तिको गुणस्तर (Assets Quality)** | | | |
| भाखा नाघेको ऋणको दर | कुल भाखा नाघेको ऋण/लगानीमा रहिरहेको ऋण | २% वा सो भन्दा कम | २% |
| जोखिममा रहेको ऋण | ३० दिन भन्दा बढी भाखा नाघेको ऋणको बाँकी साँवा रकम/ लगानीमा रहिरहेको ऋण | ५% | ५% |
| नियमित मासिक ब्याज तिर्ने ऋणी | नियमित ब्याज तिर्ने ऋणी संख्या/कुल ऋण संख्या | अन्तर्राष्ट्रिय मानदण्ड छैन | श्र९५% |
| १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था/१२ महिना भन्दा बढी भाखा नाघेको ऋणको बाँकी साँवा रकम | १००% | १००% |
| १–१२ महिना भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था | १–१२ महिना भाखा नाघेको ऋणको लागि जोखिम कोषको व्यवस्था/१–१२ महिना भाखा नाघेको ऋणको बाँकी साँवा रकम | ३५% | ३५% |
| असल ऋणको लागि जोखिम कोषको व्यवस्था | असल ऋणको लागि छुट्याइएको जोखिम कोषको रकम/कुल असल ऋण (लरर - भाना ऋण रकम) | १% | १% |
| **खुद वृद्धि (Net Growth)** | | | |
| सदस्यमा वृद्धि | यस र गत वर्षको सदस्य बीच फरक/गत वर्षको सदस्य | मुद्रास्फीति दर र औषत जीडीपीको वृद्धि दर भन्दा बढी | मुद्रास्फीति दर +१०% |
| बचतमा वृद्धि | यस वर्ष र गत वर्षको बचतमा फरक/गत वर्षको बचत | | |

| प्रगति मापनको पक्षहरू | सूत्र | मानदण्ड | |
|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय मानदण्ड | नेपालको लागि मानदण्ड |
| संस्थागत पुँजीमा वृद्धि (शेयर र रिजर्भ) | यस वर्ष र गत वर्षको संस्थागत पुँजीमा फरक/गत वर्षको संस्थागत पुँजी | | |
| सम्पत्तिमा वृद्धि | यस वर्ष र गत वर्षको सम्पत्तिमा फरक/गत वर्षको सम्पत्ति | | |
| नाफामा वृद्धि | यस वर्ष र गत वर्षको नाफामा फरक/गत वर्षको नाफा | | |
| **लक्षित वर्गमा पहुँच (Targeting)** | | | |
| कभरेज अनुपात | सहकारीको कार्य क्षेत्रमा कुल घरपरिवार संख्या/सहकारीले समेटेको घरपरिवार संख्या | अन्तर्राष्ट्रिय मानदण्ड तोकिएको छैन | ९५% भन्दा बढी |
| महिला सदस्य अनुपात | कुल महिला सदस्य संख्या/कुल सदस्य संख्या | | ६०% भन्दा बढी |
| बोर्डमा महिला, विपन्न समावेश | बोर्डमा महिला र विपन्न सदस्य/कुल बोर्ड सदस्य | | ६०% भन्दा बढी |
| **स्वशासन (Self-Governance)** | | | |
| व्यवस्थापन तथा स्वशासनसँग सम्बन्धित | पारदर्शीता, विधिको शासन, साधारण सभा र सञ्चालक समितिको नियमित बैठक, प्रभावकारी आन्तरिक नियन्त्रण, रणनीतिक योजना, मानव संशाधन विकास, कार्य सम्पादन मूल्यांकन, कार्य सम्पादनको आधारमा पुरष्कार तथा सुविधा, निर्णयहरूको कार्यन्वयन आदि बारेमा संस्थागत परिक्षण | | |

**Note :** OSS : Operational self-sufficiency, FSS : Financial self-sufficiency, ROA : Return on assets, ROE : Return on equity

सहकारी संस्था समुदायका सदस्यहरू मिली आफ्नो आवश्यकताहरू पूरा गर्न स्थापना भएको संस्था हो । सहकारी संस्थामा लगानी गर्ने पुँजी सदस्यहरूकै शेयर र बचतबाट सङ्कलन गरिन्छ र यसको दैनिक व्यवस्थापन गर्न सदस्यहरू नै मिली गठन भएको साधारण सभाबाट सञ्चालक समितिले चयन गर्दछ । सञ्चालक समितिले दैनिक काम कार्वाहीमा सहयोग पुऱ्याउन कर्मचारीहरूको नियुक्ती गरिन्छ । संस्थाको क्रियाकलापहरू दैनिक रूपमा सञ्चालन गर्न आवश्यक नीति नियम र कार्य विधिहरू बनाउने काम सञ्चालक समिति र साधारण सभाले गर्दछ । बनाइएको नीति नियमहरूको पालना छ/छैन र संस्थाको श्रोतहरू सही सदुपयोग भएको छ/छैन हेर्ने काम लेखा समितिले गर्दछ । तसर्थ, सहकारी संस्थाको सफलताको लागि मानवीय संशाधनको ठूलो महत्व छ । मानवीय संशाधन क्षमतावान तथा कर्तव्य निष्ट भए मात्र सहकारी संस्था सही ढंगबाट स्वशासित भई संस्था सफल हुन सक्छ । अनि मात्र संस्थाको कारोवारहरूको पारदर्शिता, भेदभाव रहित व्यवहार, विधिको शासन भई सदस्यहरूबाट स्वशासित संस्था सफल हुन्छ । संस्थाको स्वशासन सम्बन्धी मापन गर्न सूचकहरू पर्ल्समा छैनन् ।

माथि तालिकामा उल्लेख गरे अनुसार सहकारी संस्थाको प्रगति मापन गर्न वित्तीय र स्वशासन सम्बन्धी दुवै पक्षलाई समेटी सूचकहरू निर्माण गर्नु पर्दछ । स्वशासन सम्बन्धीको मापन विषयगत हुने हुनाले यसको मापन अंकमा यकिन गर्न मुस्किल पर्दछ । समय परिवेश अनुसार र फरक-फरक मूल्यांकन कर्ताले एउटै संस्थाको पनि फरक अंक दिलाउन सक्दछ । एउटा मूल्यांकन कर्ताले धेरै राम्रो भनेको संस्था अर्को मूल्यांकन कर्ताको नजरमा ठीकै राम्रो हुन पनि सक्छ । व्यवस्थापन तथा सुशासन सम्बन्धी सूचकहरू अंकभार बढी राखेमा कमजोर खाले संस्थालाई बलियो संस्था र बलियो संस्थालाई कमजोर खाले संस्थाको रूपमा मूल्यांकन गराउने सम्भावना रहन्छ । वित्तीय तथा स्पष्ट रूपमा नाप्न सकिने सूचकहरूलाई संस्थाको प्रगतिको आधारमा अंक प्रदान गर्न सकिन्छ तर सुशासन र व्यवस्थापन सम्बन्धी सूचकहरूको मापन स्पष्ट रूपमा गर्न सकिँदैन । तसर्थ, एलिफेन्टस् टुलले वित्तीय सूचकहरू प्रत्येकलाई २.५ का दरले ३२ सूचकहरूलाई ८० अंक र व्यवस्थापन सम्बन्धी सूचकहरूलाई २० अंक प्रदान गरिएको छ ।

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।
Like Comment Share
यदि तपाईंसँग कुनै समाचार भएमा : saccosaawaj@gmail.com मा पठाउनुहोला ।





# व्यावसायिक संगठन भन्दा सहकारीको लिडर भन्न रुचाउँछु

**डी.बी. बस्नेत**
निर्वमान अध्यक्ष एवं सल्लाहकार, नेफ्स्कून
सञ्चालक, राष्ट्रिय सहकारी महासंघ
कार्यकारिणी सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ

अन्तर्वार्ता

उद्योग व्यापार सँगसँगै सहकारी अभियानमा जोडिनुभएका नेफ्स्कूनका सल्लाहकार, निवर्तमान अध्यक्ष एवं राष्ट्रिय सहकारी महासंघका बर्तमान सञ्चालक डी.बी. बस्नेत भर्खरै सम्पन्न उद्योग वाणिज्य महासंघको निर्वाचनबाट नगर तर्फको कार्यकारिणी सदस्य पदमा समेत निर्वाचित हुनुभएको छ । दोलखा जिल्लामा २०४७ सालबाटै बचत अभियानको शुत्रधारको रूपमा परिचित बस्नेत २०५० सालमा दोलखा जिल्ला बचत संघ गठन गरी ५ वर्ष त्यसको नेतृत्वमा रहनुभयो । नेफ्स्कूनको प्रारम्भिक साधारणसभा (२०५०) बाट सञ्चालकमा प्रवेश गर्नुभएका बस्नेत एक कार्यकाल महासचिव, दुई कार्यकाल बरिष्ठ उपाध्यक्ष र एक कार्यकाल अध्यक्षको नेतृत्व सम्हालिसक्नुभएको छ ।

मुलुकको आर्थिक विकासमा निजी क्षेत्र र सहकारी क्षेत्र दुवैको भूमिका महत्वपूर्ण छ । आर्थिक समृद्धि हाँसिल गर्ने दिशामा यी दुवै क्षेत्रको समन्वयात्मक सहकार्यलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा राष्ट्रिय सहकारी महासंघको सञ्चालक र उद्योग वाणिज्य महासंघमा कार्यकारिणी सदस्य पदमा रहनुभएका बस्नेतसँग नेफ्स्कूनका सञ्चार अधिकृत राधा पौडेलले गर्नुभएको कुराकानीको सारसंक्षेप:

१. **उद्योग वाणिज्य महासंघको अहिलेको स्थिति कस्तो छ ? खासगरी कोभिड यताको मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन महासंघको योजना के छन् ?**

ã उद्योग वाणिज्य महासंघ पछिल्लो समयमा सुस्ताएको अर्थतन्त्रलाई गतिदिने अभियान स्वरूप रोडम्याप निर्माणको तयारीमा छ । कोभिड आक्रान्त भएको अवस्थामा व्यवसाय सिथिल थियो । यस समयमा सबैभन्दा धेरै गाह्रो लघु घरेलु उद्योगका लागि भयो । सानासाना उद्योगहरू जसले २/३ लाख लगानी गरेर २/४ जनाको परिवारलाई रोजगारी पनि दिएको थियो र उसको रोजीरोटी पनि चलेको थियो । त्यस्ता मान्छेहरू लामो समयसम्म लकडाउन भएपछि घरभाडा तिर्न नसकेर बैंकको ऋण तिर्न नसकेर कष्ठपूर्ण जीवन बिताइरहेका छन् । कतिपय मान्छेहरू सटर खोल्नै नआएको अवस्था छ । यो अवस्थामा अरू धेरै देशहरूले प्याकेजमै ग्राण्ड दिए तर नेपालमा ग्राण्डको सम्भावनै छैन । उद्योग वाणिज्य महासंघको पहलमा सरकारले सफ्ट लोनमा पुनरकर्जा दिने निर्णय गर्‍यो तर त्यसमा पनि सबैको पहुँच पुग्नै सकेन । त्यसका लागि हामीले सरल माध्यम भनेको सहकारी नै हो भनेर काम अगाडि बढाउन लागिरहेका छौं । सरकारले सहकारीलाई केही हदसम्म सहयोग गर्नुपर्छ र सफ्ट लोन सहकारीमार्फत जानुपर्छ भन्नेमा मेरो जोड छ । सहकारीमार्फत सामाजिक सुरक्षा भत्ता, पेन्सन जानुपर्छ । दुर दराजका गाउँ गाउँमा सहकारीले सेवा दिइरहेको छ । सरकारले यसतर्फ ध्यान दिइरहेको छैन । उद्योग वाणिज्य महासंघ (निजी क्षेत्र) र सहकारी क्षेत्रमार्फत संयुक्त रूपमा यो आवाजलाई सँगै लानेगरी नेटवर्किङ र मध्यस्थताको कामका लागि मेरो पहदकदमी रहन्छ । मलाई केही साथीहरूले निजी क्षेत्र र सहकारी क्षेत्र बीच आफैमा द्वन्द्व छ, निजी क्षेत्र र सहकारी दुवै नै परस्पर अन्तरसम्बन्ध नभएको क्षेत्रमा तपाईंले दुवैतर्फ कसरी काम गर्नुहुन्छ भन्ने प्रश्न पनि उठाइरहनु भएको छ । उद्योग वाणिज्य महासंघ मार्फत सहकारीको प्रवर्द्धन गर्ने र सपोर्टिङ कार्यक्रम ल्याउने विषयमा मेरो भूमिका रहनेछ भन्ने विश्वास लिएको छु ।

२. **सहकारी र उद्योग वाणिज्य महासंघबीच सहकार्यका के कस्ता सम्भावनाहरू देख्नुहुन्छ ?**

ã उद्योग वाणिज्य महासंघले मलाई लघु घरेलु तथा साना उद्योग क्षेत्रको जिम्मेवारी दिएको छ । अब यसमा सहकारीलाई सँगसँगै लैजानको

लागि सहकारीमा संकलित पुँजीलाई उद्यमशीलतामा कसरी जोड्ने भन्ने विषयमा काम गर्न खोजिएको छ । उद्योग वाणिज्य महासंघ ब्राण्डको मोडालिटि बनाउने, प्रडक्सनको सेक्टरहरू हेर्ने र त्यसलाई स्थानीय र अन्तर्राष्ट्रिय बजार लिंकेज गर्ने, उपभोक्ताहरूको मागलाई बुझेर काम गर्ने खालको सञ्जालीकरण हो । वित्तीय कारोवार गर्ने सहकारीहरूले बचत गर्ने बानीको विकास गर्ने र उनीहरूको उत्पादनको काममा जोड दिन्छ । उत्पादनलाई सरकार र अन्तर ाष्ट्रिय सञ्जालसम्म विस्तार हुने गरी संयुक्त रूपमा उद्योग वाणिज्य महासंघले काम गर्छ ।

साथै लगानीको क्षेत्रमा सफ्ट लोन सहकारीमार्फत जानेगरी सरकारसँग दवाव दिने, बजार व्यवस्थापन र सहकारीको पहुँच नपुग्ने र सहकारीले गर्न नसक्ने क्षेत्रमा उद्योग वाणिज्य महासंघले सहकारीहरूको सहयोग र प्रवर्द्धनका लागि काम गर्नेछ । विशेष गरी कृषि उत्पादनको क्षेत्रमा धेरै काम उद्योग वाणिज्य महासंघले गरिराखेको र सहकारीलाई पनि त्यसमा टाइअप गरेर लाने विषयमा मैले जोड दिनेछु । निजि क्षेत्रको कुरा सरकारले जति सजिलै सुन्छ, त्यति सजिलै सहकरीको कुरा सुनेको अवस्था छैन । सरकारसँग लैजाने विषयमा पनि निजि क्षेत्र र सहकारी दुवै संयुक्त रूपमा जाने बातावरण तयार गर्नमा मेहरो पहल हुनेछ ।

**३. तपाईं आफूलाई व्यवसायी भन्न रूचाउनुहुन्छ या सहकारी अभियानकर्मी ? समय व्यवस्थापन कसरी गर्दैहुनुहुन्छ ?**

ã मैले आफ्नो निजि व्यवसाय नेफ्स्कूनको अध्यक्ष भएदेखिनै निकै कम गर्दै लगेको थिएँ । साथीहरूसँगको साझेदारीमा व्यवसायहरू सञ्चालन भइरहेका छन् । पूर्णकालिन समय व्यवसाय भन्दा पनि समाजसेवाकै क्षेत्रमा बढी छ । पेट्रोलियम व्यवसाय, छापाखाना, दूध उद्योग, फलफूल उद्योगमा मेरो सहभागिता छ तर व्यवसायमा मेरो एक्टिभ रोल छैन । सहकारी र समाजसेवा नै मेरो पहिलो रोजाइ बनेको छ अहिले । १०/५ को सचिवालयको काम गर्ने गरी जिम्मेवारी कहीँ कतै को पनि लिएको छैन । समय व्यवस्थापन सहज रूपले गरिरहेको छु । सहकारीको क्षेत्रमा राष्ट्रिय सहकारी महासंघमा सञ्चालकमा छु । उद्योग वाणिज्य महासंघमा सचिवालय सक्रिय छ । नीति निर्माण र वहश पैरवीको क्षेत्रमा काम गर्नुपर्ने हो, त्यति धेरै ठूलो समय दिनुपरेको छैन । हरेक कामका आफ्नै प्रणाली विकास भएका छन । विगतको तुलनामा लामो लामो भाषण, छलफल र बैठक बस्ने प्रचलनमा परिवर्तन पनि भएको छ । विषयगत रूपमा जे विषय छ त्यहि क्षेत्रमा उपयोगी हुने ढंगले कार्यक्रम शुरू गर्ने गरिन्छ । अहिले रमाइलोसँगै समय व्यवस्थापन भइरहेको छ । धेरै समय सहकारीमै लागेको छु । व्यावसायिक संगठनको लिडर भन्दा पनि सहकारीको लिडर भन्नमै बढी मन पराउँछु ।

**४. स्वतन्त्र सहकारी अभियन्ताको भूमिकामा रहँदा सहकारीका शीर्षस्थ निकायसँग सदस्यहरूको सन्तुष्टि कस्तो रहेको पाउनुहुन्छ ?**

ã सहकारीको फेडेरेसनसँग सहकारीका सदस्यहरू आफैने त्यति धेरै सन्तुष्ट नभएको देखिएको छ । महासंघमा जाने साथीहरू स्वेच्छिक रूपले काम गर्ने हो, सबै साथीहरूले धेरै नै काम गर्नुभएको छ । संघ महासंघको नेतृत्वमा बस्ने सबैले जसरी मेहनत गर्नुभएको छ, त्यो प्रकारले सरकारी सहयोग प्राप्त भएको छैन । हामी सरकारसँग जुन प्रकारको भिजनहरू लिएर जान्छौं । नीतिगत निर्णय गरिदिनुपर्ने ठाउँमा हाम्रो स्वार्थका लागि मात्र गएको जस्तो सरकारले ठानिरहेको छ । सरकारका प्रतिनिधि र सरकारी पदहरूमा बारम्बार कर्मचारीहरू परिवर्तन भइरहने कारणले गर्दा पनि समस्या आएको छ । हाम्रा केही नीतिगत विषयहरूमा सरकारले सरासर काम नगरिदिँदा फेडरेसनको भूमिका कमजोर देखिएको छ । यसको जवाफदेही राज्य हो । यसकारण पनि अभियानमा सदस्यहरूको असन्तुष्टि रहेको मैले महसुस गरेको छु ।

**५. राष्ट्रिय सहकारी महासंघको सञ्चालकमा हुनुहुन्छ । महासंघ कसरी अगाडि बढिरहेको छ ?**

ã राष्ट्रिय सहकारी महासंघ सहकारीका धेरै नीतिगत विषयहरू संस्थागत गर्ने दिशामा निरन्तर अगाडि बढिरहेको छ । भौतिक रूपमा हेर्ने हो भने महासंघ निकै सबल भएको छ । तर आर्थिक हिसाबले हेर्दा आफ्नो स्रोत बलियो बनाउने अर्थात कमाउने स्रोत अहिलेसम्म पत्ता लगाउन सकेको छैन । मेरो अहिलेको जोड भनेको महासंघ आत्मनिर्भर बनोस्, आफ्नो खर्चले उ बाँच्न सकोस भन्ने हो । सोही उद्देश्यले त्यस तर्फका प्रोजेक्ट र कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्छ भन्नेमा बढी ध्यान गएको छ । म सुझाव दिने ठाउँमा छु, त्यसमा के कति गर्न सकिन्छ मेरो प्रयास त्यसमै छ । हिजोका दिनमा नेफ्स्कून पनि आजको महासंघकै परिवेशमा गुज्रिएको थियो । कसैले दिएपछि चल्थ्यो, धेरै समय हात थापेरै पनि चलायौं । तर आज नेफ्स्कून आफ्नै खुट्टामा उभिन सक्ने भएको छ । महासंघ अहिले पनि अप्ठ्यारो अवस्थामा छ । विषयगत केन्द्रीय संघहरू र महासंघ बीच पनि प्रभावकारी सम्बन्ध र सहकार्यको कमी छ । सबै एक ढिक्का भएर सरकारकोमा गएमा सरकारले पनि नगरिकन सुख पाउँदैनथ्यो । अभियानले लिएर गएको कुरा नीति, विधि र कानुनभन्दा बाहिरको छैन सबै सिस्टममा चलेको छ, तर अभियानबीचको ऐक्यवद्धता कमजोर भयो भने सरकारले पनि नसुनेझै गरेर टार्दोरैछ । यसका लागि अभियानका नेतृत्वहरू सशक्त हुनैपर्छ भन्ने मेरो सुझाव हो ।

**६. नेफ्स्कूनको निवर्तमान अध्यक्ष एवं सल्लाहकार पनि हुनुहुन्छ ? नेफ्स्कूनलाई कसरी हेरिरहनु भएको छ ?**

ã नेफ्स्कूनको नेतृत्वमा परिपक्क र खारिएका साथीहरू हुनुहुन्छ । अरू सहकारी संघसंस्था जस्तो नेफ्स्कून होइन । नेफ्स्कून व्यवस्थापन टीम पनि सशक्त छ । बोर्डले नीतिगत काम गर्ने हो । नेफ्स्कूनभित्र व्यवस्थापनको

सकारात्म ट्रेण्ड विकास भएको छ । अरू संस्थामा जस्तो नेफ्स्कूनमा नयाँ सञ्चालक समिति आउँदा र जाँदामा विग्रिने र बनिहाल्ने त्यस्तो हुँदैन । नेतृत्वमा बस्नेहरूले नीति नियम र दीर्घकालिन लक्ष्यलाई निश्चय पनि हेर्नुपर्छ । अघिल्लो नेतृत्वले बनाइदिएका नीतिहरूभित्र बसेर उहाँहरूले काम गरिरहेको हुन्छ । उहाँहरूले बनाइदिएको नीतिले अब आउने पुस्ताले काम गर्छ । नेफ्स्कूनमा अहिले हुनुभएका पदाधिकारी, सञ्चालक साथीहरू सबैनै प्रफेक्ट हुनुहुन्छ । वित्तीय सहकारी कसरी चलाउनुपर्छ, नेफ्स्कूनको सिस्टम के छ भन्ने विषयमा उहाँहरूलाई पूर्ण रुपमा थाह छ ।

**७. नेफ्स्कून नेतृत्वले गर्नुपर्ने कामहरूलाई कसरी प्राथमिकीकरण गर्नुहुन्छ ?**

ã साकोस स्तरीकणको विकासमा नेफ्स्कूने पहिलो प्राथमिकताका साथ काम गर्नुपर्छ । संस्थालाई स्तरीकरण गर्ने काम, जिल्ला साझेदारीको काम, एकरूपता प्रणालीलाई नै विशेष जोड दिनुपर्छ भन्ने लाग्छ । नेफ्स्कूनले सुशासनको क्षेत्रमा काम गर्छ, संस्थाहरू सुशासनमा बस्छन् भनेपछि स्वभावैले सुशासनमा बसेको संस्थाहरूको पूँजी बृद्धि हुन्छ, संस्थागत कोषमा विकास हुन्छ, क्षमतावान कर्मचारीहरू हुन्छन् । साथै स्थिरीकरण कोष प्रभावकारी रूपमा सञ्चालनमा ल्याउन अब नेफ्स्कून लाग्नुपर्छ । धेरै संस्थाहरू हामी स्वसुशासनमा बस्छौं भनेर नेफ्स्कूनलाई फि तिरेर संस्थाहरू आइरहेका छन् भने यो पाटोलाई सँधै उत्प्रेरित गरेर नेफ्स्कून अगाडि बढ्नुपर्छ । नेफ्स्कूनको उत्साह देशभरी छ । सञ्चालकमा बस्ने साथीहरूले शूक्ष्म ढंगले हेर्नुपर्छ । नेफ्स्कूनका पदाधिकारी, सञ्चालकहरूसँग हालसम्म कुनैपनि गुनासाहरू सुनिएकै छैनन् । पूर्व अध्यक्षको हैसियतले हामीले पनि केही कुराहरू भएमा नियन्त्रण र सन्तुलन गर्नपर्नेमा पक्कै भन्नेछौं ।

बजारमा सहकारी सहकारी बीचमा केही अस्वस्थ प्रतिस्पर्धा भएपनि हामी त्यसलाई क्रमश कम गर्दै लानेमा प्रतिवद्ध हुनुपर्छ । नीतिगत व्यवस्थाका लागि हामी एकजुट भएर जानुपर्छ । त्यसका लागि नेतृत्वमा बस्नेहरूले अझ मेहनत गर्नुपर्छ भन्ने लाग्छ । नेतृत्वमा बस्ने मान्छेको जहिले पनि दुरदृष्टि र भिजन हुनुपर्छ । मेरो कार्यकालमा अभियानले खोजेको कुरा के हो भन्ने विषयमा चनाखो हुनुपर्छ । राष्ट्रिय सहकारी महासंघको नेतृत्वले यसमा अलि बढी भूमिका खेल्नुपर्ने मैले देखेको छु ।

## सहकारीका राष्ट्रिय नाराहरु

यस वर्षको सहकारीको थिम **"मर्यादित श्रम र पर्यटनका लागि सहकारी"** भन्ने रहेको छ । सहकारी क्षेत्रको आर्थिक, सामाजिक विकास र जागरणको क्षेत्रमा विगत १२ वर्ष अगाडि देखि तय हुँदै आएका थिमहरूः

| | |
|---|---|
| १ | "मर्यादित श्रम र पर्यटनका लागि सहकारी" |
| २ | "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" |
| ३ | "आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी" |
| ४ | "आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि सहकारी" |
| ५ | "स्वाधिन अर्थतन्त्रका लागि सहकारी" |
| ६ | "सहकारी व्यवसायद्वारा समृद्ध नेपालको निर्माण" |
| ७ | "सहकारीको चाहना, विश्व सम्वृद्धिको कामना" |
| ८ | "राष्ट्रिय स्वाभिमान, सहकारी अभियान" |
| ९ | "शान्ति र सहकारिता, विकासको लागि अपरिहार्यता" |
| १० | "समावेशी लोकतन्त्र एवं समृद्ध समाजको स्थापना, सहकारी आन्दोलनको मूल चाहना" |
| ११ | "अपनाउँ पद्धति सहकारी, हटाउँ गरिबी र बेरोजगारी" |
| १२ | "गाउँगाउँमा सहकारी घरघरमा रोजगारी" |

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.–नेफ्स्कूनले पनि कोभिड १९ महामारीले निम्त्याएका चुनौतीहरूको सामना शक्ति विकास गर्ने हेतुले यस बर्ष "सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य" थिम तय गरेको छ । सहकारी क्षेत्रमा देखिएका चुनौतिहरूको सामना सबै मिलेर गर्नुपर्ने विषयलाई थिमले संकेत गरेको छ । यसैगरि नेफ्स्कूनले विगतका बर्षहरूमा पनि बचत तथा ऋण सहकारीको विकास तथा प्रवर्द्धनको क्षेत्रमा जागरण ल्याउने उद्देश्यसहित निम्न थिमहरू तय गरेको थियो ।

| | |
|---|---|
| १ | "सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य" |
| २ | "साकोस मार्फत समावेशी आर्थिक विकास र जीवनस्तर परिवर्तन" |
| ३ | "नेपालमा सञ्जालिकृत र दिगो बचत तथा ऋण सहकारी संस्थाहरू" |
| ४ | "जीवनस्तर परिवर्तनका लागिः साकोसको निर्माण" |

### "सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य"

### "Building Resilience through Harmonious Cooperation."

# सहकारी ऐन र नियमावलीमा संशोधन आवश्यक : रजिष्ट्रार डा. पाण्डे



सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ बीच कतिपय बुँदाहरूमा मेल नभएकोले कार्यान्वयनमा व्यावहारिक समस्या हलका लागि संशोधन आवश्यक भएको बताउनुभएको छ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरको पुस ११ गते सम्पन्न १६ औं वार्षिक साधारणसभाका प्रमुख अतिथि रजिष्ट्रार पाण्डेले ऐन र नियमावली संशोधनको औचित्य पुष्टि पार्नुभएको हो ।

भक्तपुर जिल्लाका सहकारीहरू तुलनात्मक रूपमा सुशासित, अनुकरणीय र समुदायमा भिजेर काम गर्न बढी नै सफल भएको भन्दै रजिष्ट्रार पाण्डेले प्रशंसा गर्नुभएको छ । उहाँले भक्तपुरका सहकारीहरूले सदस्यको हितलाई केन्द्रविन्दूमा राखेर काम गरेको र ३३ प्रतिशत महिला सहभागिता पनि सुनिश्चित गरेको बताउनुभयो । त्यस्तै, सन्दर्भ व्याजदरको समेत स्वागत गरेर भक्तपुर जिल्ला बचत संघले कार्यान्वयनमा सहजता ल्याएको भन्दै रजिष्ट्रार पाण्डेले समुदायमा आधारित सहकारीको विकासमा भक्तपुर बचत संघले खेलेको भूमिका अनुकरणीय रहेको बताउनुभयो ।

कोभिड-१९ पछि उत्पन्न परिस्थितिका कारण सहकारीमा अधिक तरलता निक्षेप बढेको, ६५ लाख भन्दा बढी सदस्य र १ लाख भन्दा बढीलाई रोजगारी दिएको सहकारी क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत भन्दा बढी योगदान दिएको तथ्यांक समेत रजिष्ट्रार पाण्डेले सार्वजनिक गर्नुभयो । बचत तथा ऋण सहकारी अनुगमन निर्देशिकामा विषयगत संघ र ख, ग र घ वर्गको बैंक तथा वित्तीय संस्थामा रहेको संस्थाको निक्षेपलाई पनि तरलता गणना गर्ने गरी संशोधन भएको डा. टोकराज पाण्डेले जानकारी गराउनुभयो ।

कार्यक्रमका अतिथि नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूले भक्तपुर पर्यटकीय क्षेत्रमा मात्र नभई सहकारी क्षेत्रको रूपमा पनि परिचित रहेको बताउनुभयो । उहाँले भक्तपुर बचत संघले समुदायको सहकारी विकासका लागि विभिन्न तालिम तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको र त्यसमा नेफ्स्कूनको साथ, समर्थन र सहयोग सदैब रहने कुरा बताउँदै ब्राण्डको विषयलाई लिएर नेफ्स्कूनमा कुनै समस्या नरहेको बरू व्यक्तिको सोचमा समस्या रहेको उल्लेख गर्नुभयो । संघका निवर्तमान अध्यक्ष राधेश्याम सुवालले दोहोरो सदस्यताले ऋण लगानी तथा असुलीमा मात्र समस्या रहेकोले कर्जा सूचना केन्द्र स्थापना गरी उक्त समस्याको न्यूनीकरण गर्न सकिने धारणा राख्नुभयो ।

सभाका सभापति संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले सन्दर्भ व्याजदर र सेवा शुल्क तोक्ने सहकारी विभागको कार्यले सदस्यले सदस्यलाई शोषणबाट सचेत बनाएको बताउनुभयो । उहाँले एक व्यक्ति एक सहकारीको व्यवस्था व्यवहारिक नभएकोले संशोधन हुनुपर्ने विचार राख्दै सहकारीको आयकर ५ प्रतिशत हुँदा सहकारी संघ संस्थामा अग्रिम ब्याज करकट्टी १५ प्रतिशत नै कायम रहनु न्याचित नभएको बताउनुभयो ।

संघका उपाध्यक्ष हरि बल्लले स्वागत मन्तव्य राख्दै अव्यवहारिक र समाजले स्वीकार्न नसक्ने सामाजिक सुधार ऐन जारी भएपनि लागु नभए जस्तै सहकारी ऐन नियममा भएका अव्यवहारिक पक्ष कार्यान्वयनमा समस्या रहेकोले संशोधन गर्नुपर्ने विचार राख्नुभयो । संघका सचिव जगनाथ प्रजापतिले संघको आ.व. २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै १५ प्रतिशत लाभांश प्रस्ताव र संरक्षित पुँजी फिर्ता रकम प्रस्ताव पेश गर्नुभयो । संघका कोषाध्यक्ष कान्छा भक्त घजुले आ.व. २०७६/७७ को वित्तीय प्रगति प्रतिवेदन पेश गर्नु भयो । सभाबाट आ.व.२०७६/७७ मा १ अर्ब २ करोड ९९ लाख ६८ हजारको वासलात र १ करोड ४४ लाख ४३ हजारको नाफा सहितको लेखापरिक्षण प्रतिवेदन पारित गरियो । साथै सभाले आगामी आ.व.२०७७/७८ का लागि १ अर्ब ५४ करोड ५७ लाख ९३ हजारको बजेट पारित गरेको छ । सभाले संघको भवन निर्माणको सिलसिलामा साढे तीन

तल्लाको संरचना निर्माण कार्य सम्पन्न भई अन्तिम कामहरू भइरहेकोले १ करोड बजेट र १५ लाख ६२ हजार ३ सय रूपैयाँमा प्रस्तावित कार्यक्रम तथा तालिम प्रस्ताव पारित गरेको छ । संघका लेखा सुपरिवेक्षण समितिका संयोजक बालमुकुण्द उपाध्यायले आ.व.२०७६/७७ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो ।

उक्त सभामा संरक्षित पुँजी फिर्ता कोष बचत र ऋणको आधारमा अधिकत्तम योगदान गर्ने बचतमा सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि., उपकार बचत तथा ऋण सहकारी संस्था लि. र श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. र ऋणमा सञ्चित बचत तथा ऋण सहकारी संस्था लि., बंगलामुखी बचत तथा ऋण सहकारी संघ लि. र एक्ता बचत तथा ऋण सहकारी संस्था लि. गरी तीन ३ वटा संस्थालाई प्रशंसा पत्र वितरण गरिएको थियो । संघको १६ औं वार्षिक साधारण सभा महामारीमा साधारण सभा सञ्चालन कार्यविधि अनुसार मिति २०७७ पुष ३ गतेदेखि प्रतिनिधिको उपस्थिति शुरू भई पुष ११ गते प्रतिनिधिहरूको भर्चुअल उपस्थिति र भौतिक रूपमा समिति, उपसमिति र कर्मचारी गरी १३३ जनाको उपस्थितिमा सम्पन्न भएको हो ।

# रुपन्देहीको कोलिय देवदह र मायादेवी महिला विकास साकोसबीच एकीकरण




रूपन्देहीको देवदहस्थित कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. र मायादेवी महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. बीच एकीकरण भएको छ । पुस १४ गते आयोजित एकीकरण घोषणा कार्यक्रममा कोलिय देवदह साकोसका अध्यक्ष शुभकान्त न्यौपाने र मायादेवी महिला विकास साकोसकी अध्यक्ष गौमती बुढाथाकीले दुई फरक-फरक गाग्रीबाट एउटै गाग्रीमा सिक्का खसालेर एकीकरणलाई औपचारिकता दिनुभएको थियो ।

एकीकरण घोषणा कार्यक्रममा बोल्दै जिल्ला सहकारी संघ रूपन्देहीका अध्यक्ष भिम तुलाचनले जवाफदेहिता र ईमान्दारी सहकारी संञ्चालनको प्रमुख तत्व भएको बताउनुभयो । उहाँले सहकारीहरूलाई सहकारी मूल्य मान्यताहरूको आधारमा सञ्चालन गर्न सुझाउनुभयो । अध्यक्ष तुलाचनले कर्ममा विश्वास गरेर ईमान्दारीपूर्वक काम गर्न सहकारीका सञ्चालकहरूलाई आग्रह गर्नु भयो । सोही कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बोर्डका सञ्चालक प्रकाश अर्यालले सहकारीलाई जीन्दगीको सारथीका रूपमा विकास गर्नु पर्ने बताउनु भयो । हरेक दुःख सुखमा साथ दिने वित्तीय साथीका रूपमा सहकारीलाई स्थापित गर्दै वित्तीय आवश्यकता पुरा गर्नु पर्नेमा उहाँले जोड दिनु भयो । प्रदेश बचत तथा ऋण सहकारी संघ लुम्बिनीका अध्यक्ष कृष्ण नेपालले सहकारीहरूलाई सदस्यमुखी बनाउनु पर्ने बताउनु पर्नेमा जोड दिनु भयो । जिल्ला सहकारी संघ रूपन्देही सचिव टिका गौतमले सहकारीहरूले आर्थिक सामाजिक रूपान्तरणमा काम गर्नु पर्ने बताउनु भयो ।

सहकारीका सल्लाकार संयोजक ऋषिराम सापकोटाले सहकारीका संञ्चालकहरूलाई प्रशिक्षणको व्यवस्था गर्नु पर्ने बताउनु भयो । बचत तथा ऋण सहकारी संघ रूपन्देही अध्यक्ष प्रकाश भट्टराईले सहकारीहरूलाई मान्यतामा आधारीत बनाउनु पर्ने बताउनु भयो । २०६२ फागुन २६ गते डिभिजन सहकारी कार्यालय रूपन्देहीमा दर्ता भएको सहकारीमा ३ सय ५३ जना शेयर सदस्यहरू रहेका छन भने संस्थागत पुँजी ३ लाख ५७ हजार ४ सय १४ रूपैयाँ रहेको छ । कोलिय देवदह साकोस रूपन्देहीकै ठूलो मध्येको एक प्रोवेसन ब्राण्ड प्राप्त सहकारी हो । एकीकरण पश्चात सहकारीको नाम कोलिय देवदह सहकारी नै रहनेछ । कर्मचारीहरू समायोजन हुने, शेयर पुँजी एकीकृत गरीने र कोलिय देवदह साकोसको केन्द्रिय कार्यालय नै कार्यालय रहने एक्ता संयोजन समितिका संयोजक कृष्ण प्रसाद पौडेले जानकारी दिनु भयो । एकीकरण पश्चात सहकारीलाई थप प्रभावकारी ढंगले अगाडि बढाउने कोलिय देवदह सहकारीका सचिव कृष्ण राज पौडेलले बताउनु भयो ।

# विशिष्टीकृत सहकारी संघको अवधारणा, स्थापना र सञ्चालन



**शिव कुमार अधिकारी**

अधिवक्ता

हाल प्रदेश र स्थानीय तहले आ–आफ्नै ढंगले सहकारी ऐन जारी गर्दा एक आपसमा कैयौं विरोधाभाषहरु देखिन थालेका छन्, यद्यपि संघीय कानुनसँग नवाझिने गरी प्रदेश र स्थानीय तहले कानुन बनाउनु पर्ने र बाझिएमा सो हदसम्म बदर हुने कानुनी व्यवस्था छ । हालै मात्र प्रदेश नं. १ र लुम्बिनी प्रदेशमा प्रदेश सहकारी ऐन बमोजिम विशिष्टीकृत संघ गठन भएका छन् ।

२०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिको माध्यमबाट नेपालमा भएको युगान्तकारी परिवर्तनलाई मुखरित गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र त्यसलाई संस्थागत गर्ने जनताको प्रतिनिधि संस्था संविधानसभा मार्फत जारी गरिएको नेपालको संविधानले सामाजिक न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्रको माध्यमबाट मुलुकलाई समृद्धिको मार्गमा अघि बढाउने स्पष्ट मार्गदर्शन गरेको छ । मुलुकमा भएको यस युगान्तकारी परिवर्तन र नयाँ संविधानले बोकेको मूल मर्म अनुरूप नेपालको सहकारी अभियानलाई पनि नयाँ गति र दिशा दिने उद्देश्यले लामो अध्ययन, छलफल, विमर्स र प्रयासको फलस्वरूप साविकको सहकारी ऐनमा मौलिक परिवर्तन र कैयौ नयाँ व्यवस्थाहरू गर्दै सहकारी ऐन, २०७४ आएको छ । यसका कैयौं प्रावधानहरूले अभियानलाई तरंगित बनाएको छ । ऐनको समग्र पक्षमा चर्चा गर्नुभन्दा पनि यस आलेखमा सहकारी आन्दोलनमा अघि सारिएको विशिष्टीकृत सहकारी संघ सम्बन्धी व्यवस्थाको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

विशिष्टीकृत शब्दले प्रारम्भमै कुनै विशेष काम वा अभियानलाई ईंगित गर्दछ । विशिष्टीकृत सहकारी संघ नेपालको सहकारी अभियानको आजसम्मको इतिहासमा नितान्त नौलो र विशेष प्रकारको प्रयोग नै हो । सहकारी संस्थाहरूको छरिएर रहेको सानो सानो पुँजीलाई एकीकृत गरी सामुहिक योगदानबाट ठूलो पुँजी निर्माण गर्ने र त्यसलाई निश्चित उत्पादनमुलक क्षेत्र तथा साझा आवश्यकताका वस्तु तथा सेवाको परिपूर्ति गर्नमा परिचालन गरी मेघा परियोजना सञ्चालन गर्ने र राष्ट्रिय अर्थतन्त्रमा सहकारी अभियानको ठोस भूमिका स्थापित गर्ने बृहत दृष्टिकोणबाट वशिष्टीकृत सहकारी संघ सम्बन्धी अवधारणा अघि सारिएको हो ।

सहकारी ऐन, २०७४ को दफा ९ मा ऐन बमोजिम दर्ता भएका कम्तीमा २५ वहुउद्देश्यीय वा विषयगत सहकारी संस्थाहरू एक आपसमा मिलेर जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवाशीय परियोजना, यातायात, भारी कृषी उपकरण, फलफुल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, सीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालयजस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु तथा सेवाको परि पूर्ति गर्न विशिष्टीकृत सहकारी संघ

गठन हुने, यस्तो संघ पूर्ण व्यावसायिक संस्था हुने, यसको अन्य निकायमा चुन्ने चुनिने अधिकार नहुने कानुनी व्यवस्था गरेको छ । त्यसैगरी, सहकारी नियमावली, २०७५ ले संघ गठनका लागि संयुक्त शेयर पुँजी कम्तीमा पन्ध्र करोड, संयुक्त संस्थागत पुँजी कम्तीमा तीन करोड, आवेदक संस्थाले खरिद गरेको संघको शेयर कम्तीमा एक करोड हुनुपर्ने र आवेदक संस्थाहरू घाटामा गएको हुन नहुने शर्तहरू तोकेको छ । त्यस्तै, स्वरोजगारी तथा मूल्य श्रृंखलामा योगदान पुऱ्याउने गरी वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यविशेषको आधारमा समेत विशिष्टीकृत संघ गठन गर्न सकिने प्रावधान थप गरिएको छ । साथै, यस्तो संघले जुन हो वा अन्य सहकारी संस्था जस्तै कार्यक्षेत्रका आधारमा प्रदेश र स्थानीय तहमा पनि गठन गर्न सकिने, त्यस अवस्थामा कुन तहको सहकारी कानुन लागू हुने भन्ने अस्पष्टता देखिएको छ । हाल प्रदेश र स्थानीय तहले आ–आफ्नै ढंगले सहकारी ऐन जारी गर्दा एक आपसमा कैयौं विरोधाभाषहरू देखिन थालेका छन्, यद्यपि संघीय कानुनसँग नवाझिने गरी प्रदेश र स्थानीय तहले कानुन बनाउनु पर्ने र बाझिएमा सो हदसम्म बदर हुने कानुनी व्यवस्था छ । हालै मात्र प्रदेश नं. १ र लुम्बिनी प्रदेशमा प्रदेश सहकारी ऐन बमोजिम विशिष्टीकृत संघ गठन भएका छन् । यसरी ३ तहका कानुन बमोजिम संघ गठन हुँदा आवश्यक समन्वय र




उद्देश्यका लागि गठन भएको हो सोही कार्यमात्र गर्नुपर्ने र कारोवार, परियोजना, व्यवसाय, उद्योग सञ्चालन पूर्व कानुन बमोजिम स्वीकृति वा इजाजत लिनुपर्ने व्यवस्था नियमावलीले गरेको छ ।

कानुनी व्यवस्था र सहकारी अभियानकर्मीहरूसँगको छलफल एवं बिचार विमर्स गर्दा विशिष्टीकृत सहकारी संघको गठन र सञ्चालनका सन्दर्भमा कतिपय अस्पष्टताहरू र अपूर्णताहरू रहेको देखिन्छ । अभ्यासका क्रममा अभियानकर्मी र सरकारले आपसी सहकार्यमा यस्ता विषयहरूमा परिमार्जन र सुधार गर्दै सहज बनाउन सकिन्छ ।

संघीय कानुन बमोजिम संघीय तहमा मात्र विशिष्टीकृत संघ गठन हुन सक्ने कानुनका आधारभूत पक्षहरूमा एकरूपता र स्पष्टताको खाँचो देखिन्छ । यसका लागि संघीय सरकारको तर्फबाट परामर्शदाता समिति र समन्वयकर्ताहरूको व्यवस्था गर्दै थप नीतिगत सुधार गर्नु पर्ने आवश्यकता छ । विशिष्टीकृत संघ सम्बन्धी अवधारणा नेपालका सन्दर्भमा नयाँ प्रयोग भएको हुँदा समग्र अभियान, सरकारी निकाय तथा कर्मचारीहरू र आम जनमानसमा पनि यस सम्बन्धी जानकारीको अभाव देखिन्छ । यसर्थ, मन्त्रालय र अभियानको तर्फबाट संघबारे जनचेतनामूलक कार्यक्रममा जोड दिनु आवश्यक देखिन्छ ।

एक सहकारी संस्था एकै समयमा एकभन्दा बढी विशिष्टीकृत संघमा आवद्ध हुन वा एकभन्दा बढी मुख्य व्यावसायिक कार्य सञ्चालन गर्न मिल्ने की नमिल्ने ? मुख्य व्यावसायिक कार्यको परिपूरक हुनसक्ने गरी अन्य सहायक कार्य गर्न मिल्ने, नमिल्ने ? संघ एक विशुद्ध व्यावसायिक संस्थाको रूपमा मात्र रहँदा यसको कानुनी हैसियत के हुने? विषयगत संघ र महासंघसँग यसको कस्तो सम्बन्ध रहने ? अन्तर सहकारी लगानी र यस संघको कारोवारबीचमा आधारभूत रूपमा के भिन्नता रहने ? भन्ने जस्ता अहँ प्रश्नहरू सहकारी अभियान भित्रबाट उठेका छन् । यस्ता अहँ प्रश्नहरूमा सहकारी ऐन र नियमावलीमा आवश्यक संशोधन र परिमार्जन गर्नु पर्ने र कतिपय विषयमा अस्पष्टताहरू प्रष्ट पार्नु पर्ने देखिन्छ ।

उल्लेखित प्रश्नहरूको सन्दर्भमा, सामर्थ्यवान सहकारी संस्थालाई निश्चित मापदण्डका आधारमा एकै समयमा एकभन्दा बढी विशिष्टीकृत संघमा आवद्ध हुन सक्ने व्यवस्था गर्नु उपयुक्त हुन सक्दछ । विशिष्टीकृत संघले एकै समयमा एकभन्दा बढी मुख्य कार्य गर्नु विशिष्टीकृत संघको अवधारणा विपरित हुनसक्ने बरू निर्धारित मुख्य कार्यको परिपूरक हुने गरी सहायक कार्य गर्न सक्ने नीतिगत व्यवस्था गर्दै लगानी विविधिकरणमा अभियानले जोड दिनु पर्दछ । ऐनको व्यवस्था बमोजिम संघ एक बिशुद्ध व्यावसायिक संस्थाको रूपमा मात्र रहँदा त्यसको कानुनी हैसियतमा प्रश्न उठ्न सक्ने, संघले व्यवसाय र लगानी प्रवर्द्धन गर्नुपर्ने र त्यसका लागि वित्तीय कारोवारमा समेत प्रत्यक्ष रूपमा सहभागी हुनुपर्ने हुँदा सहकारी सिद्धान्तमा आधारित संस्थागत सदस्यताको प्राप्ति, आन्तरिक प्रजातान्त्रिक अभ्यासको सुनिश्चितता, सम्पत्ति आर्जन, भोगचलन र बिक्री गर्न पाउने, संस्थाको तर्फबाट कानुनी उपचार र करारीय अधिकारको उपयोग गर्न सक्ने कानुनी व्यक्तित्व सहितको संघको हैसियत सुनिश्चित हुनेगरी नीतिगत पुनरावलोकन गर्नुपर्ने देखिन्छ । अन्तर सहकारी लगानी कार्यविधि र विशिष्टीकृत सहकारीको कार्यक्षेत्रका सन्दर्भमा अस्पष्टताहरूलाई चिर्दै विशिष्टीकृत संघको माध्यमबाट

वित्तीय पहुँच र वित्तीय अवसर कसरी प्राप्त हुन सक्दछ भन्ने बारेमा स्पष्ट व्याख्या गर्नु आवश्यक छ ।

विशिष्टीकृत सहकारी संघका सन्दर्भमा सहकारी अभियानबाट उठेको उपर्युक्त प्रश्न र जिज्ञासा एवं अस्पष्टताहरूलाई स्पष्ट पार्नेगरी नीतिगत व्यवस्था गर्दै संघको गठन र सञ्चालन प्रक्रियालाई व्यवस्थित बनाउन सरकारले आवश्यक कार्यविधि बनाई प्रभावकारी रूपमा लागू गर्नु उपयुक्त हुन्छ । कार्यविधिले संघको गठन गर्नु अघि समान तहका विषयगत संघ वा बहुउद्देश्यीय संघबाट पूर्व स्वीकृति लिने व्यवस्था गरी संघलाई समग्र अभियानसँग जोड्ने विषय, संघको गठन सम्बन्धी प्रक्रिया, संघको सञ्चालन विधि, लगानी तथा लाभांश वितरण प्रक्रिया र संघको विघटन सम्बन्धी व्यवस्थाको सुव्यवस्थित व्याख्या गर्नु आवश्यक छ, जुन विषयहरू विद्यमान सहकारी ऐन, नियमले पर्याप्त मात्रामा समेट्न सकेको देखिंदैन ।

संविधानले परिकल्पना गरेको ३ खम्बे अर्थनीति अन्तर्गत सार्वजनिक क्षेत्र सरकारको प्रत्यक्ष लगानी नियन्त्रण र रेखदेखमा हुने हुँदा आफैमा बृहत छ । राज्यश्रोतको प्रयोग र राज्यको परिचालन हुने हुँदा यसले आफैमा अर्थतन्त्रलाई निर्णायक प्रभाव पार्ने सामर्थ्य राख्दछ । ठूला बैंक तथा वित्तीय संस्थाको पूजी परिचालनको मुख्य श्रोत निजी क्षेत्र हुने र निजी क्षेत्र स्वयं श्रोत परिचालनको सामर्थ्य राख्ने हुँदा निजी क्षेत्र पनि आफैमा मजवुत छ । अर्थतन्त्रको तेश्रो खम्वाको रूपमा लिइएको सहकारी क्षेत्रले सानो सानो आकारमा छरिएर सर्वसाधारण जनताको जगसम्म पुगेर वित्तीय जागरण र चेतना फैलाउने कार्यमा अगुवाई गरिरहेको छ । सानो पुँजीले एक्लै ठूलो काम गर्न सकिंदैन तर, त्यस्तो पुँजीलाई एकट्ठा पार्न सकियो भने त्यसले ठूलो पुँजीको निर्माण गर्न सक्दछ । देशका गाउँ कुनासम्म फैलिएर सञ्चालन भएका झण्डै ३४ हजारभन्दा बढी सहकारी संस्थाहरूले मुलुकको वित्तीय बजारमा झण्डै २० प्रतिशत हिस्सा ओगटेका छन् । मुलुकको समृद्धिको मार्गचित्रमा उर्जा, पर्यटन र कृषि लक्षित कार्यक्रमहरूमा विशष्टीकृत संघको माध्यमबाट सहकारी अभियानको ठूलो पुँजी परिचालन गरी मुलुकको अर्थतन्त्रमा सहकारी क्षेत्रको भूमिका स्थापित गराउनमा टेवा पुग्ने विश्वास गर्न सकिन्छ ।

# चितवनको श्री बछौली नारी चेतना साकोस प्रोवेसन कार्यक्रममा आवद्ध



चितवन । जिल्लाको रत्ननगर-६ स्थित श्री बछौली नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि. नेफ्स्कूनको गुणस्तर सुनिश्चितता प्रमाणीकरण सम्बन्धी कार्यक्रम प्रोवेसनमा आवद्ध भएको छ । यस सम्बन्धमा नेफ्स्कून र बछौली नारी चेतना महिला साकोसबीच मसिंर २८ गते औपचारिक सम्झौता भएको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष बबिता चौधरी, नेफ्स्कून उपाध्यक्ष शान्ति अधिकारी, चितवन फिल्ड व्यवस्थापन उपसमिति सदस्य गोपाल प्रसाद गौतम, साकोस उपाध्यक्ष भागीरथी घिमीरे लगायत सम्पूर्ण सचांलक समिति, लेखा सुपरीवेक्षण समिति, व्यवस्थापक शारदा विडारी, नेफ्स्कून चितवन फिल्ड कार्यालय इन्चार्ज यमकला सुवेदी र कार्यक्रम अधिकृत सुरज चालिसे लगायतको उपस्थिति थियो । नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले साकोस राम्रो रहेको र कर्बस् बाट प्रोवेसन कार्यक्रममा सहभागी हुँदै आगामी दिनमा एक्सेस् ब्राण्डमा स्तारोन्नति हुनुपर्ने बताउनुभयो । बछौली नारी चेतना साकोसकी अध्यक्ष बबिता चौधरीले प्रोवेसन कार्यक्रममा सहभागिताले संस्थाको वित्तीय सुशासन, व्यवस्थापन एवं वृद्धिमा उल्लेख्य भूमिका खेल्ने दावी गर्नुभयो । उहाँले बचत तथा ऋण सहकारी संस्थाहरू नेफ्स्कूनको गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा आवद्ध हुँदा नीति, विधि र प्रविधि सुधारमा निक्कै सहयोगी भएको देखेर पनि प्रोवेसनमा सहभागी भएको बताउनुभयो ।

# साकोस सञ्जाल सबलीकरणमा नेफ्स्कून - जिल्ला संघ साझेदारी कार्यक्रम महत्वपूर्ण

बचत तथा ऋण सहकारीहरूको सबलीकरणमा नेफ्स्कून-जिल्ला बचत संघ साझेदारी कार्यक्रम महत्वपूर्ण रहेकोमा सरोकारवालाहरूले जोड दिएका छन् । नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रमको माध्यमबाट 'ग्रासरूट कोअपरेटिभिज्म' लाई थप प्रभावकारी बढाउनुपर्ने आवाज अभियानमा स्पष्ट मुखरित भएको छ । नेफ्स्कूनका कोषाध्यक्ष एवं जिल्ला संघ साझेदारी कार्यक्रमका संयोजक दिपक पनेरूले बचत ऋण अभियानको इमानदारी, गुणस्तरीयता र विश्वसनीयता वृद्धिका लागि जिल्ला संघ साझेदारी कार्यक्रम कोशेढुङ्गो सावित हुँदै गएको दावी गर्नुभयो । नेफ्स्कून जिल्ला बचत संघ साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ का आधारमा अघि बढाइएको उक्त कार्यक्रमले वित्तीय सहकारीहरूमा नीति, विधि र प्रविधि सहजिकरण गर्दै जिल्ला संघ र प्रारम्भिक संस्थाहरूमा संस्थागत सुशासन कायम गर्न सघाउ पुऱ्याएको कोषाध्यक्ष पनेरूको ठम्याई छ । उहाँले यस कार्यक्रम मार्फत सञ्जाल र पहुँच विस्तार, नीति, विधि, प्रविधिको एकरूपताका साथै बचत तथा ऋण सहकारीहरूको सबै संरचनात्मक तहहरूलाई मजबूत बनाउने काम गरेको प्रष्ट पार्नुभयो । जिल्ला बचत संघहरूको संस्थागत विकास गर्ने उद्देश्यले कार्यक्रम प्रेरित भएको कोषाध्यक्ष पनेरूको भनाई छ । यस कार्यक्रमले आवद्ध जिल्ला संघहरूको सक्रियता बढाउनुका साथै प्रारम्भिक संस्थाहरूको समेत संस्थागत विकास र व्यवसाय प्रवर्द्धन भएको कोषाध्यक्ष पनेरूको निष्कर्ष छ । यस कार्यक्रममा जोडिएका जिल्ला संघका प्रतिनिधिहरूले पनि आवद्धता पहिले र पछिमा आमुल परिवर्तनको महसूस आफुहरूले मात्र नभई प्रारम्भिक संस्थाहरूले पनि गरेको साकोस आवाजलाई बताउनुभएको छ ।

**के हो जिल्ला संघ साझेदारी कार्यक्रम ?**

केन्द्रमा विकास गरिएका राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासहरू जिल्लामा संगठित संघहरूमार्फत स्थानीय सहकारी संस्था र तिनमा आवद्ध सदस्यहरूको आवश्यकता अनुरूप सहज र प्रभावकारी माध्यमबाट पुऱ्याउने पुल हो नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम ।

नेफ्स्कून र यसमा आवद्ध जिल्ला बचत तथा ऋण सहकारी संघ लि.हरूबीच सदस्यहरूको हित संरक्षण तथा बचत ऋण सहकारीहरूको सुदृढीकरणका लागि व्यवसाय साझेदारी कार्यक्रम हो । यो नेफ्स्कूनको सेवा र व्यवसाय प्रवर्द्धनमा जिल्ला संघहरूको हातेमाला अभियान



पनि हो । यस अन्तर्गतगको द्विपक्षीय सम्झौतामा वार्षिक सदस्यता नवीकरण शुल्क संकलन साझेदारी, जोखिममा आधारित साकोस सुपरीवेक्षण CURBS कार्यक्रम सञ्चालन साझेदारी, स्टेशनरी आपूर्ति सेवा सञ्चालन साझेदारी, सफ्टवेयर बिक्री वितरण साझेदारी, तालिम कार्यक्रम सञ्चालन साझेदारीसँगै समसामयिक अन्य साझेदारीहरूका विषयहरू समावेश छन् । यो बचत तथा ऋण सहकारीहरूको तल्लोदेखि माथिल्लो संरचनाहरूसँगको सञ्जाल सबलीकरण अभियान हो । केन्द्रमा विकास गरिएका राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासहरू जिल्लामा संगठित संघहरूमार्फत स्थानीय सहकारी संस्था र तिनमा आवद्ध सदस्यहरूको आवश्यकता अनुरूप सहज र प्रभावकारी माध्यमबाट पुऱ्याउने पुल हो नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम ।

यस कार्यक्रमको सुरुवात २०७६ साल भदौ १७ गते औपचारिक रूपमा नेफ्स्कून केन्द्रीय कार्यालयमा विभिन्न जिल्ला बचत संघका प्रतिनिधिहरूसँगको सामूहिक सम्झौता कार्यक्रम आयोजना गरी भएको थियो । हालसम्म यस व्यावसायिक साझेदारी कार्यक्रममा दोलखा, मोरङ, काठमाडौं, धादिङ, बागलुङ, नवलपरासी, चितवन, दाङ, बारा, सिन्धुली, मकवानपुर, सुनसरी, कास्की, सर्लाही, काभ्रे, उदयपुर, रौतहट र बाँके गरी १८ जिल्ला संघ सामेल भएका छन् । पछिल्लो संघ बाँकेसँग यही पुस ८ गते साझेदारी सम्झौता सम्पन्न भएको थियो । "जिल्ला बचत संघ भक्तपुर र रूपन्देहीसँग अब चाँडै सम्झौता हुँदैछ", कोषाध्यक्ष पनेरूले भन्नुभयो, "सबै प्रक्रियाहरू अन्तिम चरणमा पुगिसकेको छ । यसै वर्ष अरू जिल्ला संघहरूसँग पनि छलफल भैरहेको छ ।"

साझेदारी सम्झौताले बचत तथा ऋण सहकारी संघ संस्थाहरूको सञ्चालनमा चुस्तता र प्रभावकारीता विकास गर्न, तालिम शिक्षाका कार्यक्रमबाट असल अभ्यासहरूका साथै समयसापेक्ष महत्वपूर्ण विषयहरूमा बुझाई र सीप आदानप्रदान गरी एकरूपता प्रणाली विकास गर्न र साकोस अभियानको पहुँच जिल्ला संघहरूमार्फत स्थानीय तहसम्म वृद्धि गर्न सहयोग पुग्ने विश्वास लिएको छ । यसबाहेक यसले व्यावसायिक साझेदारीका आयामहरूको माध्यमबाट दुवै पक्षलाई लाभान्वित पनि गर्दछ । केही समययता जिल्ला संघहरूको मागलाई ध्यानमा राखेर हालै तालिम शुल्कहरू र लाभको हिस्सेदारीमा परिमार्जन गरिएको जानकारी संयोजक पनेरूले गराउनुभयो ।

साझेदारी सम्झौतामा आवद्ध भएवापत नेफ्स्कून सदस्यता नवीकरण शुल्कको प्रत्येक संस्थाबाट संकलित रकमको ४० प्रतिशत, नेफ्स्कूनको सफ्ट्वेयर बिक्री वापत १० प्रतिशत, स्टेशनरी बिक्री वापत २५ प्रतिशत रकम तत्तत् जिल्ला संघलाई उपलब्ध गराउने व्यवस्था समेत मिलाइएको छ । यसैगरी, साकोसहरूको संस्थागत सुशासन, गुणस्तरीयता र वृद्धिको आधारभूत खुट्किलोहरू मध्येको एक जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम वापतको आम्दानी र जिम्मेवारीमा समेत जिल्ला संघ र नेफ्स्कून बराबर हिस्सेदार रहेन सम्झौतामा उल्लेख छ ।

"साझेदारी सम्झौता कार्यक्रको उद्देश्य एक्लै काम गर्न नसकिने ठाउँमा मिलेर जाँदा सहज हुन्छ भन्ने हो" कोषाध्यक्ष पनेरूले प्रष्ट्याउनुभयो, "सद्भावपूर्ण सम्बन्धको आधारमा सहयात्राको नमूना पस्कदै बचत तथा ऋण सहकारी अभियानप्रति सदस्यको विश्वसनीयता, गुणस्तरीयता र वृद्धि गराउने हाम्रो प्रयास हो ।" कोभिडले उत्पन्न गराएको प्रतिकूलताका बीच अनुकूलता खोज्न पनि यो कार्यक्रम सहयोगी हुने भनाई उहाँको छ ।

त्यस्तै, नेफ्स्कूनले विकास गरेको आधारभूत तथा मध्यम स्तरका तालिमहरू साझेदारी सम्झौता भएका जिल्लाहरूमा जिल्ला संघले सञ्चालन गर्दै आएको छ । यस्ता तालिममा ३ दिने वस्तु तथा सेवाहरूको निर्माण कार्यशाला गोष्ठी, पर्ल्स अनुगमन प्रणाली तालिम, वित्तीय व्यवस्थापन तालिम, ऋण व्यवस्थापन, जोखिममा आधारित आन्तरीक लेखा परीक्षण तालिम, सम्पत्ति शुद्धीकरण निवारण र कोपोमिस, लेखामान तालिम, नविनतम नेतृत्व विकास र सञ्चालकहरूको क्षमता विकास आधारभूत तालिम आदि छन् भने २ दिने भाखा नाघेको ऋण व्यवस्थापन तालिम, ऋणको कानुनी प्रक्रिया तथा धितो मूल्यांकन तालिम आदि रहेका छन् । यस्ता तालिमहरूले संस्थाको जनशक्तिको सीप र दक्षता वृद्धिमा सीधा सकारात्मक प्रभाव पर्न जाने निश्चित छ ।


"साझेदारी सम्झौता कार्यक्रको उद्देश्य एक्लै काम गर्न नसकिने ठाउँमा मिलेर जाँदा सहज हुन्छ भन्ने हो" कोषाध्यक्ष पनेरूले प्रष्ट्याउनुभयो, "सद्भावपूर्ण सम्बन्धको आधारमा सहयात्राको नमूना पस्कदै बचत तथा ऋण सहकारी अभियानप्रति सदस्यको विश्वसनीयता, गुणस्तरीयता र वृद्धि गराउने हाम्रो प्रयास हो ।" कोभिडले उत्पन्न गराएको प्रतिकूलताका बीच अनुकूलता खोज्न पनि यो कार्यक्रम सहयोगी हुने भनाई उहाँको छ । "नेफ्स्कूनले वकालत गर्दै आएको नीति, विधि र प्रविधिमा एकरूपताको द्योतक पनि हो जिल्ला संघ साझेदारी कार्यक्रम", उहाँले भन्नभुयो, "जिल्ला संघ साझेदारीमार्फत संघ संस्थाहरूको रणनीतिक योजना तर्जुमामा सहयोग र सहकार्यसँगै हामी कोही फरक हैनौं, एउटै परिवार हो भन्ने सन्देश समेत प्रवाह गर्न खोजेका हौं ।"

हुन पनि प्रारम्भिक संस्थाहरू बलियो हुनु भनेको जिल्ला संघ बलियो हुनु हो र जिल्ला संघ बलियो हुनुभनेको नेफ्स्कून बलियो हुनु हो भन्ने सर्वमममान्य धारणा हो । यसै अनुरूप अब विस्तारै हामी प्रदेश बचत संघहरूसँग पनि सहकार्य गर्दै अघि बढ्ने योजना संयोजक पनेरू सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हाम्रो अभियानमा सबै प्रदेश र जिल्ला संघहरूको साथ र सहयोग आवश्यक छ । सहकारीमाथिको प्रहारहरू

न्यूनीकरणका लागि पनि सञ्जाललाई सक्रिय र बलियो बनाउनु नितान्त आवश्यक छ । एउटा संस्थामा समस्या आउँदा सबैमाथि आक्षेप लाग्ने भएकाले पनि हामी सबैले हातेमालो गरेर अघि बढ्नुपर्छ । केन्द्रमात्र बलियो र सहज भएर भएन, प्रदेश, जिल्ला संघसँगै प्रारम्भिक संस्थाहरू पनि स्रोत र साधन सम्पन्न हुनुपर्‍यो जसले अन्ततोगत्वा अभियानलाई फाइदा पुग्छ ।"

**साझेदारी कार्यक्रम लागू भएका केही जिल्ला संघका प्रतिनिधिहरूको भनाई**

काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का प्रमुख कार्यकारी



अधिकृत कृष्ण आचार्य साझेदारी कार्यक्रमले नेफ्स्कूनको भूमिकालाई थप फराकिलो बनाएको विचार राख्नुहुन्छ । "सदस्य प्रति नेफ्स्कूनको दायित्व पनि हो यो", उहाँ भन्नुहुन्छ, "तालिम, शिक्षा, सफ्ट्वेयर र गुणस्तर सुनिश्चितता कार्यक्रमलाई जिल्ला संघमार्फत प्रारम्भिक सदस्यहरूसँग पहुँच पुऱ्याउँदा सबैलाई फाइदा हुन्छ । व्यवसायसँगै अभियान सशक्त र सुशासनयुक्त पनि हुने भयो जसले गर्दा नेफ्स्कून र जिल्लासंघ दुवै पक्षको लागि यो विन् विन् को अवस्था हो ।"

जिल्ला बचत संघ मकवानपुरकी व्यवस्थापक सुमित्रा वाईवाका अनुसार जिल्ला संघ साझेदारी कार्यक्रमले जिल्लाका बचत तथा ऋण सहकारीहरूको गुणस्तरीयता बढाउन भूमिका खेलेको छ । तालिम शिक्षा र कर्र्ज कार्यक्रममा बढ्दो सहभागिताले पनि यसलाई पुष्टि गरेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "हामीले साझेदारी सम्झौता अघि पनि यसै किसिमका तालिम र शिक्षा र स्टेशनरी बिक्रीका कामहरू गर्दै आएका थियौं तर कार्यक्रममा आवद्ध भैसकेपछि हाम्रो भूमिका र सदस्यहरूले हेर्ने दृष्टिकोणमा थप सकारात्मक परिवर्तन आएको छ, किनकि यसले सञ्जालको अपरिहार्यतालाई पुष्टि पनि गरेको छ ।"

जिल्ला बचत संघ दोलखाका कार्यक्रम अधिकृत राजकुमार शिवभक्तिले जिल्ला संघ साझेदारी कार्यक्रमले आफुहरूलाई बढी जिम्मेवार बनाएको बताउनुभयो । जिल्लाका संस्थाहरूको वास्तविक स्थिति थाहा हुने, समस्याहरू पहिचान गर्न र सुझावहरू उपलब्ध गराउन सहज हुने गरेको उहाँले दावी गर्नुभयो । तालिम र शिक्षाका क्षेत्रमा पनि कोभिड महामारीले केही उल्झन उत्पन्न गराएपनि पुनः तदारूकताका साथ कार्यक्रमहरू तयार भएको अधिकृत शिवभक्तिको भनाई छ । जिल्ला संघ साझेदारीले जिल्ला संघलाई मात्र होइन प्रारम्भिक संस्थाहरूलाई पनि सञ्जालभित्र आवद्ध हुन, सहकारी ज्ञान र शिक्षाका कार्यक्रममा निरन्तर जोडिन र निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाउन निक्कै मद्दत गरेको उहाँले बताउनुभयो । तालिम शिक्षासँगै नेफ्स्कूनको सेवा व्यवसायसँग जोडिन पाउदा आफुहरूलाई पनि खुसी महसुस भएको धारणा अधिकृत शिवभक्तिको थियो । प्रविधिको स्तरोन्नतिमा भने नेफ्स्कूने विशेष जोड दिनुपर्ने उहाँको भनाई छ ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मोरङका कार्यक्रम अधिकृत रामकुमार दाहाल पनि शिवभक्तिसँग सहमत हुनुहुन्छ । तालिम, शिक्षासँगै सेवा व्यवसाय प्रवर्द्धन गर्दै आपसी साथ र सहयोग अभिवृद्धिमा जिल्ला संघ साझेदारी कार्यक्रम कोशेढुङ्गा भएको उहाँ बताउनुहुन्छ ।

"हामी साझेदारी कार्यक्रममा आवद्ध भएपछि पहिले भन्दा बढी सक्रिय भएका छौं", दाहाल भन्नुहुन्छ, "संस्थाहरूलाई निरन्तर अनुगमनमा जाने पृष्ठपोषण दिने, मासिक प्रतिवेदन बुझाउन झक्झक्याउने लगायत अनसाइट र अफसाइटका निरन्तर कामहरूले हामीलाई गतिशील बनाएको छ, नेफ्स्कूनले सञ्चालन गरेको गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा पनि सहभागी सदस्यहरूको संख्या बढेको पाएका छौं, यसले सञ्जाललाई मजबूत बनाउने काम गरेको छ ।"

***(नेफ्स्कूनका सञ्चार अधिकृत रञ्जनमणि पौड्यालले तयार पार्नुभएको समाचार रिपोर्ट ।)***

साकोस आवाज
सहकारी सँगै सञ्चार

कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।

Like Comment Share

यदि तपाईंसँग कुनै समाचार भएमा : saccosaawaj@gmail.com मा पठाउनुहोला ।

# विद्यार्थी बचत क्लबः एक परिचय



**इन्दिरा पन्त**

विशेषज्ञ सञ्चालक
राष्ट्रिय सहकारी विकास बोर्ड

बचत क्लबमा आवद्ध भैसकेपछि विद्यार्थीहरुले आफ्नो खाजा खर्चबाट सानो हिस्सा बचत गर्दछन् । बेलाबेलामा अभिभावकले दिने खर्च वा चाडवाडमा पाउने दक्षिणाको निश्चित रकम पनि बचत गर्न सक्दछन् ।

हामीले फुटबल, भलिबल, क्रिकेट जस्ता खेलकुद तथा अन्य सामाजिक अभियानका लागि खोलिएका क्लबका बारेमा सुनेका छौं । देखेका पनि छौं । तर, विद्यार्थीलाई पैसा बचत गर्न सिकाउन खोलिएका क्लबका बारेमा सबैलाई थाहा नहुनपनि सक्छ । विद्यार्थी बचत क्लब (Student Saving Club) विद्यार्थीहरूलाई बचत गर्ने बानी विकास गर्न स्कुल जीवनदेखि शुरू गरिएको एक नयाँ अभ्यास हो । विद्यार्थीका लागि वित्तीय साक्षरता विषयक कार्यक्रम सञ्चालन गर्ने क्रममा मौलिक ढंगले लागु गरिएको विद्यार्थी बचत क्लब निकै प्रभावकारी भैरहेको छ । नेपालका कतिपय सहकारी संस्थाले शैक्षिक संस्थासँग समन्वय गरी यो कार्यक्रम सञ्चालन गरेका छन् ।

"विद्यार्थी बचत क्लब" वित्तीय साक्षरता तालिम दिईसकेपछि नियमित बचत गर्न निर्माण गरिने समूह हो । स्थानीय स्तरमा सञ्चालित आधारभूत वा माध्यमिक तहका शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थी बीच यस प्रकारको क्लब गठन गरिन्छ । सहकारी संस्था र विद्यालयको नाम जोडेर त्यस क्लबको नामाकरण हुन्छ । विद्यार्थी बचत कार्यक्रममा सहभागी विद्यार्थी मध्येबाट अध्यक्ष, सचिव, सदस्य रहने गरी क्लब निर्माण गरिन्छ । विद्यालय र सहकारी संस्थाले तोकेका व्यक्तिलाई क्लबको संरक्षक/सल्लाहकारको रूपमा राखिन्छ ।

यस क्लबले विद्यार्थीहरूको बचत गर्ने बानी विकास गर्दै अनुशासित जीवनशैली, रचनात्मक एवं सिर्जनात्मक क्षमता विकास, सामाजिक लगाव, सहकार्य र नेतृत्व विकासका साथै व्यवहारिक सिकाईका लागि राम्रो अवसर प्रदान गरेको छ । यस्ता विषय कक्षाकोठा बाहिरका सीपहरू हुन्, जुन उनीहरूका लागि जीवनभर उपयोगी हुन्छन् । क्लबमा आवद्ध भएपछि विद्यार्थीहरूको बचत गर्ने बानी मात्र होईन पढाईको स्तर पनि विकास भएको पाइएको छ ।

यस अभियानमा विद्यार्थी, अविभावक, सहकारी संस्था र विद्यालयको भूमिका रहन्छ । वित्तीय साक्षरताको तालिम दिईसकेपछि माथि उल्लेखित सरोकारवालासँग समन्वय गरी बचत क्लब निर्माण गरिन्छ । बचत क्लबमा आवद्ध भैसकेपछि विद्यार्थीहरूले आफ्नो खाजा खर्चबाट सानो हिस्सा बचत गर्दछन् । बेलाबेलामा अभिभावकले दिने खर्च वा चाडवाडमा पाउने दक्षिणाको निश्चित रकम पनि बचत गर्न सक्दछन् । बचतकर्ता विद्यार्थीलाई सहकारी संस्थाको तर्फबाट व्यक्तिगत पासबुक उपलब्ध गराइन्छ ।

विद्यार्थीसँग कुनै नियमित आम्दानीको श्रोत त हुँदैन । तर पैसा हातपरेपछि सानो हिस्सा भएपनि भोलिको लागि बचत



गर्नुपर्छ भन्ने बानी बसाल्न खाजा खर्चबाट प्रत्यक दिन १ रूपैयाँ भएपनि बचाउने अभ्यास गराइन्छ । बचत क्लबहरूले बिशेष गरी बचत गर्ने बानीलाई जीवन पद्दति बनाउन सिकाउँछन् । जसरी हामी बालबालिकालाई बिहान उठ्ने वित्तिकै मुख धुने, दाँत माझ्न र नित्यकर्म गर्न सिकाउँछौं, त्यसैगरी बचत क्लबले विद्यार्थीलाई हातपरेको पैसाको सानो हिस्सा भएपनि बचत गर्ने अभ्यास गराउँछन् । यसको उद्देश्य सानैदेखि बचतको बानी बस्यो भने पछिसम्म पनि उनीहरू पैसाको मामिलामा अनुशासित बन्दछन् ।

## विद्यार्थीले के के सिक्दछन् त ?

### वित्तीय साक्षरताः

वित्तीय साक्षरताले विद्यार्थीलाई पैसाको महत्व बुझाउँछ । सानैदेखि बचत गर्ने बानी विकास गराउँछ । आवश्यकता, चाहाना र अनावश्यक कुराको वर्गीकरण र प्राथमिकीकरण गर्न सिकाउँछ । उपलब्ध श्रोतको सही विश्लेषण गरी खर्च व्यवस्थापनमा परिपक्वता विकास हुन्छ । वित्तीय लक्ष्य निर्धारण, पारिवारिक बजेट निर्माण तथा पालना गर्ने अभ्यास गराउँछ । साथै विद्यार्थीमा पैसाको सदुपयोग कसरी गर्ने भन्ने ज्ञान, सीप र कला विकास गराउँछ ।

### बचत गर्नः

बचत क्लबमा आवद्ध भैसकेपछि विद्यार्थीहरू बचत के हो ? कसरी गर्ने ? बचत किन गर्ने ? भन्ने विषय बुझ्ने भएकोले अनावश्यक कुरामा पैसा खर्च गर्दैनन् । बचतकर्ता विद्यार्थीले आफ्नो क्लबमा विद्यार्थी बचत खाता खोली नियमित बचत गर्नुपर्ने हुन्छ । यस प्रकारको खाता सम्बन्धित विद्यार्थीले आफ्नो अध्ययन अवधिभर सञ्चालन गर्न सक्दछन् । सानो तिनो कामका लागि कसैसँग हात फैलाउनु पर्दैन, सानो सानो बचतले पछि ठूलो लगानी गर्ने पैसा संकलन हुन्छ भन्ने बुझ्दछन् । पैसाको व्यवस्थापन गर्ने सीप र मितव्ययी बानी विकास हुन्छ । आवश्यक परेको बेला बचत रकम निकालेर उपयोग गर्न सकिन्छ । विद्यार्थीले आफ्नो बचत रकम उच्च शिक्षा अध्ययनका लागि पनि उपयोग गर्न सक्दछन् ।

### आवश्यकता र अनावश्यक कुरा छुट्टाउन सक्नेः

सामान्यतया जीवनमा हाम्रा अनगिन्ती आवश्यकता हुन्छन् तर त्यसलाई पुरा गर्ने स्रोत भने सिमित भइदिन्छ । यस्तोमा, मन लागे अनुसारको खर्च गर्न सम्भव हुँदैन । इच्छा पूरा गर्न खोज्दा आवश्यकताहरू अधुरै रहन पुग्छन् । त्यसैले के कुरा रहर वा चाहाना हुन् र के आवश्यकता हुन् भन्ने छुट्टाउन जान्नु पर्छ । अनावश्यक कुरामा खर्च गर्ने बानी पर्यो भने त जीवन झन कठिन हुनपुग्छ । हरेक दिन रक्सी, चुरोट खान सक्ने तर उपचार गर्न पैसा निकाल्न नसक्ने अवस्थामा धेरै मानिस पुगेको हामीले देखेकै छौं ।

वित्तीय साक्षरताको प्रशिक्षण दिने क्रममा नै आवश्यकता, चाहना र अनावश्यक वस्तुको जानकारी गराइएको हुन्छ । त्यसैले भिन्नता बुझ्न पनि सजिलो हुन्छ । के कुरा आवश्यकता हो ? के कुरा चाहाना हो र अनावश्यक वस्तु के के हुन ? यो छुट्टाउन सक्ने हुन्छन् । त्यसैले सानैदेखि पैसा बचाउने कला सिक्दै जान्छन् । बालबालिकामा खराव आदत विकास हुन पाउँदैन । बचत क्लबमा आवद्ध भैसकेपछि विद्यार्थीहरू नराम्रो कुराको देखासिकी गर्दैनन् । आफुले गरेको बचतको व्याज पाईन्छ, जम्मा गरेको पैसा बिस्तारै बढ्दैजान्छ भन्ने कुराले उनीहरू उत्साहित हुन्छन् । जब उनीहरू खुत्रुके र पासबुक बोकेर आफ्नो पैसा जम्मा गर्न थाल्दछन् आत्मविश्वास पनि बढ्दै जान्छ ।

### आम्दानी र खर्चका बीचमा तालमेलः

आम्दानी र खर्चका बीचमा तालमेल मिलेन भने पनि वित्तीय संकट सिर्जना हुन्छ । घाँटी हेरी हाड निल्नु भन्ने नेपाली उखानै छ । घाँटी सानो र हाड ठूलो निल्यो भने के हुन्छ ? प्रष्ट छ, त्यो अड्किन्छ र सासै रोकिन्छ अनि उस्तै परे त प्राणै जान्छ । आफ्नो आम्दानी भन्दा खर्च धेरै गरियो भने वित्तीय दुर्घटना हुनसक्छ । सन्तुलन मिलाउन सके वित्तीय जीवनमा अनेक झण्झटहरू आउने कारणहरू सिर्जना हुँदैन । कमाउने र खर्च गर्ने प्रक्रियामा तालमेल मिलाउनु भनेको बचत गर्न जान्नु पनि हो । वित्तीय साक्षरताले आम्दानी भन्दा खर्च कम कसरी गर्ने भन्ने सिकाउँछ । यसले आवश्यकता अनुसार स्रोत व्यवस्थापन गर्न हौसला दिन्छ । अनावश्यक खर्च कम गरी बचत गर्न प्रोत्साहित गर्छ । यस्तो शिक्षाले विद्यार्थीलाई मात्र होईन, उनको परिवारलाई नै वित्तीय रूपमा अनुशासित र मितव्ययी बनाउन सहयोग पुग्दछ । त्यसैले भन्न सकिन्छ, वित्तीय रूपमा साक्षर मानिसको जीवन आत्मविश्वासपूर्ण, उत्साहपूर्ण र गहकिलो हुन्छ ।

### प्राथमिकता चयन :

हाम्रा आवश्यकताहरू असिमित हुन्छन् । कुन आवश्यकता तत्कालै पुरा गर्नुपर्छ, कुन कुरा विस्तारै गर्दा पनि हुन्छ भन्ने छुट्टाउन नसकेर कहिलेकाँही हामी अलमलमा पर्छौं । जस्तो खाने, लाउने, औषधोपचार गर्ने जस्ता विषयहरू आधारभूत आवश्यताहरू हुन् । यी मध्य पनि कुन कुरा तत्कालै गर्नुपर्छ र कुन कुरा क्रमैसँग पुरा गर्न सकिन्छ, त्यसको प्राथमिकीकरण गरियो भने सजिलो हुन्छ ।

**बहुआयामिक विकास र सशक्तिकरणः**

बचत क्लबले विद्यार्थीहरूको बहुआयामिक विकास र सशक्तिकरणमा जोड दिन्छ । बचत क्लबको अवधारणा नै वित्तीय शिक्षा दिइसकेपछि बचत गर्ने अभ्यास गराउने हिसाबले शुरू भएको हुनाले यसले पैसा जम्मा गर्ने काम त गर्छ नै, साथसाथै विद्यार्थीलाई अन्य रचनात्मक क्रियाकलापमा समेत सहभागी गराउँछ । त्यसले उनीहरूको बहुआयामिक विकासमा सहयोग पुग्दछ । विद्यालय तथा समुदायले आयोजना गर्ने कार्यक्रमका साथै क्लब स्वयंले पनि विभिन्न कार्यक्रम आयोजना गर्दछन् । बचत क्लबका तर्फबाट बादविवाद, व्यक्तित्वकला, चित्रकला तथा साहित्य लेखन, बृक्षारोपण, सरसफाई जस्ता कार्यक्रममा विद्यार्थीहरूलाई सकृय भैरहन्छन् । जसले उनीहरूको बहुआयामिक विकासमा योगदान पुग्दछ ।

**सहकारीको ज्ञानः**

युवा पुस्तामा सहकारी पुऱ्याउन विद्यालय तथा क्याम्पसहरूमा स्थापना गरिएका सहकारी वा बचत क्लबले ठूलो भूमिका खेल्दछन् । विद्यार्थीले सानैदेखि सहकारीका मुल्यहरू सिक्दछन् । बचत क्लबका माध्यमबाट आत्मसहयोग, आपसी सहयोग, समानता, समता, समाजप्रति चासोका साथै सहकारीताको भावना विकास हुन्छ । युवा पुस्तामा सहकारीताको मूल्यहरू स्थापना गर्न, सहकारी व्यवसायलाई दिगो बनाउन सहयोग पुग्दछ । बचत क्लबका माध्यबाट सहकारीको ज्ञान र समाजसँग प्रत्यक्ष सम्बन्ध र सम्वादले विद्यार्थीलाई अनुभवि र जिम्मेवार बनाउँदछ ।

यस्तो खालको अभ्यास हामी महाविद्यालय तथा विश्विविद्यालयमा पनि गराउन सक्दछौं । शैक्षिक संस्थामा बचत क्लब वा सहकारी स्थापना गर्दा विद्यार्थीहरूलाई सामाजिक उद्यमशीलताका साथै उनीहरूको रूचि अनुसार सिर्जनात्मकता परिक्षण गर्ने राम्रो ठाँउ हुनसक्छ । असफलताबाट सिक्ने अवसर पाँउछन् । सहकारी संस्कृति र चरित्र निर्माणमा सहयोग पुग्दछ । त्यस्ता संस्थाहरू सहकारीका सिद्धान्त र मुल्यहरूको अभ्यास गर्ने प्रयोगशालाको रूपमा विकास गर्न सकिन्छ ।

**व्यवस्थापन कलाः**

बचत क्लबले विद्यार्थीलाई व्यवस्थापनको ज्ञान सिकाउँछ । बचत क्लबमा विद्यार्थीहरूको समिति हुन्छ । उक्त समितिले आफै योजना बनाउँछ र कार्यान्वयन गर्दछ । क्लबमा आवद्ध विद्यार्थीहरूको बचतको अभिलेख, विभिन्न कार्यक्रमको व्यवस्थापनले उनीहरूमा व्यवस्थापकीय कला विकास हुन्छ । सिर्जनात्मक र प्रयोगात्मक सिकाईले के पिरो छ वा गुलियो छ, कति तातो वा चिसो छ भन्ने कुरा स्वयं प्रयोगकर्ताले अनुभूत गर्न सक्दछन् । नदी कति गहिरो छ वा छैन भन्ने कुरा खुट्टा राखेपछि मात्र थाहा हुन्छ । भनिन्छ नि, पुस्तक पढेको ज्ञानले कोही पनि पौडिवाज बन्न सक्दैन । पौडिने सीप सिक्न त पोखरीमै हाम्फाल्नु पर्छ । बचत क्लबले पनि विद्यार्थीलाई कतिपय विषयमा स्वयं अनुभवि बनाउँछ ।

**नेतृत्व विकासः**

बचत क्लबमा आवद्ध विद्यार्थीहरू नियमित रूपमा विभिन्न विषयमा छलफल अन्तरक्रिया गर्दछन् । बैठकमा आ आफ्ना मत राख्दछन् । शैक्षिक तथा सामाजिक क्रियाकलापमा सहभागी हुन्छन् । वादविवाद, वक्तृत्वकला, चित्रकला, सरसफाई, बृक्षारोपण जस्ता थुप्रै कार्यक्रममा अगुवाई गर्दछन् । क्लबका बैठकहरू, शैक्षिक संस्था भित्र र बाहिर आयोजना हुने कार्यक्रमहरूमा सहभागी हुने आफ्ना विचारहरू व्यक्त गर्ने अवसरले उनीहरूको नेतृत्व क्षमता विकास हुन्छ ।

**समुदायका मुद्दाको जानकारीः**

विद्यार्थी बचत क्लबले समाजमा घट्ने घटनाहरू, सामाजिक मुद्धाहरू पहिचान गर्न र बुझ्न प्रेरित गर्दछ । नकारात्मक विषयहरू परिवर्तन गर्न भूमिका खेल्न सघाउँछ । अनावश्यक कुरामा खर्च गर्नु हुँदैन भन्ने चेतनाका कारण उनीहरू आफै रक्सी, चुरोट, जुवा तास जस्ता खराव बानीमा पर्ने संभावना कम हुन्छ । साथै परिवार, छरछिमेकमा पनि चेतना फैलाउन सक्दछन् । सानैदेखि सही र गलत छुट्टाउन सक्ने, असमानता, विभेद, हिंसा र जलवायु परिवर्तन लगायत विषय बुझ्न र समाधानका लागि पैरवी गर्ने हुन्छन् । आफ्ना अधिकार र कर्तव्यका बारेमा सचेत र जिम्मेवार बन्दछन् ।

**निश्कर्षः**

वित्तीय साक्षरता सीप विद्यार्थीका लगि त अनिवार्य पाठ्यक्रममा नै व्यवस्था गरी शिक्षण गरिनुपर्ने विषय हो । यद्यपी नेपालमा यस्तो अवस्था विकास भइसकेको छैन । हामी वित्तीय साक्षरताजस्तो सबैंका लागि अनिवार्य ज्ञान विद्यार्थीलाई नपढाएरै समृद्धीको सपना देख्दै भावी पुस्ता तयार पारिरहेका छौं । जुन खेलको अभ्यास परिवार, समाज, विद्यालय र अन्यत्र कतै पनि गर्न पाइएको हुँदैन, त्यो खेलमा कोही कसरी विजेता होला ? पैसाको खेल र खेलका नियम सानैदेखि बुझाउन र अभ्यास गराउनु आवश्यक छ । त्यसैले वित्तीय साक्षरता एवं विद्यार्थी बचत क्लब प्रत्यक शैक्षिक संस्थामा पुऱ्याउन जरूरी छ । यो अभियान वित्तीय रूपमा अनुसाशित, भविष्यप्रति सचेत र परिवार, समाज र देशप्रति जिम्मेवार नागरिक तयार गर्न सार्थक हुनेछ ।

***(लेखक वित्तीय साक्षरता प्रशिक्षक तथा विद्यार्थी बचत क्लबको परिकल्पनाकार पनि हुनुहुन्छ ।)***



# सुर्खेतमा सहकारी एकीकरणको लहर



कर्णाली प्रदेशको राजधानी सुर्खेतमा पछिल्लो समय सहकारी एकीकरणको लहर चलेको छ । एकीकरणमार्फत फराकिलो कार्यक्षेत्र, सदस्य पहुँचमा वृद्धि र प्रविधिमा नवीनता पस्कने अठोटका साथ जिल्लाका सहकारीहरू त्यसप्रति उत्साहित भएका हुन् । मंसिर ४ गते नेफस्कूनमा आवद्ध ४ वटा बचत तथा ऋण सहकारी संस्थाहरूबीच विधिवत् एकीकरण भएको थियो भने असोज २२ गते ४ वटा सहकारी संस्थाहरू र कार्तिक २४ मा ३ वटा सहकारीबीच एकीकरण भएको थियो । सरकारले सदस्य माग र चाहनाको सम्बोधनका लागि सहकारी संस्थाहरूको एकीकरणमा जोड दिएसँगै सुर्खेतमा पनि एकीकरणको लहर बढेको हो ।

पछिल्लो पटक मंसिर ४ गते गंगामाला, प्रभात महिला, दिगोशान्ति नवज्योति र शान्तिनगर बचत तथा ऋण सहकारी संस्थाहरूबीच एकीकरण भई गंगामाला स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि., भेरीगंगा-१२ सुर्खेतले सहकारी विभागबाट विधिवत् दर्ता प्रमाण पत्र प्राप्त गरेको छ । एकीकृत संस्थाका व्यवस्थापक हिरालाल घर्तीका अनुसार अब संस्थामा ६ हजार ७ सय सदस्य र साढे ३६ करोड पुँजी पुगेको छ । ७५ प्रतिशत महिला सहभागिता रहेको साकोसमा मुख्य कार्यालय बाहेक ४ वटा सेवा केन्द्र रहेको व्यवस्थापक घर्तीले बताउनुभयो ।

यसअघि गएको असोजमा वीरेन्द्रनगर साकोस, पञ्चज्योति साकोस, जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था र आफन्त ग्रामीण कृषि तथा पशुपालन सहकारी संस्था लि. एकीकरण भई गत कार्तिक १६ गतेबाट वीरेन्द्रनगर साकोसको नामबाट एकीकृत कारोवार सञ्चालन गरेको एकीकृत संस्थाका अध्यक्ष बम बहादुर बीसीले जानकारी गराउनुभयो । उहाँले भोलीबाट एकीकृत संस्थाको सेवा केन्द्र सञ्चालनमा आउने तयारी भएको बताउनुभयो । "जिल्लामा हामीले एकीकरणको अभ्यास सुरुवात गरेका हौं", अध्यक्ष बीसीले भन्नुभयो, "हामीपछि अरू ३ संस्थाबीच एकीकरण भएको थियो भने पछिल्लो पटक गंगामाया लगायतका ४ साकोसहरूबीच एकीकरण भएको हो ।" सुर्खेत जिल्ला भर कार्यक्षेत्र रहेको वीरेन्द्रनगर साकोसको सदस्य संख्या १३ हजार ५ सय ८५ पुगेको छ भने पुँजी ५९ करोड ९१ लख ८१ हजार ६ सय ५६ पुगेको छ । हाल ५३ करोड ऋण लगानी रहेको संस्थामा महिला सदस्य सहभागिता ६५ प्रतिशत रहेको अध्यक्ष बीसीले उल्लेख गर्नुभयो ।

त्यसपछि कार्तिकमा जनजागरण, नमूना र जीवनसहारा साकोस एकीकृत भई शुभ साकोसको रूपमा कारोवार सञ्चालन गरेको संस्थाका व्यवस्थापक गणेश कुमार चन्दले जानकारी दिनुभयो । "२०७५ साल साउन १० मा जनहित, जनसेवा, जागरण महिला एकीकृत भई जनजागरण बचत तथा ऋण सहकारीको रूपमा कारोवार सुरू गरेका थियौं", व्यवस्थापक चन्दले भन्नुभयो, "पछि अरू २ वटा सँग मिलेर शुभ साकोसको रूपमा कारोवार सञ्चालन गरेका हौं ।" एकीकरणपछि शुभ साकोसको कूल सदस्य संख्या ३१ सय र पुँजी २० करोड रूपैयाँ पुगेको उहाँले बताउनुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np,
वेबसाइटः www.nefscun.org.np
नेफस्कून

# सहकारी संस्था र सदस्यहरूबीच प्रभावकारी सम्बन्धका आधारहरू

**राजेन्द्र पौड्याल**

सञ्चालक, राष्ट्रिय सहकारी महासंघ
अध्यक्ष, मनासलु बहुउद्देश्यीय सहकारी संस्था लि., ललितपुर





> सहकारी मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक विकास र सम्वर्द्धनका लागि संस्थामा यथेष्ठ सक्रिय सदस्यहरुको जरुरत हुन्छ । संस्थाको लागि सदस्यहरु वास्तवमा सम्पत्ति नै हुन् । जो निरन्तर कारोवार, आम्दानी र समृद्धिका सम्बाहक हुन्छन् ।

के हामीले सञ्चालन गरेका सहकारी संघसंस्थाहरू हामीहरू आफ्नै अनुभवमा पनि "सहकारी संस्था" जस्ता लाग्दछन् ? सहकारीलाई वस्तुनिष्ठ रूपमा बुझ्नका लागि उल्लेखित प्रश्नको चिन्तनिय र तथ्य सहितका उत्तर आवश्यक छ । के सरकार र नागरिकहरूले बारम्बार भनिरहने, सोधिरहने यस्ता प्रश्न प्रति सहकारीका सञ्चालक नेतागणहरूको ध्यान जान आवश्यक छैन ? सहकारी प्रति आम नागरिक र राज्यको धारणा "सहकारी संघ संस्थाहरू सहकारी संघ संस्थाहरू जस्ता छैनन्" भन्ने नै हो । यस्ता यथार्थ तर डरैलाग्ने धारणा आम जनमानसमा विस्तारै जाने र सदस्यहरूको तहसम्म पुग्ने र सदस्यहरूले पनि आफू आवद्ध सस्था प्रति यस्तै बुझाई हुँदै जाने अवस्थासम्म पुग्दा सहकारी आन्दोलन के होला ? एउटा सहकारी संस्थाको सदस्यकै शब्दमा "मेरो अनुभवमा म आवद्ध सहकारी संस्था र निजि कम्पनिमा हुने र भैरहेको कारोवारमा मैले फरक अनुभव गर्न सकेको छैन"। यो सदस्य र सहकारी संस्था बीचको परस्पर हित हुने व्यावसायिक सम्बन्ध नभएको रूग्ण किसिमको 'सदस्य र संस्था बीचको सम्बन्धको' गतिलो उदाहरण हो । यस्ता समस्याहरूलाई समयमै सहकारी संस्थाहरूले सम्बोधन नगर्ने हो भने भोलि कस्तो अवस्था आउला ? सहकारी आन्दोलनको बाटो के होला ? सहकारी आन्दोलनबाट के प्राप्त होला ? एउटा सहकारी संस्थाको असली पहिचान सहकारी अवधारणा, मूल्य र सिद्धान्त अनुसार व्यवसाय सञ्चालन गर्नु हो र संस्थाले यस किसिमको पहिचान संस्थाले स्थापित गर्नका लागि संस्था र सदस्य बीचको पारस्परिक व्यावसायिक सम्बन्ध सुदृढ गर्नु एकमात्र विकल्प हो ।

नेपालको बर्तमान सहकारी आन्दोलनको अवस्था आँकलन गर्दा केही संस्थाहरूको व्यवस्थापकीय सीपका कारणले संस्थागत विकास भएको देखिन्छ । सदस्यहरूको संस्थाप्रतिको सदासयता र विश्वाशका कारण पनि उत्तिकै छ । कतिपय सन्दर्भमा सदस्यहरूले दर्शाएका सदासयताको उचित मूल्यांकन हुन सकेको छैन । सदस्यहरूसँगको उचित र सुदृढ सम्बन्धका विषयमा पर्याप्त ध्यान नदिने हो भने सदस्यहरूले सहकारी संस्थाहरू प्रति देखाईरहेको सदासयता छिन्न भिन्न हुन सक्ने देखिन्छ । यस्तो अवस्थामा "सदस्यहरूको सक्रियाता, सदस्यहरूको नियन्त्रण र सदस्यहरूकै स्वामित्व" मरेर जान्छ, अर्थहिन हुन जान्छ । सहकारी संस्था एउटा विचौलियाको भूमिकामा सिमित हुन सक्छ । अनि सदस्यहरू

निस्कृय रहने, छोड्ने, मन नपराउने, उदासिन व्यवहार देखाउने हुन्छन् ।

सहकारी मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक विकास र सम्वर्द्धनका लागि संस्थामा यथेष्ठ सक्रिय सदस्यहरूको जरूरत हुन्छ । संस्थाको लागि सदस्यहरू वास्तवमा सम्पत्ति नै हुन् । जो निरन्तर कारोवार, आम्दानी र समृद्धिका सम्बाहक हुन्छन् । जिल्ला संघ, केन्द्रीय संघहरूले सदस्यता सम्बन्धि मापदण्ड बनाई आफैंमा र आफ्ना सदस्य संस्थाहरूमा लागू गर्नुपर्छ । एउटा प्रारम्भीक सहकारी संस्थाले पनि आफ्नो संस्थालाई आवश्यक न्यूनतम सदस्य संख्या कति हो, कम्तीमा त्यति संख्यामा सदस्य बनाउन कति कार्यक्षेत्र आवश्यक होला? सक्रिय सदस्य भनेको के हो? संस्था र न सहकारी संस्था सञ्चालकहरूले सदस्यहरूलाई सन्तुष्ट पार्न सकेको अनुभूति गरेका छन् । यो हरेक सहकारी संस्थामा भएको अहिलेको विद्यमान अवस्था हो । सहकारी संस्था आवद्ध सदस्यहरूको जीवन आधार हुन सक्नु पर्दछ । सदस्यहरूले संस्थालाई माध्यम बनाई आफ्नो पेशा व्यवसाय विकास, विस्तार एवं प्रवर्द्धन गर्न सक्नु पर्दछ ।

अहिलेको परिप्रेक्ष्यमा एउटा सहकारी संस्थाको बहुआयामिक समृद्धिको एउटै ठोस विषय सक्रिय सदस्यताको व्यापक विस्तार हो । सदस्य संख्या र शेयर पुँजी, बचत निक्षेप, ऋण लगानी, समग्र कारोवार र आम्दानी बीच जहिले पनि सकारात्मक सम्बन्ध कायम हुन्छ । सदस्य संख्या बढ्दा सबै बढ्ने, घट्दा सबै घट्ने । एकजना बरिष्ठ जापानिज सहकारीकर्मीको भनाईमा "नेपालमा थोरै सदस्य भएका धेरै संस्थाहरू भए, यही कारणले सहकारी आन्दोलन गुणात्मक रूपमा विकास हुन पाएन ।" अहिले हामीले हाम्रै देशमा र विदेशमा समेत सहकारी संघ संस्थाहरूको क्षमता, शक्तिको, सफलताको कथा वा यथार्थ सुनेका छौ । त्यस्ता संस्थाहरूको सफलताको पृष्ठभूमिमा सक्रिय सदस्य संख्याको ठूलो हात रहेको हुन्छ । नेपालमा सरकार र सम्बन्धित निकायहरूले पनि सहकारी संघ संस्थाहरू यथोचित विकासका लागि यथेष्ठ सक्रिय सदस्य संख्या नै महत्वपूर्ण विषय हो भनि ठम्याएको देखिएन ।

सदस्यता वृद्धिका लागि सामान्यतया कार्यक्षेत्र ठूलो हुन आवश्यक हुन्छ । तर नयाँ बनेको ऐन, पूराना मापदण्ड परिपत्र र निर्देशनहरूमा एउटा सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्ने व्यवस्था सरल सहज छैन । अति आवश्यक र वान्छनीय हुँदा पनि कार्यक्षेत्र विस्तार गरी सदस्य संख्या वृद्धि गर्नमा अनेकन कठिनाई भोग्नु परेको भुक्त भोगीहरू बताउँछन् ।

सदस्य संख्या अपुग भएर पनि सहकारी संघ संस्थाहरूमा मर्जरको अवधारणा प्रकाशमा आएको हो । मर्जरले पहिलो कुरा त सदस्यता वृद्धि, पुँजी वृद्धि, कारोवार वृद्धि, आम्दानी वृद्धिका साथै कार्यक्षेत्र पनि वृद्धि हुन्छ । नेपालमा सदस्य संख्या वृद्धि गर्नका लागि अपनाउने सामान्य रणनीति भनेको कार्यक्षेत्र विस्तार हो । कार्यक्षेत्र विस्तार भईहाले पनि अपेक्षित रूपमा सदस्यताको विस्तार भएको पाइएको छैन । यसको कारण अत्यधिक संस्थाहरूको दर्ता हुनु हो । कार्यक्षेत्र विस्तार भएको ठाउँमा थुप्रै सोही प्रकृतिका संस्थाहरू हुनु अर्को मूख्य कारण हो । विना योजना, विना अध्ययन कार्यक्षेत्र विस्तार गर्नु अर्को कारण हो । एउटा सहकारी संस्थाको कार्यक्षेत्र जिल्ला भरी हुने तर सदस्यता लगायत अन्य सबै गतिविधि एकदमै सिमित क्षेत्रमा हुने पनि देखिएको छ । कतिपय संस्थाहरूको चाहीँ कार्यक्षेत्र सिमित भएता पनि कारोवार



सदस्यहरूको सम्बन्ध आदि बारेमा नीति नै बनाउन आवश्यक हुन्छ र यो एउटा निरन्तर प्रक्रियाको रूपमा अघि बढाउनु श्रेयस्कर हुन्छ ।

सदस्यसँगको प्रभावकारी सम्बन्धको चर्चा एउटा सबैले बुझ्केै विषय भएता पनि यसलाई वस्तुपरक हिसाबले नबुझिकन बेवास्ता पनि गर्ने गरेको देखिएको छ । एउटा बचत ऋणको कारोवार गर्ने सहकारी संस्था सञ्चालकको भनाईमा "सदस्यहरू व्याजको लोभमा संस्थामा बचत गर्दछन्, ऋण चाहिएमा बैंकतिर जान्छन् ।" एउटा सहकारी संस्थामा सदस्य भएर प्राप्त हुने फाईदा न सदस्यहरूले अनुभूति गर्न पाएका छन्

चाहि कार्यक्षेत्र बाहिर व्यापक रूपमा गरेको देखिन्छ । यस किसिमको समस्या समाधानका लागि सरकार र सहकारी आन्दोलनले स्पष्ट नीति बनाई लागू गर्न आवश्यक भैसकेको छ ।

सहकारी संस्थाको सदस्यहरूसँगको सम्बन्धकै चर्चा गर्दा संस्था र सदस्यहरूको बीचको सुदृढ एवं सुमधुर सम्बन्धको महत्वपूर्ण पाटो भनेको संस्थाले सदस्यहरूलाई प्रदान गर्ने गुणस्तरीय वस्तु र स्तरीय सेवा नै हो । वास्तवमा यो अत्यन्तै महत्वपूर्ण पनि छ । सहकारी संघ संस्थाहरूले अन्य संघ संस्थाहरूसँग आफूलाई प्रतिस्पर्धा गराउँदा गुणस्तरीय वस्तु र स्तरीय सेवा कै आधारमा आफूलाई प्रतिस्पर्धात्मक रूपमा उभ्याउँछन् । सदस्यहरूलाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरेर सन्तुष्ट राख्ने काम गर्छन् । गुणस्तरीय वस्तु तथा सेवाले संस्थाको असल छवि निर्माणमा सहयोग पुग्छ । जसले गर्दा समुदायमा विश्वाश आर्जन हुन्छ । गुणस्तरीय वस्तु तथा सेवा भनेको सदस्यहरूको आवश्यकता पूरा गर्ने, समस्याको समाधान गर्न सक्ने, आम्दानीले धान्न सक्ने वस्तु तथा सेवा हो । यस्ता वस्तु तथा सेवाहरू सदस्यहरूको आर्थिक जीवन, सामाजिक जीवनसँग प्रत्यक्ष सरोकार राख्नेखालको हुनु पर्दछ । हरेक सदस्यको सुखि भविष्यसँग गाँसिएको वस्तु तथा सेवाले नै सदस्यहरूको आर्थिक सामाजिक जीवन सरल बनाउन सहयोग पुऱ्याउँदछ । वास्तवमा एउटा सहकारी संस्थाको मूल उद्देश्य त्यस संस्थासँग आवद्ध सदस्यहरूको जीवनस्तर प्रवर्द्धन गर्नु नै हो । गुणस्तरीय वस्तु तथा सेवाले नै सदस्यहरूको जीवनस्तर प्रवर्द्धन गर्न सकिन्छ । कतिपय उत्कृष्ठ सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक लक्ष पूरा गर्ने खालका वस्तु तथा सेवाहरू उत्पादन गरेका छन् र सदस्यहरूको अटल विश्वाश जितेका छन् र समुदायमा आफूलाई अब्बल सावित गरेका छन् । सदस्यहरू पनि त्यस्ता संस्थाको सदस्य हुन पाउँदा आफूलाई आर्थिक रूपमा सुरक्षित भएको महसुस गर्छन् र आफ्नो सुखि जीवनको परिकल्पना साकार हुने विश्वाश गर्छन् । हाम्रो समाजमा केही अपवाद बाहेक अधिकांश सहकारी संस्थाका कार्यक्रमहरू, वस्तु तथा सेवाहरू सदस्यहरूको आर्थिक लक्षसँग, सदस्यहरूको आवश्यकतासँग सम्बन्धित छैनन् । त्यस्ता संस्थामा सदस्यहरूको आर्थिक सहभागिता सुस्त हुन्छ र अत्यधिक जोखिम पनि हुन्छ । यस्ता संस्थाहरूमा अधिक निस्कृय सदस्यहरू हुने गर्छन । संस्था सिमित मान्छेहरूबाट संचालित हुन्छ । सञ्चालकहरूमा द्वन्द्व देखिन्छ । सञ्चालकहरूले आफ्नो निजि स्वार्थ पूरा गर्नका लागि संस्थालाई उपयोग गर्दछन् । कर्मचारीहरू खुसी हुँदैनन् र आफूलाई असुरक्षित महसुस गर्दछन् । संस्था मध्यस्थकर्ताको रूपमा र सदस्यहरू ग्राहकको रूपमा कारोवार गर्दछन् ।

सदस्यहरूसँगको सुदृढ सम्बन्ध कायम राखि राख्नका लागि अनवरत रूपमा धेरै कामहरू गरिरहनु पर्दछ । यो सहकारीता, सहकारी संस्कृति र सफल भविष्यको सुनिश्चितताका लागि अत्यन्त महत्वपूर्ण छ । केही महत्वपूर्ण आयामहरू

**सदस्यहरूसँगको अर्थपूर्ण सम्बन्धको आधार**

- सदस्यहरूसँग प्रभावकारी सञ्चार
  - न्यूनतम आधारभूत आवश्यकताको रूपमा स्विकार गरौं ।
- अनवरत सदस्य शिक्षा (सहकारी शिक्षा)
  - संस्कारयुक्त समाज निर्माणका लागि
- सहकारी संस्थाको प्रवर्द्धन
  - सहकार्यको नमूना प्रदर्शनका लागि
- सदस्यहरूलाई उत्प्रेरणा
  - सदस्यहरूको उत्तरदायित्व र निष्ठा प्रदर्शनका लागि

सदस्यहरूलाई समयभित्र सूचना दिन, शिक्षित तुल्याउन, प्रवर्द्धन गर्न र उत्प्रेरित गर्न प्रभावकारी सञ्चार प्रणालीको महत्वपूर्ण भूमिका हुन्छ । प्रभावकारी सञ्चार प्रणालीका कारण सदस्य र संस्थाबीचको सम्बन्ध बलियो हुन्छ । सदस्यहरूसँगको सञ्चारमा निम्न विषयहरू समेटिएको हुनुपर्दछ ।

- सहकारी संस्थाको पृष्ठभूमि, उद्देश्य, कार्य र सञ्चालन विधि ।
- सहकारी सिद्धान्त र यसको प्रयोग, अभ्यास गर्दा प्राप्त हुने फाईदा, प्रतिफल जो सदस्यहरूले सहकारी संस्थाबाट प्राप्त गर्छन् ।
- सहकारी संस्था सञ्चालनका नीतिहरू विशेष गरी पूरानो परिमार्जन, संशोधन गरी नयाँ बनाउँदा सदस्यहरूको महत्वपूर्ण भूमिका हुनु पर्दछ । सदस्यहरूले संस्थाको नीतिहरू परिवर्तन, संशोधन वा परिमार्जन हुँदा अनिवार्य रूपमा थाहा पाउनु पर्दछ । किनभने यस्ता नीति, नियम, कार्यविधिहरू सदस्यहरूकै लागि हुने भएकाले उनिहरूले थाहा पाउनु अति आवश्यक छ । वास्तवमा सदस्यहरूकै संस्था, सदस्यहरूले नै सञ्चालन गर्ने र सदस्यहरूले नै नियन्त्रण गर्ने भन्ने आदर्शलाई यसरी नै अभ्यास गर्नु पर्छ ।
- संस्थाको वस्तु तथा सेवाहरू निर्माण गर्दा त्यस्ता वस्तु तथा सेवा कसका लागि हो ? ति वस्तु तथा सेवाहरूको आफ्ना व्यवसाय, जीवनमा कसरी उपयोग गर्न सकिन्छ ? अहिले कस्ता वस्तु तथा सेवाहरू छन् ? नयाँ छन् कि पुरानै हुन ? सदस्यहरूले नयाँ केही अपेक्षा गरेका छन् कि ?
- सहकारी संस्थाको योजनाका बारेमा जस्तै : संस्था सञ्चालन तरिका, विधि, उपकरण, साधनहरू, रणनीतिक लक्ष, रणनीतिक दिशा, स्रोत, बजेट के हो कता जाँदैछ ।
- सहकारी संस्थाको अवधारणा, दूर दृष्टि, ध्येय, उद्देश्य र सो प्राप्तिका लागि सञ्चालन गरिएको योजना, गतिविधि, वस्तु तथा सेवा ।
- सहकारी संस्थाबाट प्राप्त हुने वित्तीय सेवा : कारोवारमा कसरी सक्रिय योगदान गर्ने, भविश्यको वित्तीय लक्ष हासिल गर्न के के गर्ने, आफूले प्राप्त गरेको वित्तीय फाईदा

कसरी मापन गर्ने ? संस्थाको शेयर पुँजी संस्थागत पुँजीहरूमा कसरी आफ्नो हिस्सा बढाउने ? संस्थाको सहयोगमा आफ्नो व्यावसायिक कारोवार कसरी व्यवस्थित गर्ने ?

- वार्षिक साधारण सभामा सदस्यहरूको भूमिका खोज्न भन्दा पनि सदस्यहरूका लागि महत्वपूर्ण अवसर हो भनेर शिक्षा दिनु पर्दछ । किनभने साधारण सभाले नै सदस्यहरूको सम्पूर्ण जीवनलाई सम्बोधन गर्ने हुँदा साधारण सभालाई सदस्यहरूले अवसरको रूपमा उपयोग गर्नु पर्दछ । खासगरी संस्थाको वस्तु तथा सेवा सम्बन्धी आफ्नो धारणा जस्तो : आफ्नो सामर्थ्यले (आम्दानीले) धान्न सक्ने छ कि छैन, आफ्नो वित्तीय लक्ष पूरा गर्न मद्दत पुग्ने छ कि छैन ? उपभोगमा सरलता, सहजता छ कि छैन ? आफूले संस्थाको कारोवारमा गरेको योगदानको उचित मूल्यांकन कसरी भयो ? भयो कि भएन ? भएन भने किन भएन ? जस्ता विषयमा छलफल गर्ने गरी वार्षिक साधारण सभालाई उपयोग गर्नु पर्दछ ।
- सदस्यहरूसँग राम्रो सम्बन्ध छ भन्ने कुरा संस्थाले गर्ने वार्षिक साधारण सभा, स्थानीय बैठक, शैक्षिक मंचहरू, खुला सभाहरू, शैक्षिक अध्ययन अवलोकन भ्रमणहरू, पत्रपत्रिकाहरू, बुलेटिन, ब्रोसर, सूचना पत्र, व्यवसाय प्रवर्द्धनात्मक क्रियाकलाप, आदिबाट थाहा हुन्छ । व्यवस्थापन, सञ्चालकहरू र कर्मचारीहरूले सदस्यहरूसँगको सुमधुर एवं सुदृढ सम्बन्धका लागि सक्रिय भूमिका निभाउनु पर्दछ ।
- सहकारी संस्थामा सधैं राम्रो अवस्था आईरहन्छ भन्ने छैन । सदस्यहरूलाई राम्रो एवं नराम्रो अवस्थाको पनि जानकारी दिनु पर्दछ । संस्था सदस्यहरूकै हुने भएकाले उनिहरूलाई अन्धकारमा राख्न हुँदैन । बरू राम्रो र नराम्रो समयमा कसरी एक आपसमा सहकार्य गर्न सकिन्छ भन्ने बारे राम्ररी बुझाउन पर्दछ ।

सहकारी सिद्धान्तहरूको सैद्धान्तिक, प्रयोगात्मक अभ्यास र प्राप्त हुने फाईदाका बारे गरिने शैक्षिक कार्यक्रम सहकारी संस्थाका लागि अति नै महत्वपूर्ण हुन्छ । भनिन्छ "सहकारी शिक्षा एक समाज रूपान्तरण प्रक्रिया हो"। "गुणस्तरीय सहकारी शिक्षा नै सामाजिक विकास हो ।" "सहकारी शिक्षा भनेको नैतिक शिक्षा हो ।" सहकारी शिक्षाले जीवनस्तरमा गुणात्मक सुधार र सम्पन्नता ल्याउँछ । एउटा असल परिवार हुनका लागि सहकारी शिक्षाको जरूरी हुन्छ । सहकारी शिक्षा सकारात्मक सोचको खानी हो । त्यसै पनि शिक्षा जीवन पर्यन्तसम्म चलिरहने प्रक्रिया हो ।

सहकारीका विशिष्ट मूल्य, सिद्धान्तहरू, व्यवसाय, असल प्रशासनिक संरचना बमोजिम उत्कृष्ट अभ्यासका लागि पनि सहकारी शिक्षा अति महत्वपूर्ण पक्ष हो । त्यसैले त "निरन्तर सहकारी शिक्षा"को विषयले सधैं प्राथमिकता पाउने गरेको हो । यदि सदस्यहरू आफ्नो जीवन पद्दतिमा सहकारी सिद्धान्तलाई आत्मसात गर्न चाहन्छन् र सिद्धान्तहरूको असल अभ्यास मार्फत आफ्नो आर्थिक विकास (फाईदा) चाहन्छन् भने उनिहरूलाई निरन्तर सहकारी शिक्षाको अति जरूरी हुन्छ । सहकारी संस्था सदस्यहरूकै हो, सदस्यहरूबाट नै सञ्चालित हुने हो, सदस्यहरूले नै नियन्त्रण गर्ने हो र फाईदा सदस्यहरू कै हुने हो भन्ने कुरा सहकारी शिक्षा मार्फत भनिरहने विषय हो । यसरी सहकारीका विशिष्ठ पहिचानका विषयमा सदस्यहरूलाई नियमित शिक्षा दिनै पर्दछ, संस्थाका सञ्चालकहरू, युवा वर्ग, बैचारिक नेताहरू र विशेषगरी सहकारी संस्थाका कर्मचारीहरूलाई उनीहरूको आफ्नै हित र समाजप्रतिको कर्तव्य र उत्तरदायित्व निर्वाह गर्नका लागि पनि सहकारी शिक्षाको आवश्यकता पर्दछ ।

उत्साहित र उत्प्ररित सदस्यको जन्म नै सहकारी संस्था र सदस्य बीचको बलियो सम्बन्धका कारणले हुन्छ । सदस्यहरूको पहिचान पनि सहकारी संस्थासँगको सक्रिय कारोवारबाट परिचित हुन आवश्यक हुन्छ । यो कसरी सम्भव छ त ? भन्दा सहकारी संस्था र सदस्यबीचको सुदृढ सम्बन्ध भन्ने विषयलाई रणनैतिक रूपमा गहन अध्ययन, चिन्तन गरी निश्कर्षमा पुग्न आवश्यक छ । सदस्यसँगको सुदृढ सम्बन्धको सुरूवात र अन्त्य वा समाप्ति पनि संस्थाले अपनाएको प्रभावकारी सञ्चार प्रणालीसँग सम्बन्धित हुन्छ । प्रभावकारी सञ्चार प्रणालीमा कहाँनेर के समस्या छ गहन रूपमा केलाउन आवश्यक हुन्छ ।

अन्त्यमा,

सहकारी आत्मा (भावना) लाई बचाई राखेर निरन्तर गतिशील बनाई राख्न सदस्यहरूसँगको प्रभावकारी सम्बन्ध नै हो । हिन्दु शास्त्रमा जसरी समुद्र मन्थन गर्दा विभिन्न कल्याणकारी कुराहरूको उत्पति भएको भनिएको थियो त्यसैगरी सहकारी संस्थाबाट सहकारिताको असल अभ्यास हुने हो भने अत्यन्तै नैतिकवान मानवरत्नहरू निस्कन्छन् जसबाट मात्र कल्याणकारी समाज निर्माणमा योगदान पुग्ने विश्वाश गरिन्छ । अहिलेको वर्तमान परिप्रेक्षमा सहकारी संस्थाका नेतृत्व लगायत सञ्चालकहरू, लेखा समिति, उपसमिति, कर्मचारीहरू र सदस्यहरू सबै एउटा असल "सहकारीकर्मी" हुन आवश्यक छ । एउटा असल सहकारीकर्मी मुलुककै जिम्मेवार नैतिकवान असल नागरिक हो । यसका लागि संस्था र सदस्यहरूबीचको सम्बन्ध सुमधुर, भरोसायुक्त, कर्तव्यपरायण उन्मुख हुनु आवश्यक छ । कतिपय सन्दर्भमा सहकारीका सञ्चालक, कर्मचारी, सदस्यहरूमा सहकारीकर्मीको चरित्र देखिँदैन । जसका कारणले हाम्रो मुलुक, हामी नेपालीको युगिन चरित्र सहकारीतामा आधारित भएता पनि सहकारी आन्दोलनलाई गुणात्मक रूपमा अघि बढाउन कठीन भएको सर्वत्र महसुस गरिएको छ । सदस्यहरू र संस्थाबीचको सुदृढ व्यवसायिक सम्बन्धमा नै सहकारी आन्दोलनको भविष्य निर्माण गरौं । सबै सहकारी संघसंस्थाले सदस्यहरूसँगको सम्बन्ध मजबुद राखी सहकारीताको दियो (दिप) निभ्न नदिन हरसम्भव प्रयास जारी राखौं । अस्तु ।

# सिन्धुपाल्चोकमा सहकारी अभिमूखीकरण कार्यक्रम सम्पन्न




सिन्धुपाल्चोक स्थित आत्मनिर्भर बचत तथा ऋण सहकारी संस्था लि. को आयोजना र समन्वयमा संस्थाको सभाहलमा जिल्लामा क्रियाशील सहकारी संस्थाहरूको सञ्चालक समितिका पदाधिकारीहरू र व्यवस्थापन प्रमुखहरूको उपस्थितिमा १ दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ । पुस १० गते संस्थाका अध्यक्ष नवराज सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा नेफ्स्कूनको सञ्चालक समिति सदस्य एवं बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. का महासचिव जिवसराज खड्का, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. का सञ्चालक सदस्य एवं आयोजक संस्थाका निवर्तमान अध्यक्ष चक्र बहादुर बस्नेत, नेफ्स्कूनका प्राचार्य गणेश प्रसाद तिमल्सिना, तालिम अधिकृत उमेश कोइराला, सुनकोशी गाँउपालिका वडा नं. ६ का वडा अध्यक्ष रामकुमार थापा, जिल्ला समन्वय समिति सदस्य सकुन्तला माझी लगायत विभिन्न सहकारी अभियान्ताहरूको उपस्थिति थियो ।

कार्यक्रममा सुनकोशी गाँउपालिका वडा नं. ६ का वडा अध्यक्ष रामकुमार थापाले आफ्नो वडामा क्रियाशील सहकारी र वडाले समन्वय गर्दै सहकारी प्रवर्द्धन तथा विकासका लागि काम गरिरहेको र आगामी दिनहरूमा पनि समन्वय कायम गर्दै अझ सहकारी विकासमा योगदान पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नेफ्स्कून सञ्चालक सदस्य खड्काले नेपालमा सहकारी ऐन, २०४८ पश्चात मात्र सहकारीको विकास तीव्र भएको चर्चा गर्दै सहकारी संस्था नीति, विधि र प्रविधिबाट सञ्चालन भई सदस्यहरूको जीवनस्तर उकास्न लाग्नुपर्ने बताउनु भयो । उहाँले सबै सहकारी संस्थाहरूलाई सदस्यमैत्री भई इमान्दारी र पारदर्शीताका साथ सञ्चालनका साथै  एकीकरणमा समेत जोड दिन आग्रह गर्नुभयो । उहाँले नेफ्स्कूनले सदस्य संस्थाहरूको विकासका लागि विभिन्न स्तरीकरण कार्यक्रममा सहभागी भई एकरूपता प्रणाली बमोजिम सञ्जालिकृत हुन अनुरोध गर्दै जिल्लामा भएका जिल्ला सहकारी संघ लि. र बचत तथा ऋण सहकारी संघ लि सुशुप्त अवस्थामा रहेकोले यसलाई क्रियाशील बनाउन आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा नेफ्स्कूनका प्राचार्य तिमिल्सना र तालिम अधिकृत कोइरालाले क्रमशः सहकारी सञ्चालनका नयाँ आयामहरू रसहकारी सञ्चालनमा सञ्चालक समिति र व्यवस्थापनको भूमिका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रम सञ्चालन संस्थाका व्यवस्थापक विचारी प्रसाद प्याकुरेलले गर्नुभएको थियो ।

Be READY to fight
#coronavirus
Be SUPPORTIVE Be CAREFUL Be ALERT Be KIND
For the latest health advice, go to :
www.who.int/COVID-19

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np,
वेबसाइटः www.nefscun.org.np
नेफ्स्कून



# श्रमिकको योगदान रकममा पेन्सन र निवृत्तिभरण दुवै सुविधा

**कपिलमणि ज्ञवाली** । कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष

असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार भन्ने मूल नाराका साथ २०७५ मंसिर ११ गतेबाट औपचारिक रूपमा शुभारम्भ भएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम प्रत्येक श्रमजीवीहरूको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नका लागि सञ्चालित कार्यक्रम हो । वास्तवमा सामाजिक सुरक्षा कार्यक्रम सरकार, रोजगारदाता र श्रमिक प्रतिनिधिहरूको आपसी सहकार्य र समन्वयको उपज हो ।

नेपालको संविधानको भाग ३ धारा ३४ (२) ले श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको प्रत्याभूत गरे बमोजिम सो हकलाई स्थापित गर्न श्रम ऐन, २०७४ आएको हो । यसैगरी संविधान र श्रम ऐन २०७४ ले गरेको व्यवस्था कार्यान्वयनका लागि मिति २०७४ श्रावण २९ गते योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएको हो । यसै ऐनको आधारमा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ कार्यान्वयनको चरणमा छ भने यसको दोस्रो संशोधन अन्तिम तयारीमा रहेको छ ।

यो शुरू गर्दा विभिन्न क्षेत्रहरूमध्ये निजी संगठित क्षेत्रका श्रमिक तथा मजदुर हरूलाई सामाजिक सुरक्षा योजना मा आवद्ध गर्ने गरी २०७५ मंसिर ११ मा औपचारिक शुरूवात भई २०७६ साउन १ गतेबाट योगदान संकलन शुरू गरेको हो । योगदानमा आधारित सामाजिक सुरक्षा योजना अन्तर्गत योगदानकर्ता अर्थात श्रमिक/कर्मचारीहरू बिरामी हुँदा औषधोपचारको व्यवस्था, गर्भवती अवस्थाको औषधोपचार, शिशु स्याहार, सुत्केरी स्याहार खर्च भुक्तानी, दुर्घटना भएमा उपचारको व्यवस्था, दुर्घटनामा परी अंगभंग भई काम गर्न नसक्ने भएमा आजीवन अशक्तता भत्ता र अकालमा कुनै पनि कारणले मृत्यु भएमा आश्रित परिवारलाई पेन्सन, सन्ततीले एक्काइस वर्ष नपुग्दासम्म शैक्षिक वृत्ति पाउनेछन् भने आश्रीत परिवारले वृद्धावस्था सुरक्षा योजनाको सम्पूर्ण रकम प्रतिफल सहित एकमुष्ट रकम उपलब्ध गराउने व्यवस्था यस योजनामा छ । अन्तिम संस्कार खर्च वापत एकमुष्ठ रकमको व्यवस्था पनि गरिएको छ । त्यस्तै हरेक योगदानकर्ता ६० वर्ष उमेर पुगेपछि आजीवन आयको निरन्तरताका लागि मासिक पेन्सनको व्यवस्था जस्ता सुरक्षा योजनाहरू यस कार्यक्रम भित्र समेटिएका छन् । योगदानकर्ताको योगदान वापत संकलित रकम विभिन्न योजनाहरूमा छुट्टा-छुट्टै खाता खोली जम्मा गर्नुपर्ने र एउटा योजनाको रकम कुनै अर्को योजना सञ्चालन गर्न नपुग भएमा प्रयोग गर्न नपाउने कानुनी व्यवस्था छ । त्यस्तो अवस्थामा सरकारले दायित्व वहन गर्नुपर्ने कानुनी व्यवस्था भएबाट कोषले श्रमिक/कर्मचारीहरूको लागि सम्भावित जोखिमहरूको असीमित दायित्व लिएको हुन्छ ।

श्रम ऐन, २०७४ मा भएको व्यवस्था अनुसार नै श्रमिकहरूले सञ्चयकोष, उपदान, औषधि उपचार एवं दुर्घटना बीमाको अनिवार्य व्यवस्था गरेबाट निजी क्षेत्रमा कार्यरत श्रमिक/कर्मचारीहरूले पनि निजामती, जंगी, प्रहरी र सरकारी प्रतिष्ठानमा काम गर्ने कर्मचारीहरूले जस्तै सञ्चय कोष, उपदान र सुरक्षाका खातिर बीमा हुने गरेको हो । उपरोक्त सबै व्यवस्था सामाजिक सुरक्षा कोष स्थापना भई सुरक्षा योजना सञ्चालनमा आएपछि सोही बमोजिम योगदान गरेको हदसम्म थप योगदान गर्न नपर्ने भनी श्रम ऐन, २०७४ को दफा ५७ ले व्यवस्था गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यविधि, २०७५ जारी भएपश्चात् सामाजिक सुरक्षा कोषले लिएको मुल जिम्मेवारी नै श्रम ऐनको दफा ५७ ले गरेको व्यवस्था कार्यान्वयन गर्नु हो ।

यस योजना अन्तर्गत आधारभूत तलबको ३१ प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्ने हुन्छ । जसमा रोजगारदाताले श्रमिकको

आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत रकम कट्टी गरी सो रकममा श्रमिकको आधारभूत पारिश्रमिकको २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत रकम कोषमा जम्मा गर्छन् ।

विगतमा अन्य अवकास कोषहरूमा योगदान, सञ्चयकोष एवं उपदान रकमहरू जम्मा गरिराखेकाहरूका निम्ति कानुनमा समयसापेक्ष परिमार्जन हुनुपर्ने थियो । तर अन्य कानुनहरूमा पनि समयसापेक्ष परिवर्तन नभएको कारणले योगदानकर्ताहरूले अवकास भैसकेपछि मात्रै त्यहाँको पैसा झिक्न मिल्ने व्यवस्था गरेको छ । अवकाश नहुँदै के गर्ने त भन्ने कुरा कानुनत स्पष्ट नभएको कारणले सामाजिक सुरक्षा कोषमा पनि शुरूवाती चरणमा अन्यौलता रहेको हो । त्यसको लागि नेपाल सरकारले आर्थिक ऐनमा सशोधन गरेर सामाजिक सुरक्षा कोषमा योगदान शुरू गर्नेहरूका लागि २०७७ चैत्र मसान्तभित्र अन्य अवकास कोषबाट त्यो पैसा सामाजिक सुरक्षा कोषमा ट्रान्सफर गऱ्यो भने अतिरिक्त कर नलाग्ने भन्ने व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षा कोषमा बृद्धावस्था सुरक्षा योजना अन्तर्गत ६० वर्षपछि मात्रै पाउने भन्ने जुन व्यवस्था थियो सरकारले आर्थिक ऐन संशोधन गरेपश्चात त्यसलाई ब्रेक गरेर पेन्सन र निवृत्तिभरण कोषको रूपमा व्यवस्था गरिसकेपछि निवृत्तिभरण कोषमा जम्मा भएको पैसा हाल जुन कम्पनीमा काम गरिरहेको छ, त्यो कम्पनी छोड्दाखेरी उहाँले सम्पूर्ण रूपमा लिएर जान पाउने र त्यो पैसाबाट उहाँले सापटी पनि पाउने व्यवस्था संशोधनमा परेको छ । साथै श्रमजिबीहरूले अन्य अवकास कोषबाट ल्याउने पैसा पनि त्यहाँ जम्मा गर्न पाउने र कानुनले सामाजिक सुरक्षा कोषमा आउँदा रू पाँच लाखसम्मको कर छुट हुने र त्यो पैसा पनि निवृत्तिकरण कोष भित्र जम्मा हुने गरी स्कीमहरूलाई हेरफेर गर्ने गरी दोस्रो संशोधनमा प्राथमिकतामा राखेका छौं ।

अर्को कुरा आधारभूत तलब जसको धेरै छ उहाँहरूले ६० वर्षपछिका लागि जम्मा गर्ने पैसा स्वेच्छाले बृद्धावस्था सुविधा र निवृत्तिभरण कोषमा विभाजन गर्न सक्नुहुन्छ । यो अवसर दोस्रो संशोधनले सिर्जना गर्छ । लामो समयसम्म पैसा झिक्न नपाउने र आफैले जम्मा गरेको पैसाबाट सापटी नपाउने लगायतका कुराहरू यसपटकको दोस्रो संशोधनबाट सम्बोधन हुनेछ भने सरकारले जुन कर छुट दिएको छ त्यसको पनि सफल कार्यान्वयन हुन्छ । अहिलेसम्म ३१ प्रतिशतमात्रै भनेको कारणले त्यो भन्दा बढी पैसा जम्मा गर्नलाई उहाँहरू अन्यत्र कोषहरूमा धाउनुपर्ने हुन्थ्यो । तर अब योगदानकर्ताले चाहेको खण्डमा ३१ प्रतिशत भन्दा बढी रकम कोषमा योगदान गर्न सकिन्छ । त्यसको साथ साथै गत मंसिर १० गते मन्त्रिपरिषद्बाट कोषको लगानी कार्यविधि, २०७७ स्वीकृत भएको छ । कोषले अन्यत्र लगानी गर्ने बैंकको मुद्दति खातामा मात्रै निक्षेप संकलन गरिरहेको सन्दर्भमा अव लगानी कार्यविधिले ऐन व्यवस्था गरेबमोजिमको सबै क्षेत्रमा कोष लगानी गर्नका निम्ति आधार तयार भएको छ । जसले गर्दा योगदानकर्ताहरू प्रतिफल पनि बढी प्राप्त गर्न र त्यसबाट हुने जुन बहुआयामिक असर प्रभाव हुन्छ त्यसले अर्थतन्त्रमा पार्ने प्रभावहरू भित्र पनि जानका निम्ति एउटा पक्ष तयार भएको छ जसको आन्तरिक तयारी हामीले गरिरहेका छौं ।

योगदानकर्ताको अवकाश कोषमा रहेको पैसाबाट कोषले गरेको लगानीमार्फत भएको कमाईको आधारमा प्रतिफल प्राप्त हुन्छ र निवृत्तिभरणमा रहेको पैसाको बजारको चलन चल्तिमा रहेको व्याजदर कायम हुन्छ । साथै योगदानकर्ताहरूका लागि लगानी, कर्जा र सापटी यो तीनवटा शीर्षकहरूमा १२/१३ किसिमका कर्जाहरूको व्यवस्था गरिएको छ जसअन्तर्गत योगदान कर्ता सापटी अन्तर्गत घर निर्माण कर्जा छ, त्यसको अधिकतम सीमा ७५ लाख हो । शैक्षिक कर्जाको अधिकतम सीमा भनेको ३५ लाख छ र अन्य अवकाश कोषमा भएको कर्जाहरू भनेको सामाजिक कार्य कर्जा हो । सामाजिक कार्य कर्जाहरू यस कोषबाट प्रवर्द्धन गरिदैन बाहिरबाट कसैले लिइसक्नुभएको छ भने उहाँले यहाँ स्थानान्तरण गरेर ल्याउने कर्जा हो । त्यसको अतिरिक्त योगदानकर्ता सापटी भनेको उहाँले यहाँ जम्मा गरेको पैसाबाट निश्चित रकम ऋणको रूपमा प्रयोग गर्ने व्यवस्था हो । योगदानकर्ताको लागि फोकस गरिएको हो भने तपाईंको परियोजना कर्जा भनेर कोषले ठूला परियोजनाहरूमा लागनी गर्छौं, त्यसमा संस्थागत, सहवित्तीयकरण र जमानत कर्जा हुन्छ । जमानत कर्जाको अपर लिमिट भनेको २५ करोड हो, संस्थागत र सहवित्तीयकरण कर्जा लगानीमा पार्टीलाई गर्ने सीमाको कर्जा भनेको ३ अर्ब हो । नेपाल सरकारले जारी गर्ने सुरक्षा, शेयर, डिबेन्चर, मिच्यूअल फण्डमा, बैंकमा मुद्दति निक्षेपमा र यो स्थीर सम्पत्तिमा लगानी भन्ने छ यो




गर्दा १२/१३ किसिमका कर्जा सापटी र लगानीका व्यवस्थाहरू भएको छ ।

सामाजिक सुरक्षा कोषमा श्रमजीवीहरूको आकर्षण बढाउनका लागि पनि लगानी, कर्जा र सापटीमा अन्यत्र भन्दा छुट सीमा बढी छ । आधारभूत तलब जसको बढी छ, जसले ३६ प्रतिशतभन्दा बढी कर तिर्नुहुन्छ, उहाँहरूले वर्षको ७२ हजाररूपैयाँ कर बाटै बँचाउन सक्नुहुन्छ । कोषमा आवद्ध हुँदाको छुट सुविधा एउटा पाटो हो भने अर्को कोषमा आवद्धता अनिवार्य पनि हो । साथै सवैसुविधाहरू एउटै छानामुनिबाट पाउने सामाजिक सुरक्षा हो, काम गर्ने समयदेखि मृत्युपर्यन्तसम्म आयको निरन्तरता हो, यसले व्यक्तिको आम्दानी संकलन गर्ने र त्यसको पुन वितरण गरिदिने हो । आज कमाउने वेलाको केही पैसा बचत गरेर बाजुञ्जेल आयको निरन्तरताको व्यवस्था यसले गरिदिन्छ । अर्को भनेको कामका दौरानमा हुन सक्ने विभिन्न किसिमका जोखिमहरूबाट श्रमिकलाई एउटा सेफ्टीनेटको रूपमा काम गरेर त्यो भन्दा तल जान नदिने र दुख बिमार, दुर्घटना, अशक्त भयो अथवा ज्यानै गयो भने पनि आश्रित परिवारको एउटा न्यूनतम आधारभूत आर्थिक अवस्थाको ग्यारेन्टी गर्ने संस्था भएको कारणले गर्दा अन्यत्र सबै कप्रिहेन्सिव प्याकेजहरू छैनन्, कुनै एउटा संगठनले सामाजिक सुरक्षा कोषमा आफ्ना श्रमिकहरूलाई पठाउँदा उसलाई कानुनले श्रमिक प्रतिको जुन दायित्वहरू सिर्जना गरेको छ त्यो दायित्व कोषलाई हस्तान्तरण हुने र उनीहरूलाई हुन सक्ने सम्भावित क्षतिको न्यूनीकरणको जिम्मेवारी कोषले लिने र निर्धक्क रूपमा श्रमिकले त्यो प्रतिष्ठानमा काम गर्न सक्ने बातावरण सिर्जना गर्ने काम सामाजिक सुरक्षा कोषले गर्दछ ।

शुरूमा कोषले ल्याएका स्किमहरूले पर्याप्त रूपमा सम्बोधनहरू गर्न नसकेको देखियो । अव यो गर्दै सिक्दै जाँदाखेरी केही कुराहरू संशोधन पश्चात एउटा वान स्टप सोलुसनको रूपमा साकाजिक सुरक्षा कोषले काम गर्छ । श्रम ऐनले शुरू गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने जिम्मेवारी अन्तर्गत पहिलो चरणमा निजी संगठित क्षेत्रबाट शुरू भएको अव यसको विस्तारित रूप भनेको सवैलाई समेट्ने गरी स्वरोजगारमा रहेकाहरू, अनौपचारिक क्षेत्रमा भएकाहरू, निजामती तर्फका करार पारिश्रमिक र सरकारी संघ संस्थाका अन्य कर्मचारीहरूलाई पनि समेटेर जाने हो । कोषमा हालसम्मको आवद्धतालाई हेर्दा निजी औपचारिक क्षेत्रका श्रमिकहरूको योगदान शुरू भएको छ । हालसम्म १ लाख ८२ हजार श्रमिकहरू आवद्ध हुनुभएको छ, १३ हजार भन्दा बढी रोजगारदाताहरू सुचिकृत हुनुभएको छ । शुरूमा योगदानको रकमबाट सापटी पनि नपाउने र ६० वर्षपछि मात्रै योगदान रकम फिर्ता हुने प्रावधानका कारण श्रमिकहरूको आकर्षण थिएन । विद्यमान व्यवस्थाको संशोधन तयारी भएसँगै श्रमिकको आधारभूत तलबलाई स्वेच्छिक बनाएर जान सक्ने गरी ब्रेक गरेका छौं भने सापटीलाई पनि व्यवस्थापन गर्न लगानी कार्यविधि आएको छ ।

६० वर्षको लाई २८.३३ प्रतिशतले बृद्धावस्था सुविधा छ त्यसलाई टुक्राएर एउटा पेन्सन योजना बनाउँछौ र अर्को निवृतिभरण (उपदान योजना) छ । त्यसमध्ये केही प्रतिशत निवृत्तिभरण योजनामा जान्छ र केही प्रतिशत पेन्सनमा जान्छ । अब निवृत्तिभरण योजनामा भएको पैसा चाही त्यो संगठनमा काम गर्दाखेरी चाहियो भने सापटी लिने र गरिरहेको कम्पनीमा काम छोड्यो भने बन्द गरेर निवृत्तिभरणको पैसा लिएर जान सकिन्छ । अर्कोतर्फ ६० हजार भन्दा माथि आधारभूत तलब खानेहरूले म ६० हजारलाई मात्रै आधार बनाएर पेन्सनमा यति योगदान गर्छु र निवृत्तिभरणमा यति योगदान गर्छु भन्न पायो । त्यो खालका विशेषताहरू हामीले कोष सञ्चालन

कार्यविधि दोस्रो संशोधनमा राखेका छौं । यो पास भएर आइसकेपछि कोषमा आकर्षक आकर्षणहरू छन् ।

सामाजिक सुरक्षा कोषलाई हामीले माइक्रो लेभलबाट मात्रै हेर्‍यौं, यदि यसलाई म्याक्रो लेभलबाट हेर्‍यौं भने यहाँ जो श्रमिकहरू आउनुभएको छ त्यसमध्ये दुर्घटना लगायत विभिन्न कारणले २२ जनाको असामयीक निधन भएको छ । त्यो हुने परिवारको तर्फबाट हेर्दा उहाँहरूको परिवारले के पाइरहेको छ त अहिले त्यसलाई हेर्नु ठूलो कुरा हो । बाहिर श्रमिक र रोजगारदाताले जे जस्तो कुरा सुन्नुभएको बुझ्नुभएको भएपनि जो सामाजिक सुरक्षामा आवद्ध हुनुभयो उहाँहरूले के बुझ्नुभएको छ भने सामाजिक सुरक्षा भनेको हट्टाकट्टा हुँदा वा वित्तीय अवस्था स्वस्थ र सबल हुँदा जरूरी छैन तर यसले सेफ्टीनेटको काम गर्ने हो, तर ती २२ जना को परिवार भित्र उहाँको श्रीमान श्रीमतिले आजीवन र बच्चा बच्चीलाई २१ वर्षसम्म पेन्सनको व्यवस्था छ । कोषमा २ महिना मात्रै योगदान गरेको एकजना योगदानकर्ता जसको आधारभूत तलब ३० हजार रूपैयाँ थियो । उहाँको श्रीमतीले अहिले महिनाको १८ हजार रूपैयाँ पेन्सन बुझ्नुभएको छ अनी वहाँको दुई जना बच्चावच्चीले महिनामा १८ हजार रूपैयाँ पढ्नका लागि कोषबाट पैसा (शैक्षिक वृत्ति) पाएको छ । यसरी हेर्‍यौ भने कोषबाट प्राप्त सुविधाको विषयमा आम रूपमा सन्देश प्रवाह हुन्छ । योगदान गरेको आधारमा सुविधा पाउने हो भन्ने आम बुझाई रहन्छ ।

यसको सवैभन्दा महत्वपूर्ण पक्ष भनेको श्रमिकको असामयिक निधन हुँदा हालसम्म कुनै पनि कम्पनीमा कसैले पनि अहिलेसम्म पेन्सन खाएको थिएन, त्यसको शुरूवात सामाजिक सुरक्षा कोषबाटै भएको छ । हिजोका दिनमा निजामती सेवा अर्थात सरकारी सेवामा प्रवेश गर्नेले जसरी आजीवन पेन्सन खाइरहेका थिए त्यो पनि योगदान गरेरै खाएको हो । आज नीजि, असंगठित, स्वरोजगार सबैले आफ्नै कमाईबाट आजीवन पेन्सन खान पाउने सुविधाको व्यवस्था सामाजिक सुरक्षा कोषबाट शुरू भएकोले पनि यसप्रतिको आकर्षण क्रमिक रूपमा बढ्दो छ ।

विश्वव्यापी कोरोना महामारीका कारण २०७६ चैतमा देशमा लकडाउन भयो । लकडाउन भैसकेपछि मन्त्री परिषद्को निर्णयले सामाजिक सुरक्षा कोषमा योगदान गर्ने रोजगारदाता र योगदानकर्ताको तर्फबाट ३१ प्रतिशत रकम सरकारले हाल्दिने निर्णय गर्‍यो । चैत्र महिनाको लागि माात्रै २२ करोड रूपैयाँ सरकारबाट प्राप्त भयो । त्यतिबेला ३३ हजार मात्रै योगदानकर्ता कोषमा आवद्ध हुनुहुन्थ्यो । कोरोना माहामारी लम्बिदै जाँदा सरकारले बजेट वक्तव्य मार्फत बैशाख, जेठ र असार अर्को तीन महिनाको पनि ३१ प्रतिशतले हुन आउने योगदान रकम जम्मा रू १ अर्ब ३ करोड रूपैयाँ सरकारको तर्फबाट कोषमा राखिदिने निर्णय गर्‍यो । त्यसले कम्पनी बन्द भएर वेरोजगार अवस्थामा पुगेका श्रमिकहरूका लागि ठूलो राहत मिल्यो । लकडाउनको बेला जव सरकारले जिम्मेवारीपूर्ण निर्णय गर्‍यो त्यसले पनि सामाजिक सुरक्षा कोषको प्रभावकारीतामा एउटा माइलस्टोनको काम गरेको छ ।

सामाजिक सुरक्षा कार्यक्रमको सफल कार्यान्वयनले असल श्रम सम्बन्ध स्थापित गर्दै श्रम बजारमा स्थायित्व कायम हुने तथा मुलुकको समग्र आर्थिक विकासमा टेवा पुग्नुका साथै श्रमिकको आर्थिक एवं सामाजिक पक्षलाई स्थिर एवं जोखिम रहित बनाउँदै रोजगारीको वातावरणलाई मर्यादित बनाउने हुनाले सामाजिक सुरक्षा कोष र यसले सञ्चालन गर्ने सामाजिक सुरक्षा योजनाहरू आजको आवश्यकता हो । यसले रोजगारदाताहरूलाई पनि प्रत्यक्ष र परोक्ष रूपमा सहज बनाएको कुरामा कुनै दुईमत छैन । तसर्थ सामाजिक सुरक्षा कोष लाखौं श्रमजिवीहरूको भरोसाको केन्द्र हो । सबैलाई यसमा आवद्ध हुन आव्हान गर्दछु ।

***(नेफ्स्कून सञ्चार अधिकृत राधा पौडेलसँगको कुराकानीमा आधारित)***

सामाजिक सुरक्षा कोषमा श्रमजीवीहरुको आकर्षण बढाउनका लागि पनि लगानी, कर्जा र सापटीमा अन्यत्र भन्दा छुट सीमा बढी छ । आधारभूत तलब जसको बढी छ, जसले ३६ प्रतिशतभन्दा बढी कर तिर्नुहुन्छ, उहाँहरुले वर्षको ७२ हजाररुपैयाँ कर बाटै बँचाउन सक्नुहुन्छ । कोषमा आवद्ध हुँदाको छुट सुविधा एउटा पाटो हो भने अर्को कोषमा आवद्धता अनिवार्य पनि हो ।

# सुदूरपश्चिम प्रदेश बचत संघको प्रारम्भिक साधारणसभा



सुदूरपश्चिम प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को प्रारम्भिक साधारण सभाले माधव प्रसाद जोशीको अध्यक्षतामा १५ सदस्यीय सञ्चालक समिति निर्वाचित गरेको छ । पुस २१ गते धनगढीमा सम्पन्न प्रदेश बचत संघको प्रारम्भिक साधारण सभाले जोशीको अध्यक्षतामा सञ्चालक समिति र डिल्ली प्रसाद शर्माको संयोजकत्वमा लेखा सुपरिवेक्षण समिति सर्वसम्मत् निर्वाचित गरेको हो । सभाको प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल तथा बिशिष्ट अतिथि नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल हुनुहुन्थ्यो ।

नवनिर्वाचित सञ्चालक समितिको उपाध्यक्षमा सुरतबहादुर खड्का, सचिव दिप्ती शाही, कोषाध्यक्ष शेरसिंह कार्की र सदस्यहरुमा खगेन्द्रप्रसाद धमला, अम्बर बहादुर पुन, मिना बिष्ट, दिपक बड्वाल, अम्बिका चौधरी, मोहन चन्द, पदमराज जोशी, भक्त बहादुर आले, हेमराज बिष्ट, मोनिका कुमारी शाह, श्यामसिंह सामन्त र लेखा सुपरिवेक्षण समिति संयोजक डिल्ली प्रसाद शर्मा र सदस्यहरुमा पुष्प तिमल्सिना र सुनिता जोशी निर्वाचित हुनुभएको छ ।

साकोस आवाजसँगको संक्षिप्त कुराकानीका क्रममा नवनिर्वाचित अध्यक्ष जोशीले संघलाई प्रदेशभरका बचत तथा ऋण सहकारीहरुको प्रविधि र वित्तीय परामर्शदातृ निकायका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । त्यसका लागि ठोस् योजना निर्माण भएको बताउँदै उहाँले कार्यान्वयनका लागि इमान्दार, लगनशील, प्रतिवद्ध अनि शिल्पी सञ्चालक समिति निर्वाचित भएको दावी गर्नुभयो ।

नयाँ सञ्चालक समितिमा सुदूर पश्चिमका ९ वटै जिल्लाको प्रतिनिधित्व रहेको जानकारी गराउँदै अब संघलाई बलियो र आत्मनिर्भर बनाउन प्रदेशका ६ सय बढी प्रारम्भिक संस्थाहरूसँगै सबै जिल्लाका बचत संघलाई समेट्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । संघमा हाल आवद्ध ५६ सदस्यमध्ये ८ जिल्ला बचत संघहरू रहेको जोशीले जानकारी गराउनुभयो ।

# साकोस व्यवस्थापकहरुका लागि क्षमता अभिवृद्धि तालिम



नेफ्स्कूनको आयोजनामा भक्तपुरको नगरकोटमा साकोस व्यवस्थापकहरूको क्षमता अभिवृद्धि (CUMCC) तालिम सम्पन्न भएको छ । पुस १२ गतेदेखि १६ गतेसम्म ५ दिन सञ्चालन भएको उच्चस्तरीय तालिमको उद्घाटन नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो ।

तालिमको पहिलो सत्र एसियाली ऋण महासंघ आकूकी प्रमुख कार्यकारी अधिकृत लेनीले भर्चुअल विधिबाट लिनुभएको थियो भने तालिमका विभिन्न सत्रहरूमा नेफ्स्कूनका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, निवर्तमान प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल, प्राचार्य गणेश तिमल्सिना र बरिष्ठ अधिकृत बल्लभ तिमल्सिना ले सहजीकरण गर्नुभएको थियो । पुस १६ गते तालिमको अन्तिम दिनको अन्तिम सत्रमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव ऋषिराम पंगेनीले सहजिकरण गर्नुभएको थियो ।

तालिममा २६ बचत तथा ऋण सहकारी संस्थाका २७ जनाको सहभागिता रहेको थियो । तालिममा व्यवस्थापकहरूको मुख्य भूमिका र दक्षता, वित्तीय बजारमा साकोसको छवि, रणनीतिक सोच र योजना निर्माण, साकोसको सेवाले ओगटेको क्षेत्र, वित्तीय लक्ष्य निर्धारण लगायत अन्य विविधि उपयोगी विषयहरू समाविष्ट थिए । नेफ्स्कूनले लामो समयको अन्तरालपछि CUMCC तालिम सञ्चालन गरेको हो ।

# सहकारीलाई उत्पादनसँग जोड्न : केन्द्रीय वित्त प्रणाली (अन्तरलगानी)



**राधेश्याम श्रेष्ठ**

व्यवसाय विभाग प्रमुख,
नेफ्स्कून

समृद्धि केवल वित्तीय कारोवारको बढावाबाट मात्रै पनि सम्भव हुँदैन । आयात प्रतिस्थापनमूखी अर्थतन्त्र निर्माण गर्ने ठुलो अवसर र अभिभारा सहकारी क्षेत्रले पाएको छ । बचत तथा ऋणको कारोवार अनि त्यस मार्फत व्यक्तिगत स्तरबाट भएका केही लगानीमार्फत मात्रै उत्पादनको क्षेत्रमा उल्लेख्य सहभागिता असम्भव छ । त्यसैले मुलुक सहकारीमार्फत उत्पादनमुखी क्षेत्रमा दमदार सकारात्मक हस्तक्षेपको पर्खाइको व्यग्रतामा छ ।

बचत तथा ऋण सहकारीहरूमा वित्तीय स्थिरता कायम राख्ने औजारको रूपमा २०५३ सालमा नेफ्स्कूनले केन्द्रीय वित्त प्रणाली (अन्तरलगानी) कार्यक्रमको अवधारणा विकास गरी लागु गर्‍यो, जुन साकोस बैंकिङ्को पहिलो प्रारूप थियो । उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि पुजीको माग अत्याधिक रही संस्थामा आन्तरिक पुँजीबाट मात्र लगानीको माग धान्न नसक्ने अवस्थामा पुँजीको माग तथा पूर्तिलाई सन्तुलित तुल्याउने, कुनै संस्थामा आन्तरिक पुँजीको आपूर्ति अधिक रहेको र लगानीका क्षेत्रहरू पर्याप्त नभएको अवस्थामा त्यस्तो अधिक तरलतालाई न्यून तरलता भएका संस्थाहरूसम्म पुर्‍याउने र उत्पादनमुलक क्षेत्रमा पुँजीको प्रवाहलाई निरन्तरता दिने अभिप्रायका साथ नेफ्स्कूनले केन्द्रीय वित्त प्रणाली (अन्तरलगानी) अवधारणा विकास गरी सहकारी संस्थाहरूको तरलतालाई देशब्यापी प्रवाह हुने प्रणालीको विकास गरेको हो । हाल सम्म यस कार्यक्रम मार्फत ४ हजार सहकारीहरूको २३ अर्ब पुँजी परिचालित हुँदै आएको छ ।

देशले अङ्गिकार गरेको तीन खम्बे अर्थनीतिमा सहकारी क्षेत्रले नीजि र सार्वजनिक क्षेत्र जत्तिकै महत्व पाएको छ । समृद्द नेपाल र सुखी नेपालीको परिकल्पना साकार पार्न तत् बमोजिम भूमिका सफलता पुर्वक निर्वाह गर्नु अपरिहार्य भएको छ । देश आयातमुखी अर्थतन्त्र र यसको उपज ब्यापार घाटाबाट बर्सौ देखि थिचिदैं आएको छ । जनताका आधारभूत आवश्यकतादेखि उपल्लो आर्थिक हैसियत भएकाहरूको विलासिताका यावत् वस्तु तथा सेवामा परनिर्भरता कायमै छ । यस किसिमका परनिर्भरताहरूलाई चिरेर देशको द्रुततर आर्थिक बिकास हासिल गर्न बचत तथा ऋण सहकारी अभियान एउटा शसक्त माध्यम बनेको छ, जसको केन्द्रीय नेतृत्व नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले गर्दै आएको छ ।

नेपालमा सहकारी इतिहास ६ दशक लामो भएपनि सहकारीको गुणस्तरीय विकासले अपेक्षाकृत फड्को मारेको मान्न सकिने अवस्था पक्कै छैन, यद्यपि देशको वित्तीय प्रणालीमा बचत तथा ऋण सहकारी क्षेत्रको उपस्थिति भने उल्लेखनीय बढ्दो पाइन्छ । फलतः नेपालमा 'सहकारी' र 'बचत ऋण कारोवार' पर्यायबाची शब्द बनेका छन् । सहकारी अभियान भित्र झण्डै ६ खर्ब धनराशी परिचालान भईरहेको तथ्यांक सहकारी विभाग मार्फत बाहिरिएको छ,



जस मार्फत करिब ८८ हजारले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । देशको समग्र वित्तीय प्रणालीमा सहकारी क्षेत्रबाट बैंक तथा वित्तीय संस्थाहरूको अनुपातमा करिब १२ प्रतिशत योगदान पुगेको देख्न सकिन्छ ।

नेफ्स्कूनले २०४५ सालमा आफ्नो स्थापना पश्चात पचासको दशक देखि नै गाउँ गाउँमा बचत समुहहरू मार्फत 'बचत संस्कृति' निर्माण र सम्वर्द्धनमा योगदान पुऱ्याउन थाल्यो । सहकारी ऐन २०४८ लागू भएसँगै अनौपचारिक बचत समुहहरूले औपचारिकता पाउने क्रम बढ्यो, जसबाट थुप्रै सदस्यहरूले बचत गर्ने र आफ्ना स-साना गर्जो टार्ने माध्यमको रूपमा सहकारीलाई स्वीकार गर्न थाले । सहकारीलाई बचत तथा ऋणको अतिरिक्त कृषि, तरकारी तथा फलफुल उत्पादन, स्वास्थ्य, उपभोक्ता लगायत थुप्रै विषयहरूमा क्रियाशील हुने अवसर प्राप्त भयो, यद्यपि सहकारीले बचत र ऋणको कारोवार अनिवार्य गर्नुपर्दछ भन्ने अवधारणा विकास भयो, जुन त्यस बखत गलत थिएन । बचत गर्नु र आफ्ना आवश्यकता सहकारी मार्फत परिपूर्ति गर्न सक्नु गौरवपूर्ण सफलता नै थियो । यस सँगै समग्र सहकारी प्रणाली नै बचत तथा ऋणको वित्तीय कारोवारमा मात्र तल्लिन हुन पुगे, बहुउद्देश्यीय सहकारीहरू समेत बचत तथा ऋणको एकल उद्देश्यीय कारोवारमा मात्रै सिमित रहन पुगे । जसले गर्दा विविध प्रकृतिका सहकारीहरूमा आफ्नो उद्देश्य र दिशामा विचलन पैदा भयो । यो विचलन सुधार्न सहकारी नियमावली २०७५ ले प्रयत्न गरेको देखियो, तर प्रभावकारी कार्यान्वयन अझै प्रश्न चिन्ह मै सीमिति छ । बचत ऋण बाहेक अन्य प्रकृतिका सहकारीहरूले आफ्नो पुँजीको श्रोतको रूपमा सदस्यहरूबाट शेयर पुँजी, संस्थाको संस्थागत पुँजी र आवश्यकता अनुसार व्यावसायिक योजनामा आधारित भएर बाह्य ऋण परिचालन गर्नुपर्दछ, यस तर्फ सबै सहकारीकर्मीहरूले सोच्नुपर्ने बेला भएको छ । सहकारी सञ्जालले निःसन्देह बचत तथा ऋण सहकारी संस्थाहरूमा एकतृत भएको बचत पुँजीको आपूर्तिलाई अन्य उत्पादनमुलक उद्देश्यका साथ स्थापित सहकारीहरूको पुँजीको माग संग जोड्ने कार्य गर्न सक्दछ ।

सहकारी क्षेत्र परिपक्क बन्दै गर्दा यस क्षेत्रलाई उत्पादनसँग जोड्ने चिन्तनले पनि व्यापकता पाएको छ । अझ सहकारी ऐन २०७४ लागू भएसँगै सहकारी क्षेत्रको आयकरमा भएको व्यापक कटौतीपछि झन् सहकारी क्षेत्रले आफ्नो औचित्य प्रमाणित गर्न गति र दिशा एकत्रित गर्नुपर्ने देखिएको छ । सहकारीहरूले प्रायः सबैजसो क्षेत्रमा आफ्नो उपस्थिति जनाउन सकिने अवस्था सिर्जना भएको छ । सहकारी ऐनमा विशिष्टीकृत संघको अवधारणा अघि सारिएको छ, जसले अब उद्योग, कलकारखाना, कृषि लगायतका क्षेत्रमा ठूला परियोजनाहरू मार्फत उत्पादनमुखी क्षेत्रमा सहकारीको दरिलो उपस्थिति खोजेको छ र यसको लागि मार्ग प्रशस्त गरिदिएको छ ।

समृद्धि केवल वित्तीय कारोवारको बढावाबाट मात्रै पनि सम्भव हुँदैन । आयात प्रतिस्थापनमूखी अर्थतन्त्र निर्माण गर्ने ठुलो अवसर र अभिभारा सहकारी क्षेत्रले पाएको छ । बचत तथा ऋणको कारोवार अनि त्यस मार्फत व्यक्तिगत स्तरबाट भएका केही लगानीमार्फत मात्रै उत्पादनको क्षेत्रमा उल्लेख्य सहभागिता असम्भव छ । त्यसैले मुलुक सहकारीमार्फत उत्पादनमुखी क्षेत्रमा दमदार सकारात्मक हस्तक्षेपको पर्खाइको व्यग्रतामा छ । सहकारी अभियान भित्र परिचालित खर्बौ पुँजीलाई उत्पादनमुलक क्षेत्रसँग जोड्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । सदस्यहरूमा बचत संस्कृति विकासमार्फत राष्ट्रिय पुँजी निर्माण, फजुल क्षेत्रमा खर्च कटौती र उत्पादनमुलक क्षेत्रमा लगानी अभिवृद्धि बचत तथा ऋण सहकारीहरूको प्रधान उद्देश्य हो । सहकारीमा संकलित पुँजीलाई उत्पादनमुखी क्षेत्रसँग जोड्दै राष्ट्रिय समृद्धि सम्भव तुल्याउने नेफ्स्कूनको साढे दुई दशकको अथक प्रयास र परिकल्पना अब साकार हुने दिशा उन्मुख छ । यस अभियानमा सरोकारवाला सबैलाई गोलवद्ध गराउँदै बचत तथा ऋण सहकारी अभियानको मियो नेफ्स्कूनले नेतृत्वदायी भूमिका निर्वाह गर्ने विषयमा कुनै सन्देह नरहने स्पष्ट संकेतहरू र प्रशस्त दृष्टान्त भेटिन्छन् ।

# पूर्वमा साकोस एकीकरण अभियान तीव्र



प्रदेश नं. १ अन्तर्गत पूर्वी मोरङमा एकै दिन ९ बचत तथा ऋण सहकारी संस्था (साकोस) एकीकरण भएका छन् । २०७७ मंसिर १० गते बुधबारका दिन विधिवत रूपमा साबिक ९ वटा सहकारीहरूको बहिरगमन (दर्ता खारीज भई) नयाँ संस्था कनकलक्ष्मी बचत तथा ऋण सहकारी लि. प्रदेश नं. १ को रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ । एकीकरण हुने सहकारीहरूमा सुन्दरपुर साकोस सुन्दरहैचा न.पा. ६, गछिया साकोस सुन्दरहैचा न.पा. ७, पिण्डेश्वरी साकोस सुन्दरहैचा न.पा.४, न्यू नमूना साकोस सुन्दरहैचा न.पा. ४, शुभलक्ष्मी साकोस, सुन्दरहैचा नपा १२, गुराँस साकोस सुन्दरहैचा नपा १२, प्रारम्भ साकोस सुन्दरहैचा न.पा. १०, प्रसुन्न साकोस सुन्दरहैचा न.पा. ७, घरआँगन साकोस, सुन्दरहैचा न.पा. ७ मोरङ एकीकरण भई कनकलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., सुन्दरहैचा न.पा.६ मोरङ कायम भएको हो ।

एकीकरण पश्चात प्रस्तावित कनकलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अर्जुन राज अधिकारीले भन्नुभयो, "ससाना संस्थाहरूबाट सदस्य सेवा र आर्थिक सम्पूर्णता कायम हुन नसक्ने भएकोले हामीले सहकारी एकीकरणलाई जोड दिएका हौं, हाम्रो मुख्य उद्देश्य नै सदस्यहरूलाई कसरी बढी भन्दा बढी व्यावसायिक बनाउन सकिन्छ भन्ने नै रहेको छ ।" साकोस आवाजसँगको कुराकानीका क्रममा उहाँले भन्नुभयो, "एकीकरण भएका सम्पूर्ण संस्थाहरूमा यतिवेला कारोवार बन्द गरेका छौं र यही मंसिर १४ गते आइतबादेखि एकीकृत कारोवार शुरू गर्दैछौं । सुन्दरपुर साकोस भवनलाई केन्द्रीय कार्यालय सहित अन्य ६ वटा सेवा कार्यालयको रूपमा सञ्चालन हुँदैछन् । प्रक्रियागत रूपमा झन्झटिलो भएपनि हामीले संस्थाको नाम, नेतृत्व र कार्यालय समेत खुला रूपमा प्रस्ताव राख्यौं र नयाँ नाम र नयाँ पान नम्बर सहित कारोवार शुरू गरिएको हुँदा सबै पक्ष सन्तुष्ट रहेको पाएका छौं ।"

एकीकरण पश्चात करिब ८ हजार ६ सय सदस्य र ६४ करोड भन्दा बढीको वासलात रहेको कनकलक्ष्मी साकोस सदस्य संख्या र वासलातमा मोरङ कै सवैभन्दा ठूलो संस्था बनेको छ । एकीकृत साकोसमध्ये सुन्दरपुर साकोस, र गछिया साकोस नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोवेसन अन्तर्गत यस वर्षको ब्राण्ड प्राप्त संस्था पनि हो ।

सहकारी एकीकरण अभियानमा मोरङ सुन्दरहरैंचाका ९ वटा सहकारीको एकीकरण सफलतासँगै पूर्वका विभिन्न जिल्लामा सहकारी एकीकरणको लहर शुरू भएको छ ।

लेटाङ नगरपालिका २ मा सञ्चालित ५ वटा बचत तथा ऋण सहकारीहरू पनि एकीकरणका लागि अन्तिम तयारीमा पुगेका छन् । लेटाङ २ स्थित फडानी साकोस, गोदाबरी साकोस, जनचाहना साकोस, खैरेनी साकोस र धोवी साकोस एकीकरण प्रक्रियाका लागि अन्तिम चरणमा पुगेको फडानी साकोसका अध्यक्ष हेरम्ब भट्टराईले साकोस आवाजलाई जानकारी गराउनुभयो ।

५ सहकारी एकीकरण प्रश्चात लेटाङ २ स्थित एकीकृत जनभावना साकोसबाट संयुक्त कारोवार हुने उक्त संस्थामा कुल ६ हजार ५ सय सदस्य र करिब ६५ करोडको वासलात रहने फडानी साकोसका अध्यक्ष भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो एक वडा एक सहकारीको नीति अनुरूप हामीले २ नं. वडाका ५ सहकारी एकैचोटी एकीकरणका लागि प्रक्रिया अगाडि बढाएका हौं । संस्थागत दीगोपना, सबल आर्थिक अवस्था र सदस्यहरूका लागि सम्पूर्ण सेवाको सन्तुष्टिका लागि एकीकरण अनिवार्य छ । यसका लागि नेफ्स्कून हाम्रो पथप्रदर्शक हो । नेफ्स्कूनले विभिन्न समयमा जारी गरेका मार्गदर्शन र कार्यविधिलाई टेकेर एकीकरण अभियान अगाडि बढाउन सबै सहकारी संघ संस्था र स्थानीय निकायबाट सहयोग पनि प्राप्त भएको छ । अध्यक्ष भट्टराइले भन्नुभयो, "साकोस एकीकरण पश्चात साविक फडानी साकोस भवनमा केन्द्रीय कार्यालय रहने र सबै साकोस भवनमा सेवा केन्द्र रहनेछ साथै एकीकरण अभियान प्रति सबै साकोसका पदाधिकारी, सञ्चालक र सदस्यहरू समेत पूर्ण रूपमा खुसी हुनुहुन्छ, आगामी माघ १० गतेदेखि एकीकृत कारोवार गर्नेगरी तयारीमा छौं ।"

त्यसैगरी इटहरी स्थित महिला साकोस र मोरङको बुढीगंगा साकोस पनि २०७६ फागुन २१ गते एकीकरण भएका थिए भने माघ १९ मा महिला साकोससँग इटहरीकै सकारात्मक कृषि सहकारी संस्था एकीकरण भएको थियो । तीन संस्था एकीकरण पश्चात महिला साकोसमा कुल ७

हजार ५ सय १५ सदस्य र ६२ करोड २१ लाखको वासलात रहेको साकोसका प्रमुख कार्यकारी अधिकृत खगेन्द्र सिग्देलले साकोस आवाज प्रतिनिधिसँगको कुराकानीमा क्रममा जानकारी गराउनुभयो । यही मंसिर १९ गते भर्चुअल साधारणसभाको समेत तयारी गरिरहेको साकोसले सेवा केन्द्रहरू मार्फत सदस्य उपस्थिति कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ ।

त्यसैगरी सुनसरीस्थित किसान कल्याण साकोस र जनता साकोस बीच पनि एकीकरण सम्झौता भएको छ । भोलि मंसिर १३ गते किसान कल्याण साकोसको वार्षिक साधारणसभा सम्पन्न हुँदैछ, साधारणसभापछि यही मंसिर महिनाभित्रै एकीकृत कारोवार गर्ने गरी प्रक्रिया पुरा भएको किसान कल्याण साकोसका व्यवस्थापक झलेन्द्र दाहालले जानकारी दिनुभयो । उहाँले साताव्यापी रूपमा साधारणसभाका लागि सदस्य उपस्थिति र सुझाव संकलनको कार्य गरी अन्तिम निर्णय गर्ने सभा भर्चुअल विधि र स्थानीय एफएम टेलिभिजन मार्फत प्रत्यक्ष प्रसारणको तयारी भइरहेको समेत जानकारी गराउनुभयो । किसान कल्याण साकोस नेफ्स्कूनद्वारा प्रवर्द्धित एशियाली स्तरको साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेस अन्तर्गत "एक्सेस सिल्भर ब्राण्ड" प्राप्त साकोस हो ।

# बागमती प्रदेश सहकारी संघको प्रारम्भिक साधारणसभा



बागमती प्रदेश सहकारी संघ लि. को प्रारम्भिक साधारणसभाले रामशरण शर्मा घिमिरेको नेतृत्वमा १५ सदस्यीय सञ्चालक समिति र नेत्रराज पौडेलको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति सर्वसम्मत् चयन गरेको छ ।

कार्तिक २२ र २३ गते ललितपुरमा सम्पन्न साधारणसभाले समितिको वरिष्ठ उपाध्यक्षमा जगतलाल महर्जन, महिला उपाध्यक्षमा सीता ढकाल, महासचिवमा भीम प्रसाद दाहाल, सचिवमा देवराज न्यौपाने र कोषाध्यक्षमा टीकाराम भट्टराईलाई सर्वसम्मत निर्वाचित गरेको छ । त्यस्तै सदस्यहरूमा कृष्ण नेपाल, कृष्णप्रसाद तिमिल्सीना, दीपक जंगम, दुर्गा सज्जेल, दुर्गा कार्की, अम्बिका थापा, मेनुका दाहाल, बिमल ढकाल र विपिन शर्मा सर्वसम्मत् निर्वाचित हुनुभएको छ । नेत्रराज पौडेलको संयोजकत्व रहेको लेखा सुपरिवेक्षण समितिका सदस्यहरुमा लक्ष्मी गिरी र कुलप्रसाद देवकोटा हुनुहुन्छ ।

प्रादेशिक सहकारी संघको अवधारणा नौलो अनुभव भएको बताउँदै नवनिर्वाचित अध्यक्ष घिमिरेले प्रदेश र स्थानीय तहसँगै राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, जिल्ला विषयगत संघदेखि प्रारम्भिक संस्थाहरू सबैको सहयोग अपरिहार्य भएको धारणा राख्नुभयो । उहाँले संघीय संरचना अनुरूप गठित संघ सरोकारवाला निकायहरूको साथ र सहयोगमा मात्रै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नव निर्वाचित समितिमा प्रदेश अन्तर्गत १३ जिल्लामध्ये सिन्धुली, रामेछाप र रसुवाबाहेक सबै जिल्लाबाट प्रतिनिधित्व रहेको छ । सभामा ५४ वटा जिल्ला विषयगत संघका प्रतिनधिहरूको सहभागिता थियो ।

# लक्ष्मी महिला साकोसको संस्थागत विकास तालिम सम्पन्न

काभ्रेको पनौतीस्थित लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. को संस्थागत विकास तालिम पौष ९ गतेदेखि ११ गतेसम्म भक्तपुरको नगरकोटमा सम्पन्न भएको छ । तालिममा संस्थाको संचालक समिति, लेखा समिति, उपसमिति र व्यवस्थापनका गरी २३ जनाको सहभागिता थियो । नेफ्स्कूनको प्रोवेसन कार्यक्रम अन्तर्गत बागमती पहिलो क्लष्टरमा आवद्ध संस्थाले यो तालिमबाट आगामी वर्ष प्रोवेसन अन्तिम परिक्षण गराउने लक्ष्य सहित कार्ययोजना निर्माण गरिएको जनाएको छ। यस तालिमले आगामी दिनमा संस्था संचालनको लागि समिति, उपसमिति र व्यवस्थापनको क्षमता विकास भएको र तालिमबाट सिकेका कुराहरू संस्थामा गई कार्यान्वयनमा ल्याउने अध्यक्ष मैया महतले प्रतिवद्धता व्यक्त गर्नुभयो । तालिमको सहजिकरण नेफ्स्कूनका बरिष्ठ तालिम अधिकृत वल्लभ तिमिल्सेना र कार्यक्रम अधिकृत कोमल राज अधिकारी गर्नुभएको थियो ।

तालिम समापन कार्यक्रममा नेफ्स्कूनका प्रचार्य गणेश प्रसाद तिमिल्सेनाले समिति तथा उपसमितिको काम कर्तव्य र अधिकारका विषयमा प्रष्ट पार्दै तालिम सिकाका कुराहरूलाई व्यवहारमा परिणत गर्न आग्रह गर्नुहुँदै साकोसको सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो ।

# सहकारीमा महिला सहभागिता
# अवसर र चुनौति



**बिनिता अधिकारी**

अध्यक्ष
महिला प्रयास साकोस, धुम्बाराही, काठमाडौं

> सहकारीले बचत गर्न सिकाउँछ । खर्च गर्न सिकाउँदैन, यो यथार्थ हो अब खर्च गर्न पनि सिकाउने समय आएको छ । कुन ठाउँमा खर्च गर्दा यसले फाइदा गर्छ कुन ठाउँमा गर्दा फाइदा गर्दैन भन्ने कुरा पनि बुझाउनुपर्ने देखिन्छ । क्षमता विकासका कार्यक्रम खर्चिलो भनेर महिलाहरु सहभागी नहुने देखिएको छ । आफ्नो क्षमता विकासका कार्यक्रमको लागि खर्च गर्न डराउनु हुँदैन ।

### सहकारीमा महिला सहभागिता किन ?

सहकारी ऐन, २०४८ पछि नेपालको सहकारी अभियान जागरणबाट प्रवर्द्धनात्मक युग प्रवेश गरेको पाइन्छ । लामो संघर्षपछि प्राप्त राजनीति स्वतन्त्रतासँगै सहकारीमार्फत समाजिक क्रियाकलाप, गरिबी न्यूनीकरण, उत्पादनशील रोजगारी सिर्जना, समतामूलक समावेशी समाज निर्माण, उद्यमशीलता विकास र महिला सशक्तिकरणको क्षेत्रमा बिस्तारै उपलब्धीहरू हासिल हुँदै गएका हुन् । महिलाले सम्पत्ति आर्जन गरेमा खर्चको पहिलो प्राथमिकता बालबालिकाको पढाई, खानपान र स्वास्थ्यमा दिने भएकोले महिलाहरू आर्थिक गतिविधिमा निर्णायक भूमिका बहन गर्ने अवसर पाएमा यसले दिगो आर्थिक विकासमा सकारात्मक असर पर्दछ भन्ने निश्चित छ । त्यस्तै महिलाले सञ्चालन गरेका सहकारी संस्थाहरूमा आर्थिक पारदर्शीता तथा भ्रष्टाचार न्यून पाइन्छ भने सहकारीमा सबै जात, धर्म, वर्ग र समुदायका महिलाहको सहभागिताले सामाजिक सद्भावमा सहयोग पुगेको देखाएको छ । सहकारीमा आवद्धताले आत्मविश्वास, स्वाभिमानमा वृद्धि भएको छ । व्यवसायको क्षेत्रमा सहकारीले पुऱ्याएको सहयोगले महिलाहरू पनि पुरूष सरह आफ्नो व्यवसाय गर्न र आर्थिक रूपमा आत्मनिर्भर हुन सक्षम भएका छन् ।

एक महिला सहकारीमा आवद्ध भई बचत गरेमा उसको परिवार र समाज पनि समृद्धिको बाटोमा अगाडि बढ्दै जान्छ । सहकारीबाट महिलाहरूलाई कृषि क्षेत्र, वित्तीय सेवा प्रदायक, साना तथा मझौला उद्योग आदि विभिन्न क्षेत्रमा सहयोग पुगेको देखिन्छ । तसर्थ व्यक्तिगत तथा पारिवारिक उन्नति र विकासका लागि स्वतन्त्र रूपमा निर्णय लिन, सामाजिक छवि विकास गर्न, नविनतम प्रविधि, स्रोत र साधनमा पहुँच पुऱ्याउन र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन महिला सशक्तिकरण आवश्यक छ ।

### सहकारी ऐन, २०७४

सहकारी ऐन, २०७४ मा महिलालाई प्रवर्द्धन गर्ने ढंगले दफा ४१ मा सञ्चालक समिति गठन गर्दा उपलब्धताको आधारमा ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधान राखिएको छ । यस अघिका ऐनहरूमा यो व्यवस्था थिएन तर नेपाल सरकारले जारी गरेको सहकारी मापदण्ड २०६८ मा महिला सहभागितालाई सुनिश्चित गर्न केही प्रयासहरू गरेको थियो । जस्तै प्रारम्भिक संस्थाको हकमा सदस्यताको अनुपातका आधारमा संञ्चालक समिति र



लेखा समितिमा महिला नेतृत्व निर्वाचित हुनुपर्ने, संघको हकमा ३३ प्रतिशत महिला सहभागिता गराउनुपर्ने, आदि । २०६९ को सहकारी नीतिले संघहरूमा ४० प्रतिशत महिला सहभागिता गराउँदै लैजानु पर्ने प्रावधान राखेको थियो भने नयाँ ऐनमा सञ्चालक समिति निर्माण गर्दा ३३ प्रतिशत महिला राख्नुपर्ने प्रावधान आएपछि अबको केही वर्ष मै सहकारीमा निर्णायक तहमा महिलाको संख्या वृद्धि हुने निश्चित छ ।

**महिला सहभागिताका अवसर र चुनौती**

सहकारी अभियानमा सहभागी हुँदा महिलाहरूले क्षमता विकास तथा आर्थिक आत्मनिर्भरताको अवसर पाएका छन् । यसले समाजमा महिलाको हैसियत बढाएको छ । क्षमताको विकाससँगै महिलाले नेतृत्व विकास गर्दै राजनीतिक तथा सामाजिक क्षेत्रमा समेत आफ्नो प्रभावकारी भूमिका प्रदर्शन गर्न थालेका छन् । वर्षौदेखि पछाडि पारिएका महिलाहरूले आफ्नो क्षमता विकास गर्दै अगाडि बढ्दा समग्र समाजलाई नै सुसंस्कृत र सभ्य बनाउन बल पुगेको छ । वर्तमान परिवेश तथा आगामी दिनमा सहकारी अभियानमा लाग्ने महिलाका लागि उपलब्ध अवसर र चुनौतीहरूको व्याख्या गर्दै सम्भावित अवसरहरूको सदुपयोग गर्न तथा चुनौतीको सामना गर्न वर्तमानमा भएका सबल र सुधार गर्नुपर्ने पक्षको विश्लेषण यस आलेखमा गरिएको छ ।

**सबल पक्ष**:

- सहकारीमा महिलाहरूको उत्साहजनक सहभागिता बढ्दो पाइन्छ ।
- आत्मबलको विकास भएको छ ।
- आर्थिक आत्मनिर्भरता वृद्धि भएको छ ।
- सामाजिक हैसियत स्थापित हुँदै गएको छ ।
- नेतृत्व विकासका लागि सहज माध्यम भएको छ ।

**सुधार गर्नुपर्ने पक्ष**:

- तालिम वा अन्य काम विशेषले घर छोडेर बाहिर जान समस्या देखिन्छ ।
- व्यवस्थापकीय दक्षतामा कमी कमजोरी पाइन्छ ।
- सिर्जनात्मक सहभागितामा कमी देखिन्छ ।

योजना तर्जुमा कार्यान्वयन तथा मूल्यांकन जस्ता निर्णायक तथा सिर्जनात्मक कार्यक्रममा महिला सहभागिता न्यून रहने गरेको छ । सहभागी भएपनि निष्कृय रहने एवं आफ्ना कुराहरू नराख्ने पाइएको छ ।

**खर्च गर्न डराउनु**:

सहकारीले बचत गर्न सिकाउँछ । खर्च गर्न सिकाउँदैन, यो यथार्थ हो अब खर्च गर्न पनि सिकाउने समय आएको छ । कुन ठाउँमा खर्च गर्दा यसले फाइदा गर्छ कुन ठाउँमा गर्दा फाइदा गर्दैन भन्ने कुरा पनि बुझाउनुपर्ने देखिन्छ । क्षमता विकासका कार्यक्रम खर्चिलो भनेर महिलाहरू सहभागी नहुने देखिएको छ । आफ्नो क्षमता विकासका कार्यक्रमको लागि खर्च गर्न डराउनु हुँदैन । हाल विद्यमान सबल पक्ष कायम राख्दै दुर्वल पक्षमा सुधार गर्दै लैजाने हो भने महिला सशक्तिकरणका लागि सहकारी अभियान बरदान सावित हुनसक्छ ।

**अवसर** :

**१. राज्यको जिम्मेवारपूर्ण भूमिकाः**

राज्य संवैधानिक र कानुनी रूपमा नै महिला प्रति थप जिम्मेवार बन्दै गएको छ ।

समानुपातिक सहभागिताका नीति निर्माण भैरहेका छन् । यो महिलाहरूका लागि नयाँ अवसरको ढोका खुल्ने संकेत हो । सहकारी सहित विभिन्न क्षेत्रमा आरक्षणको व्यवस्था भएकोले त्यस्ता अवसर हासिल गर्न सहकारी मार्फत सीप तथा नेतृत्व विकास गरी तयार रहनुपर्दछ ।

**२. अन्तराष्ट्रिय सहयोगमा वृद्धिः**

अन्तराष्ट्रिय सहकारी महासंघ (ICA) लगायतका निकायले अगाडि सारेका नीति महिला मैत्री पाइन्छन् । यद्यपि, चुरो

कुरो 'सहभागिताका लागि सहभागिता' मा मात्र संकुचित नभई निर्णायक भूमिकामा महिलाहरू स्थापित हुनुपर्ने टड्कारो आवश्यकता छ । दिगो विकासका १७ लक्ष्यमध्ये ५ औं स्थानमा लैंगिक समानता कायम हुनु पनि अवसरका हिसाबले महत्वपूर्ण हो । विश्व ऋण परिषदले Global Women's Leadership Network (GWLN) अन्तर्गत Sister Society को माध्यमबाट महिला सशक्तिकरणमा जोड दिँदै आएको छ ।

राज्य जिम्मेवार बन्दै अगाडि बढ्ने क्रममा रहनु र यसै समयमा अन्तर्राष्ट्रिय सहयोग र दवाव आउनाले महिलाहरूले सहकारीबाट प्रशस्त अवसर प्राप्त गर्ने देखिएको छ ।

**चुनौती**

**१. असिमित जिम्मेवारी बहनः**

महिलाहरू अगाडि बढेपनि परिवारको रेखदेख गर्ने, भान्साको काममा बढी समय खर्च गर्नुपर्ने, घरको सरसफाई लगायतका काम अझैपनि महिलाको मात्र जिम्मेवारीमा छन् । दोहोरो जिम्मेवारी वहनले कार्यक्षमता एवं दक्षता हासिल गर्नमा समस्या हुन्छ । अझैपनि यस्ता जिम्मेवारीलाई चुनौति मानेर सामना गर्नुपर्ने अवस्थमा विद्यमान रहेको छ ।

**२. पितृसत्तात्मक सोचमा परिवर्तन आउन नसक्नुः**

तुलनात्मक हिसाबले विगतमा भन्दा महिलाको हैसियत बढेपनि पितृसत्तात्मक सोच हटिसकेको छैन । महिलाले सक्छन् र ? यस्ता प्रश्नहरू सहितको धारणा अझै पनि हाम्रो पुरूष मित्रहरूमा रहेको छ । हाम्रो पुस्ताले यस्तो सोचहरू हटाउन भरमग्दुर प्रयास गरेनौं भने हामी पछिको पुस्ता पनि यो सोचको सिकार हुनुपर्नेछ । यस्तो सोच पुरूषमा मात्र हैन महिलामा पनि छ । हामीहरू नै पुरूषलाई बढी सक्षम देख्छौं । यस्ता सोचले सुधारको मार्ग खोजिरहेछ । अवसर पाए सक्छौं भन्ने भावनासँगै अठोटको पनि विकास गर्नु जरूरी छ ।

अन्त्यमा,

सहकारीमा महिला सहभागिताले मुलुकको आर्थिक विकासमा समेत महत्वपूर्ण भूमिका खेल्दछ । यस सम्बन्धमा एकातर्फ सघन अध्ययन अनुसन्धान आवश्यक छ भने अर्कोतर्फ अहोरात्र बहसपैरवीमार्फत सरोकारवालाहरूको ध्यानाकर्षण गराउन जरूरी छ । त्यस्तै, सहकारी संघ संस्थाका नेतृत्वदायी भूमिका ओगटेका सञ्चालकहरू र उच्च व्यवस्थापनलाई लैंगिक समानताको विषय बोध हुनुपर्दछ । खासगरी नीति निर्माण गर्ने सञ्चालक समितिले यसलाई विशेष महत्व दिनुपर्दछ । आफ्नो संस्थामा लैंगिक विश्लेषण गर्ने, महिलाको क्षमता विकास गर्ने, कार्यक्षेत्रमा पर्ने महिलाको शिक्षा, रोजागारीमा व्यापत खाडल कम गर्ने महिलाको समय र परिस्थिति अनुसार कार्यक्रम तय गर्ने लैंगिक समानताको वकालत गर्ने, सम्भावित महिला नेतृत्व पहिचान गरी प्रोत्साहन र सहयोग गर्ने राज्यसँग समान अधिकारको पहल गर्ने, स्थानीय तहका ऐन, कानुन, नियम, निर्देशिका महिला मैत्री निर्माणको लागि पहल गर्ने आदि काममा सबैको हातेमालो जरूरी देखिन्छ ।

❑ ❑ ❑

# बागमती प्रदेश बचत संघको प्रारम्भिक साधारणसभा



बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको कार्तिक २२ गते सम्पन्न प्रारम्भिक साधारण सभाले उद्दव सापकोटाको अध्यक्षतामा १७ सदस्यीय सञ्चालक समिति र तीन सदस्यीय लेखा समिति सदस्यहरू निर्विरोध निर्वाचित गरेको छ । सापकोटा संघको तदर्थ समितिको पनि अध्यक्ष हुनुहुन्थ्यो । साधारणसभामा सचिव पदका लागि मात्र निर्वाचन भएको थियो ।

सञ्चालक समितिको वरिष्ठ उपाध्यक्षमा प्रकाश श्रेष्ठ, महिला उपाध्यक्षमा राधा सिंतान, महासचिवमा जिवसराज खड्का, सचिवमा गोविन्द प्रसाद काफ्ले र कोषाध्यक्षमा टापबहादुर श्रेष्ठ चयन हुनुभएको छ ।

त्यसैगरी नवर्निवार्चित समितिको सदस्यहरूमा ईन्द्र घिमिरे, प्रकाश बञ्जारा, तेजन्द्रबहादुर खड्का, राधा कडरिया, कृष्ण गोविन्द लाखाजु, प्रदिप थापा, ठाकुरप्रसाद बाँस्कोटा, कृष्णहरि कोईराला, चक्रबहादुर बस्नेत, जगन्नाथ दाहाल, ओमप्रसाद आचार्य चयन हुनुभएको छ । त्यस्तै लेखा समितिको संयोजकमा केशवप्रसाद दंगाल र सदस्यहरूमा रमिला श्रेष्ठ र रमेश श्रेष्ठ चयन हुनुभएको छ ।

निर्वाचित सञ्चालक समितिलाई नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्दै प्रदेश बचत संघसँगको सुमधुर सम्बन्ध थप प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष केशब प्रसाद बडाल, वर्तमान अध्यक्ष मिनराज कडेल, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू लगायतको सहभागिता थियो ।

# विभिन्न जिल्लामा आधारशिला कार्यक्रम कार्यान्वयन अभिमुखीकरण

**मकवानपुर**

नेफ्स्कूनले आफ्नो ३३औं स्थापना दिवसको अवसर पारेर शुभारम्भ गरेको आधारशिला कार्यक्रम कार्यान्वयन सम्बन्धमा विभिन्न जिल्लामा अभिमुखीकरण तथा परामर्श कार्यशाला सञ्चालन गरेको छ । आधारशिलामा साझेदारी, वित्तीय पहुँच र स्वरोजगारी स्थापित गर्ने उद्देश्यसहित यस कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्य तथा साझेदारी मार्फत सहकारीहरूको प्रवर्द्धन तथा व्यावसायिकता विकास मा पहुँच अभिवृद्धि गर्ने लक्ष्य रहेको छ ।

मंसिर १४ गते हेटौडा उपमहानगरपालिकाको तालिम हलमा सम्पन्न अभिमुखीकरण कार्यक्रमका प्रमुख अतिथि वागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष श्याम बहादुर बस्नेतले सहकारीहरूको वृद्धि विकासका लागि नेफ्स्कूनले शुरू गरेको आधारशिला कार्यक्रम प्रभावकारी रहेको विचार व्यक्त गर्दै कार्यक्रमलाई अगाडि बढाउन बागमती प्रदेशले आवश्यक सक्दो सहयोग गर्ने र प्रदेशका १३ वटै जिल्लामा समन्वयका लागि तत्काल कार्य अगाडि बढाउने जानकारी गराउनुभयो ।

स्थानीय निकाय सँगको समन्वय र साझेदारी मार्फत सहकारीहरूको दिगो विकास र प्रवर्द्धन गर्ने लक्ष्य सहित नेफ्स्कूनले प्रारम्भ गरेको आधारशिला कार्यक्रम सम्बन्धमा नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले प्रस्तुतिकरण गर्नु भएको थियो । उहाँले केन्द्रीय संघ र स्थानीय तहसँगको साझेदारीमा वित्तीय पहुँच अभिवृद्धि, सहकारी संस्थाहरूको दिगो संस्थागत विकास, सञ्जालिकरण र उद्यमशीलता मार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्ने अभिप्राय राखेर सहकारी क्षेत्रका प्राप्त उपलब्धीहरूको सम्वर्द्धन गर्न आधारशिला कार्यक्रम अगाडि सारिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा हेटौडा उपमहानगरपालिकाका उपप्रमुख मिना कुमारी लामा, सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन प्रसाद ढकाल, आर्थिक विकास समितिका संयोजक नरनाथ सुवेदी, बागमती प्रदेश सहकारी विभागका रजिष्ट्रार विक्रम पाण्डे, सहकारी अभियन्ता बद्री लम्साल, नेफ्स्कूनका उपाध्यक्ष शन्ति अधिकारी ढकाल, कोषाध्यक्ष दिपक पनेरू, सञ्चालक सदस्य विद्या कोइराला र उपमहानगर पालिकाका अन्य महाशाखाका कर्मचारीको उपस्थिति रहेको थियो ।

हेटौडा उपमहानगरपालिकाका उपनगर प्रमुख मिना कुमारी लामाले आधाशिला कार्यक्रमले सहकारीको दिगो विकास सँगै सहकारीलाई उत्पादनमा जोडिन उत्प्रेरित गर्दै सदस्यहरूको आर्थिक जीवनस्तर सुधारमा सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार विक्रम पाण्डेले सहकारीलाई वर्गीकरण गरी सिमित क्षेत्रका सहकारीमा यो कार्यक्रम लैजादा उपयुक्त हुने विचार व्यक्त गर्नुभयो । यस्ता कार्यकमले सहकारीलाई सुशासन, प्रवर्द्धन गर्नै विश्वास व्यक्त गर्नुभएको थियो । पूर्व रजिष्ट्रार सुदर्शन प्रसाद ढकालले नेफ्स्कूनले अगाडि सारेका कार्यक्रमहरू जहिले पनि प्रभावकारी हुने र उपमहानगरपालिकालाई यस्तो कार्यक्रममा अग्रसरता देखाई सहभागी हुन आग्रह गर्नु भएको थियो ।

कार्यक्रमको समापन सत्रमा बोल्दै नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीले आधारशिला कार्यक्रम कार्यन्वयनका लागि छिटो भन्दा छिटो स्थानीय निकायसँग साझेदारी हुने विश्वास व्यक्त गर्दै सहभागी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रम सञ्चालन कार्यक्रम अधिकृत बिदुर खड्काले गर्नु भएको थियो ।



### सर्लाही



सर्लाहीको हरिवनस्थित सगुन साकोसको तालिम हलमा मंसिर १८ गते आधारशिला कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण सम्पन्न भयो । कार्यक्रम नेफ्स्कूनका उपाध्यक्ष शान्ती अधिकारीको अध्यक्षता, हरिवन नगरपालिकाका नगर प्रमूख गणेश प्रसाईको प्रमुख अतिथ्यता सहित नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, हरिवन न.पा. का प्रशासकीय अधिकृत खरूदेव चुडाल, नेफ्स्कून सञ्चालक सदस्य हरेराम पटेल, जिल्ला बचत संघ सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे, हरिवन न.पा. सहकारी विभाग प्रमुख शम्भु मैनाली, हरिवन सहकारी सञ्जाल अध्यक्ष रामप्रसाद घिमिरे र हरिवन न.पा.का वडा १ देखि ११ सम्मका बडाध्यक्षहरूको उपस्थितिमा सम्पन्न भयो ।

कार्यक्रममा आफ्ना मन्तव्य राख्दै स्थानीय जनप्रतिनिधिहरूले सहकारीहरूको वृद्धि विकासका लागि नेफ्स्कूनले शुरू गरेको आधारशिला कार्यक्रम प्रभावकारी रहेको विचार व्यक्त गर्दै स्थानीय तहवाटनै सुरूवाता गुर्नपर्नेमा हामी पछिपरेको र अवउपरान्त यस कार्यक्रमलाई सम्फौता गरी अफ प्रभावकारी ढङगबाट अगाडि बढाउने कुरामा प्रतिवद्धता जनाउनुभएको थियो । हामी हरेक क्षेत्रमा यस कार्यक्रमलाई अगाडि बढाउन हरिवन नगरपालिकाले आवश्यक सक्दो सहयोग गर्ने र जिल्लाको हरेक वडाहरूमा समन्वयका लागि तत्काल कार्य अगाडि बढाउने जानकारी गराउनुभयो । साथै आधाशिला कार्यक्रमले सहकारीको दिगो विकास सँगै सहकारीलाई उत्पादनमा जोडिन उत्प्रेरित गर्दै सदस्यहरूको आर्थिक जीवनस्तर सुधारमा सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

### बारा



प्रदेश नं २ को बारा जिल्लास्थित निजगढ नगरपालिकामा आधारशिला कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण मंसिर १९ गते सम्पन्न भयो । निजगढ नगरपालिका का नगरप्रमुख सुरेश कुमार खनालले नेफ्स्कूनले सञ्चालन गर्ने आधारशिला कार्यक्रममा सबैभन्दा पहिले निजगढले हातेमालो गर्ने प्रतिवद्धता जनाउनुभयो । उहाँले यस कार्यक्रमले बचत तथा ऋण सहकारीहरूमा गुणस्तर सुनिश्चितता, सुशासन, कार्यालय व्यवस्थापन, संस्थागत उत्तरदायित्व र जवाफदेहिताजस्ता अति आवश्यक विषयलाई जोड दिएको भन्दै सबै पालिकामध्ये निजगढले पहिले सहकार्य गर्ने बचत दिनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएकी नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले आधारशिला कार्यक्रमले विशेष गरेर प्रदेश नं २ मा जोड दिएको चर्चा गर्नुभयो । यस्ता कार्यक्रमले प्रदेश नं. २ को सहकारीलाई दिगो बनाउन एकदम फाइदा पुऱ्याउने भनाई उपाध्यक्ष अधिकारीको थियो ।

कार्यक्रममा निजगढ नगारपालिकाका उपप्रमुख लिला खनाल, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, सञ्चालक सदस्य हरेराम प्रसाद, बारा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष सत्येन्द्र ठाकुर, बारा जिल्ला बचत तथा ऋण सहकारी संघका निवर्तमान अध्यक्ष तथा निजगढ नगरपालिकाका सहकारी संजालका संयोजक भोला गौतम, निजगढ नगरापालिका वडा नं. ८ का वडा अध्यक्ष टेक बहादुर लामा, निजगढ नगरपालिकाका सहकारी शाखा प्रमुख रविन घिमिरे, बारा जिल्ला बचत संघका उपाध्यक्ष गीता देवी जैसवाल, बारा जिल्ला बचत संघका कोषाध्यक्ष शोभा राउत सहित १३ जनाको सहभागीता रहेको थियो । आधारशिला कार्यक्रमको बारेमा नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले गर्नुभएको प्रस्तुति पछि नगरपालिका एवं जिल्लास्थित सहकारीकर्मीहरूले

कार्यक्रम अहिलेको आवश्यकता भएको भन्दै सबैको साथ र सहकार्यमा यसको सफलता सम्भवन हुने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा भोला गौतम, सत्येन्द्र ठाकुरले मन्तव्य राख्दै नेफ्स्कूनका महासचिवको प्रस्तुतीकरणलाई सराहनिय भन्दै आधारशिला कार्यक्रम आजको आवश्यकता भएको मन्तव्यमा उल्लेख गर्नुभएको थियो । कार्यक्रमका अन्य वक्ताहरूले नेफ्स्कूनको आधारशिला कार्यक्रममा सहकारीहरूको लागि एकदमै सकारात्मक र सुधारात्मक कदम रहेको उल्लेख गर्नु भएको थियो ।

## रौतहट




रौतहटको चन्द्रनिगाहपुरमा आधारशिला कार्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरूसँग मंसिर २२ गते परामर्श कार्यशाला सम्पन्न भयो । कार्यक्रम उद्घाटनका क्रममा प्रमुख अतिथि चन्द्रपुर नगरपालिकाका नगर प्रमुख रामचन्द्र चौधरीले समाजको आर्थिक सामाजिक विकासमार्फत समाज सुदृढीकरणका लागि सहकारीको भूमिका उल्लेख्य रहेको चर्चा गर्दै नगरपालिका सहकारीसँग सहकार्य गरेर काम गर्न तयार रहेको बताउनुभयो ।

त्यसैगरी चन्द्रपुर नगरपालिकाकी उप प्रमुख रामरती चौधरी र प्रमुख प्रशासकीय अधिकृत कृष्ण सिग्देल ले सहकारी संस्थाहरूले सहकारीको भावना अनुरूप काम गर्नुपर्ने सुझाव प्रस्तुत गर्दै नगरपालिका ले नगर क्षेत्रका सहकारीको विकासमा काम गर्न कुनै प्रकारको कसर बाँकी नराख्ने बचनवद्धता व्यक्त गर्नुभयो ।

नेफ्स्कूका उपाध्यक्ष शान्ति अधिकारीको अध्यक्षता र जिल्ला बचत संघ रौतहटका अध्यक्ष देवकी नेपाल को स्वागत मन्तव्य रहेको उक्त कार्यक्रममा चन्द्रपुर नगरपालिकाका नगर प्रतिनिधिहरू, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, चन्द्रपुर सहकारी सञ्जालका अध्यक्ष खड्ग बहादुर बम्जन, विभिन्न सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक लगायतको उपस्थिति रहेको थियो । नेफ्स्कूनका महासचिव अधिकारीले आधारशिला कार्यत्रम सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो ।

## सिन्धुली




सिन्धुलीको कमलामाई नगरपालिकाको सभाहलमा मंसिर २३ गते सम्पन्न आधारशिला कार्यक्रम कार्यान्वयन अभिमुखीकरण जिल्ला बचत संघ सिन्धुलीका अध्यक्ष बालकुमारी श्रेष्ठको अध्यक्षता र कमलामाई नगरपालिकाका नगर प्रमुख खड्ग बहादुर खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा नगरपालिकाका उप प्रमुख मन्जु देवकोटा, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कमलामाई नगरपालिकाका प्रशासकीय अधिकृत विशकसेन ढकाल सहित नगरपालिकाका विभिन्न सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक लगायतको उपस्थिति रहेको थियो ।

प्रदेश नं २ का तीन जिल्ला र बागमती प्रदेशका दुई जिल्ला गरी पहिलो चरणमा ५ जिल्लामा सञ्चालन गरिएको आधारशिला कार्यक्रम कार्यान्वयन तथा अभिमुखीकरण कार्यक्रम साकोस प्रतिनिधिहरूको उत्साहजनक सहभागिताका बीच प्रभावकारी रूपले सम्पन्न भयो । आधारशिला कार्यक्रम केन्द्रीय संघ र स्थानीय तहसँगको साझेदारीमा वित्तीय पहुँच अभिवृद्धि, सहकारी संस्थाहरूको दिगो संस्थागत विकास, सञ्जालीकरण र उद्यमशीलता मार्फत सहकारीका सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउने अभिप्राय स्वरूप कार्यान्वयको चरणमा रहेको छ । यसले सहकारीको प्रवर्द्धन, विकास, सुशासन, सञ्जालीकरण र स्वनियमनमा सुधार गर्दै व्यावसायिकता विकास र उद्यमशीलता प्रवर्द्धन मार्फत स्वरोजगार सिर्जना गर्ने अभियानमा लक्षित रहनेछ ।

# साकोस शुद्धीकरण : अबको अभियान



**हरिप्रसाद पौडेल**

सचिव
पश्चिम नेपाल साकोस, म्याग्दी

नेपालमा सहकारीको इतिहास केही दशकको भएतापनी सहकारी विकासको आधारमा हेर्ने हो भने भर्खरै शैशवकाल पार गरेको अवस्थामा रहेको छ । हुनत वच्चा जन्मिसकेपछि चौतर्फि विकासका लागि केही खुल्ला वातावरणमा हुर्कन र फक्रन दिनुपर्छ नै त्यसैगरी सहकारीहरू दर्ता गरेर सञ्चालन गर्न दिइएको तर नियमन मा उचित ध्यान नेपाल सरकारले दिन नसकेको अवस्था विद्यमान छ । फलस्वरूप सहकारीहरू आफ्ना सिद्धान्त मुल्य र मान्यतालाई आत्मसाथ नगरी कानुनमा रहेका छिद्र तथा नियमनकारी निकायको न्यून उपस्थितिको फाइदा उठाउदै केही व्यक्तिहरूको हातमा थन्किन पुगेको अवस्था हाल सम्म रहिरहेको छ । देशमा रहेका ३५ हजार बढी सहकारीहरूले सहकारीका मुल्य र मान्यतालाई मिचेर सञ्चालन हुँदा सहकारीताको मर्म र भावनामा ठेस पुगेको त छ नै जस्ले अपनत्व ग्रहण गर्नुपर्ने हो त्यो वर्गनै सहकारीबाट विचलित भइरहेको छ ।

राज्यको न्यून उपस्थितिको फाइदा उठाउदै केही सहकारीहरूले सहकारीताको मर्म र भावना माथि नै कुठाराघात गरी समग्र सहकारी क्षेत्रको वदनाम गराउन उद्यत वनिरहेका छन् सिमित व्यक्तिहरूले हिजोका साहुमहाजनकै शैलिमा वैधानिक ठगी धन्दालाई सहकारीको माध्यम बनाएका समाचारहरू आउने गरेको पाइएको छ । सिमित व्यक्तिहरूमा स्वामित्व राखेर जो खास सदस्य हुनुपर्ने हो उसैलाई सदस्य हुनबाट समेत वञ्चित गराउने अभ्यास गरेका कारण सहकारी क्षेत्र वदनाम बन्न पुगेको छ ।

राज्यले विकासको तिनखम्बे नीति मा सहकारी सरकारी र निजि क्षेत्रको समानुपातिक उपस्थितिमा मात्र विकास सम्भव छ भनेर सहकारीलाई विकासको एक अभिन्न साझेदारको रूपमा नीतिमा समावेस गरेको भएतापनी अझै सहकारीलाई पूर्ण स्विकार गरिसकेको अवस्था देखिदैन । एकातर्फ सहकारी सञ्चालकहरू स्वेच्छाचारी हुनु अर्को तर्फ राज्यले सहकारी सञ्चालन नियमन मा ध्यान पुऱ्याउन नसक्नुको कारण विकासमा सहकारीले उचित स्थान पाउन सकेको छैन ।

अवका दिनमा सहकारीहरू शैशवावस्थाबाट यौवानावस्थामा फड्को मारिरहेको अवस्थामा राज्यको वर्तमान राज्य व्यवस्था ले निर्धारण गरेको क्षेत्राधिकार भित्र रहेर सहकारी सञ्चालन हुनेपर्ने र राज्यले आफ्नो बलियो उपस्थिति देखाउनुपर्ने आवश्यकता रहेको छ । केही नजानेर त केही राज्यको अनुपस्थितिको फाइदा उठाउँदै हिजो गरिएका कमी कमजोरीहरूलाई सहकारीले आत्मसाथ गर्न आवश्यक छ ।

वर्तमान समय सहकारीको शुद्धीकरणको समय हो मुलुकमा हाल पैतिसहजारको हाराहारीमा विभिन्न विषयगत सहकारीहरू विद्यमान छन् । विषयगत सहकारीका आ–आफ्नै सञ्चालनका नीतिगत आधारहरू भएको हुँदा सहकारीहरूले सो आधारमा सञ्चालन हुने र सहकारीका अन्तर्राष्ट्रिय मुल्य र मान्यतालाई आत्मसाथ गर्ने त्यसमा राज्यले आफ्नो उपस्थिति देखाउनुपर्ने आजको आवश्यकता हो । वर्तमान समय सहकारीहरू रूपान्तरणको समय भएको हुँदा राज्यको उपस्थिति नियन्त्रण मुखि भन्दा सहयोगी वन्न आवश्यक देखिन्छ, हिजोका दिनमा भएका कमिकमजोरीहरू यस्तो अवस्थामा भएका छन् की सहकारीकर्मीले कमजोरी भएका थिए भन्ने समेत चाल पाउन सकेका छैनन् यस्तो अवस्थामा राज्य नियन्त्रणमुखी बनेर उपस्थित हुँदा आम सर्वसाधारणको लगानी नै चौपट हुन सक्ने यथार्थ अवस्था रहेको ले राज्य सहयोगी वनेर कम्तीमा कमजोरी भएको रहेछ भनेर बुझ्ने अवसर प्रदान गर्नुपर्ने आवश्यकता छ । सहकारीहरूले हामीले

गरेका गतिविधिहरू सहकारीको मर्म भावना र सिद्धान्त अनुरूप रैनछन् भनेर वुझ्नु नै सहकारीको पहिलो विकास हो । जतिवेला सञ्चालित गतिविधिहरू गलत तौरतरिकाबाट सञ्चालन भएका छन् भन्ने कुरा वुझ्छन् त्यहीबाट त्यसलाई परिमार्जन गर्न सहजीकरण गर्नु राज्यको दायित्व रहन्छ ।

आवश्यकताको आधारमा भन्दा देखासिकी र लहडमा दर्ता तथा सञ्चालनमा रहेका अधिकांस सहकारी का सहकारी कर्मीहरूमा सहकारी सञ्चालनको ज्ञानको अभाव देखिएको छ, अज्ञानतामा धेरै कमजोरीहरू सहकारीमा भएका छन् त्यसैले सच्चिने अवसर प्रदान गर्नुपर्ने आवश्यकता एकातर्फ छ भने अर्कातर्फ जानाजान गरिने गैरकानुनी कार्यलाई निरूत्साहित गर्न कानुनको पूर्ण कार्यान्वयन गराउनुपर्ने वाध्यात्मक अवस्था समेत विद्यमान छ ।

उल्लेखित असहजताहरूलाई चिर्दै साकोसहरूले वित्तीय सुशासन कायम गर्दै सदस्यमैत्री सेवा प्रवाह गर्न सक्ने परिपक्क सहकारीको रूपमा आफुलाई उभ्याउनुपर्ने अवको आवश्यकता रहेको छ यसका लागि सहकारीकर्मी, सहजीकरण गर्ने निकाय तथा नियमनकारी निकायको त्रिकोणात्मक समन्वय आवश्यक छ । यसको केही परिपुरण केन्द्रीय बचत तथा ऋण सहकारी संस्था नेफ्स्कूनले गरीरहेको छ । तथापी ब्लांकेट एप्रोचमा वनेको सहकारी ऐन, विभिन्न मौजुदा झण्झटीला ऐन कानुनहरू, सहकारी सञ्चालकमा रहेको अपरिवर्तित सञ्चालन शैली आदीका कारण उपलब्धी देखिन अझै केही समय लाग्ने देखिन्छ ।

टोल वस्तिमा छरीएर रहेका सहकारीहरूलाई उद्देश्यमुलक तवरले एकीकरण गराउदै सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्त मूल्य र मान्यतामा सञ्चालन गराउने र सहकारीलाई पुँजीको बजारीकरणमा मात्र होइन पुँजी निर्माणमा योगदान पुऱ्याउन सक्ने गरी परिमार्जन गरी परिचालन गर्नु आजको आवश्यकता हो ।

# रुपन्देहीमा बचत परिचालकहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन



नेफ्स्कून फिल्ड कार्यालय रूपन्देहीको आयोजनामा बुटवलमा सहकारीका बचत परिचालकहरूको क्षमता अभिवृद्धि तालिम पौष १८ गते सम्पन्न भएको छ । एक दिवसीय उक्त तालिममा रूपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा र गुल्मी जिल्लाका गरी २८ बचत तथा ऋण सहकारी संस्थाबाट ६९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिममा साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमः एक्सेस, प्रोवेसन र कर्व्स मा आवद्ध र आवद्ध हुन बाँकी अन्य बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता चन्द्रप्रसाद ढकालको अध्यक्षतामा शुरू उद्‌घाटन सत्रमा नेफ्स्कून सञ्चालक सन्दीप सापकोटा, रूपन्देही फिल्ड व्यवस्थापन उपसमिति सदस्य शुवकान्त न्यौपाने उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष ढकालले संघ संस्थाहरूको क्षमता अभिवृद्धि तथा दिगो विकासका लागि प्रमुख माध्यम तालिम तथा शिक्षा रहेकोले नेफ्स्कूनले निरन्तर रूपमा मागमा आधारित सहभागितामूलक निःशुल्क तथा सःशुल्क तालिमहरू प्रदान गर्दै सहकारी क्षेत्रमा दक्ष जनशक्ति विकास गर्ने नीति लिएको स्पष्ट पार्नुभयो । उहाँले संघद्वारा प्रदान गरिने विभिन्न तालिम शिक्षा साथसाथै साकोस सुदृढीकरणका लागि स्तरीकरण कार्यक्रममा सहभागी हुन अनुरोध गर्नुभयो ।

सञ्चालक सन्दीप सापकोटा र रूपन्देही फिल्ड व्यवस्थापन उप समिति सदस्य शुवकान्त न्यौपानेले तालिम तथा शिक्षाले कर्मचारीहरूमा उर्जा प्रदान गर्ने हुँदा संस्थाको कार्यगतिविधिमा चुस्तता आउने विचार व्यक्त गर्नुभयो ।

तालिम सहजीकरण नेफ्स्कूनका वरिष्ठ अधिकृत भरत प्रसाद न्यौपानेले गर्नुभएको थियो भने व्यवस्थापन सहजीकरण रूपन्देही फिल्ड इन्चार्ज राधा पोखरेलले गर्नुभएको थियो । तालिममा सहभागी गुल्मीको तम्घास स्थित लेकाली स्वावलम्बन साकोस का कर्मचारी माया खनाल, नवलपरासी सुस्ता पश्चिमको सुनवान सामुदायिक साकोसका कर्मचारी अशोक श्रेष्ठ लगायतले तालिम उपलब्धीमुलक रहेको र कार्यकुशलता प्रवर्द्धनमा सहयोगीशिद्ध हुने विचार व्यक्त गर्नुभएको थियो ।

❑ ❑ ❑

# साकोस सुदृढीकरणमा स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष प्रभावकारीः अध्यक्ष पौड्याल




नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले बचत तथा ऋण सहकारी संस्थाको शुद्धीकरण र सुदृढीकरणमा स्तरीकरण र स्थिरीकरण कोष प्रभावकारी रहने दावी गर्नुभयो । नेपाल सहकारी पत्रकार समाज सिजेएनले पुस ३ गते काठमाडौमा आयोजना गरेको सहकारीमा गुणस्तर मापन विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष पौड्यालले भन्नुभयो, 'सहकारी सञ्चालनका विश्वव्यापी सिन्द्धान्त एवं मार्गदर्शनलाई कानुनी आधारका मुख्य स्रोत मान्दै सहकारीमा सुशासन र गुणस्तरीयतालाई जोड दिइएको छ ।'

एशियाली स्तरको स्तरीकरण कार्यक्रम एक्सेस को चर्चा गर्दै अध्यक्ष पौड्यालले भन्नुभयो, 'विश्वव्यापी दर्शनको एक दशकको अभ्यासपछि हामीले नेपालमा स्तरीकरणको कार्यक्रमलाई अन्तरिकीकरण गर्यौं, एशियामै गरिमाको रूपमा रहेको स्तरीकरण कार्यक्रमले वित्तीय सहकारीहरूलाई चुनौतिका बीचमा सुशासित, व्यवस्थित र उत्पादनमुलक तथा सिर्जनात्मक व्यवस्थापन गरेर अगाडि बढाउन सहयोग पुर्‍याएको छ ।' साथै वित्तीय सुशासन र गैरवित्तीय सुशासनको क्षेत्रमा गर्नुपर्ने सुधार र सुधारका सूचकांकहरूलाई आधार बनाएर विभागसँगको सहकार्यमा नेपालमै स्तरीकरण ब्राण्ड विकास गरेका हौं, तर आज विभाग संकुचित कार्यक्षेत्र देखाउँदै नियमनको बाटोमा पछि सरेको छ उहाँले जोड्नुभयो, नेफ्स्कून र विभाग बीच नेतृत्व तहमा कुनै विवाद छैन ।

उहाँले जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम जिल्ला र प्रदेश संघ सँगको साझेदारीमा अगाडि बढेको र पालिका तहमा आधारशिला कार्यक्रम शुरू भएको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, सबै प्रकृतिका सहकारीहरूलाई प्रारम्भिक चरणमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड्ने र स्तरीकरणमा सहभागी गराउँछौं ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले बचत तथा ऋण सहकारी स्तरीकरण मापनका सूचकांक आफैमा महत्वपूर्ण सूचकांक रहेको भन्दै नेपालका जति पनि ब्राण्डेड सहकारी छन् ती सबै पूर्ण रूपमा संस्थागत, सबल, सुशासनयुक्त र आइएसओ स्ट्याण्डरभन्दा माथी रहेको दावी गर्नुभयो । उहाँले भन्नुभयो, स्तरीकरण कार्यक्रमले सुशासन कायम गरेको छ, त्यसलाई निरन्तरता दिन अब सबै नै स्थिरीकरण कोषमा जानुपर्छ । सदस्य सचेत भएका संस्था स्वनियममा चल्छन् । दर्ता दिने नियामक निकाय र सम्बन्धित संघ दुवैले संस्थाको नियमन गर्नु अनिवार्य हुन्छ, नियामक निकाय पनि नियमनको जिम्मेवारीबाट पछि हट्न मिल्दैन । उहाँले जोड्नुभयो, महासंघले अभियानको तर्फबाट स्तरीकरणको जिम्मा लिनुपर्छ भन्ने विषयमा पनि महासंघको ध्यानाकर्षण भएको छ, विज्ञ टिम बनाएर आवश्यक पर्दा ब्राण्डेड साकोसको अन्तिम परिक्षण गर्नसक्ने गरी महासंघ पनि कार्यविधि निर्माणको तयारीमा छ । सदस्यको पैसा कुनैपनि हालतमा जोखिममा पर्नुहुँदैन भन्नेमा अभियानको चिन्ता निरन्तर छ, यो साझा दायित्व पनि हो उहाँले जोड्नुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले ऋण दिने क्रममा सहकारीमा धेरै समस्या देखिएकाले सुशासनमा ल्याउन पनि स्तरीकरण कार्यक्रम आवश्यक भएको बताउनुभयो । उहाँले बिनाधितो ऋण दिंदा जोखिम धेरै हुने भएकाले गुणस्तर मापन गरेर गुणस्तर युक्त सहकारीलाई बिना धितो पनि ऋण दिन सक्नेगरी बैंकले ब्राण्डिङ गर्न खोजेको जानकारी गराउनुभयो ।

सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले गुणस्तरमा जाने सबै सहकारीमा सुशासन हुन्छ भन्ने विश्वास नरहेको विचार व्यक्त गर्दै ब्राण्ड डिमान्ड बेस हो कि सप्लाई बेस भन्नेमै दुविधा रह्यो, उहाँले भन्नुभयो, 'गुणस्तर मापनले चप्पल लगाउने सदस्यको जीवनस्तरमा परिवर्तन ल्याउन सक्यो कि सकेन त्यसको हिंसाबलोकन हुनुपर्यो ।' ब्राण्डको नाममा पनि नक्कल गर्ने प्रवृत्ति बढेको छ, नेफ्स्कूनले ब्राण्डिङ कार्यक्रम शुरू गर्यो त्यसैको नक्कल गर्दै आज अन्य केन्द्रीय निकायहरू पनि ब्राण्डकै पछि लागेका छन्, यसको परिणाम के होला !

कार्यपत्र प्रस्तुत गर्दै सहकारी विज्ञ सुदर्शन प्रसाद ढकालले नियमन र

व्यवस्थापन अभावमा सहकारीमा उच्च जोखिम रहेको बताउनुभयो । उहाँले सहकारीको स्वामित्व सहकारीले लिन नसक्ने, राज्यको नियमन कमजोर रहने र राष्ट्र बैंकले सहकारीलाई नियमन गर्न नमान्दा सहकारीमा दिनप्रतिदिन समस्या बढेको बताउनुभयो । उहाँले बैंक र नेफ्स्कून दुवै नै ब्राण्डिङ कार्यक्रममा जाँदा दोहोरोपना हुने विचार व्यक्त गर्दै राज्य र अभियान सम्मिलित छुट्टै नियामक निकाय बनाउन आवश्यक रहेको धारणा राख्नुभयो ।

❑ ❑ ❑

# लुम्बिनी प्रदेश बचत संघले उत्पादनको क्षेत्रमा काम गर्ने



लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ले प्रदेशभित्रका सहकारीका उपल्ला संघहरू, नियामक निकाय एवं सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा सहकारी अभियानको सुशासन, प्रवर्द्धन तथा विकाससँगै उत्पादनका क्षेत्रमा काम गर्ने लक्ष्य लिइएको जनाएको छ । त्यसका लागि सबै प्रकृतिका प्रदेश विषयगत संघ, जिल्ला संघ, प्रारम्भिक संस्थाहरूका साथै प्रदेशस्थित सहकारी मन्त्रालय तथा नागरिक समाजसँगको सहकार्य अनिवार्य रहने प्रदेश बचत संघका अध्यक्ष एवं नेफ्स्कूनका निर्वतमान सञ्चालक कृष्ण नेपालले साकोस आवाजसँगको कुराकानीका क्रममा जानकारी गराउनुभयो ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश बुटवलमा मंसिर २३ गते दर्ता भएका ३ संघहरूः लुम्बिनी प्रदेश सहकारी संघ लि., लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि. र लुम्बिनी प्रदेश कृषि सहकारी संघ लि. लाई मंसिर २५ गते एकैदिन मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच दर्ता प्रमाणपत्र प्रदान गरिएको थियो ।

मन्त्रालयका दर्ता अधिकारी श्रीधर ज्ञवालीको अध्यक्षता, मन्त्रालय का सचिव डा. रेवति रमण पौडेलको प्रमुख आतिथ्यता र राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा सम्बन्धित प्रदेश संघका अध्यक्षहरू क्रमशः प्रदेश सहकारी संघ लि. लुम्बिनी प्रदेशका अध्यक्ष प्रेम प्रसाद सुवेदी, लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष कृष्ण प्रसाद नेपाल र लुम्बिनी प्रदेश कृषि सहकारी संघ लि. का अध्यक्ष नर बहादुर घर्तिलाई कार्यक्रमका प्रमुख अतिथि र विशेष अतिथिद्वारा प्रमाणपत्र वितरण गरिएको थियो ।

लुम्बिनी प्रदेशस्तरीय ३ सहकारी संघहरूमध्येको एक प्रदेश बचत संघका अध्यक्ष एवं नेफ्स्कूनका निर्वतमान सञ्चालक कृष्ण नेपालले सबैको साथ र सहयोगमा संघले सहकारी क्षेत्रको उन्नयनमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

"३ वटै प्रदेश संघहरूबीच आफ्ना प्रकृतिका संघ संस्थाहरूका विवरण र तथ्यांकहरू अद्यावधिक गर्ने, सबैलाई सदस्य बनाउने, सबैबिच संयोजन गर्ने, नियमित निरीक्षण, अनुगमन र पृष्ठपोषण प्रदान गरी व्यवस्थित र सुशासनयुक्त बनाउने विषयमा हामी नियमनकारी निकायसँग मिलेर काम गर्छौं ।" यस विषयमा प्रदेशस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत सहकारी महाशाखा प्रमुखले जोड दिनुभएको बताउँदै अध्यक्ष नेपालले आगामी आर्थिक वर्षको बजेटमा कार्यालय सञ्चालनका लागि केही रकम विनियोजन गर्ने आश्वासन समेत प्राप्त भएको उहाँले जानकारी गराउनुभयो ।

समयको माग अनुसार उत्पादनसँग सहकारीलाई जोड्ने विषयमा प्रदेशस्थित नियमनकारी निकायहरूबाट पनि बारम्बार आग्रह गरिएको बताउँदै अध्यक्ष नेपालले प्रदेश सहकारी मन्त्रीबाट समेत सहकारीहरूले लगानी योग्य रकमको निश्चित प्रतिशत उत्पादनका क्षेत्रमा खर्च गर्न ध्यानाकर्षण गराएको बताउनुभयो । बचत तथा ऋण सहकारी संघ संस्थाहरूले पनि आफ्नो संस्थागत पुँजीको केही प्रतिशत रकम कृषकहरूलाई सहुलियत दरमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, कृषि ऋणहरूलाई सामयिक परिमार्जन गरी कृषक मैत्री बनाउने, सरकारी अनुदानको सहुलियतपूर्ण ऋणको लागि पहल अघि बढाउने कामहरू बकेट लिस्टमा रहेको अध्यक्ष नेपालले बताउनुभयो । प्रदेश स्थित सहकारी संघ अभिभावकको रूपमा रहने भएकाले उसले तयार पारेको योजना अनुसार छलफल र सहमतिका आधारमा कार्यक्रमहरू सञ्चालन गरिने जानकारी उहाँले दिनुभयो ।

# महिला सशक्तिकरणका लागि सहकारी



**सरस्वती भुजेल**

सेवा केन्द्र प्रमुख
पोखरा रोयल साकोस, कास्की



एकका लागि सबै र सबैंका लागि एक भन्ने भावना र व्यवहार मार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एंव सामाजिक उत्थानको लागि गरिने सामुहिक प्रयास नै सहकारी हो । सहकारी संगठनको त्यो रूप हो जसमा व्यक्तिहरू स्वेच्छाले आफ्ना हितको विषयमा सबै एकसाथ मिलेर कार्य गर्दछन् । खासमा भन्दा सीमित श्रोत र साधन भएका व्यक्तिहरूको एक संगठन हो सहकारी, जो प्रजातान्त्रिक रूपमा नियन्त्रित हुन्छ र सदस्यहरूको साझा उद्देश्य प्राप्तिका लागि कार्य गर्दछ । नेपालमा सहकारी संस्थाको विकासक्रमलाई नियाल्दा राणकालको गुठी, पैचो, पर्म ढुकुटी जस्ता अनौपचारिक संगठन हुँदै विकसित भएको देखिन्छ । अव हामी ६४औं सहकारी दिवस मनाउने तयारीमा छौ । वर्तमान अवस्थामा सहकारी विभागको अध्ययन प्रतिवेदन अनुसार ३० हजार ६ सय २५ विभिन्न प्रकृतिका सहकारी संस्था नेपालमा क्रियाशील छन भने देशै भर क्रियाशील सहकारीहरू मार्फत ६५ लाख १५ हजार ४ सय ६० सदस्य, ७८ अर्ब २४ करोडको कुल शेयर पुँजी रहेको छ भने ६८ हजार ४ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । कुल सदस्य संख्याको आधारमा हेर्दा ५२ प्रतिशत महिला सदस्य रहेका छन् भने ३९ प्रतिशत महिलाहरू सहकारीको नेतृत्व तहमा रहेका छन । महिला व्यवस्थापक संख्यात्मक रूपमा कमि भएता पनि सहकारी क्षेत्रमा महिला कर्मचारी भने अत्याधिक रहेको पाइन्छ ।

महिलाले आफूमा भएका समस्याहरू आफैले समाधान गर्न सक्नु नै महिला सशक्तिकरण हो भने आर्थिक सशक्तिकरण गरिबी हटाउन, आघात सामना गर्न र तिनिहरूको कल्याण सुधार गर्न महिलाको क्षमताको केन्द्रविन्दु हो । नेपालमा महिला सशक्तिकरणको कुरा धेरै उठेता पनि महिलाहरू अफै चुल्हो चौकामा नै सीमित छन् । वर्तमान अवस्थासम्म आई पुग्दा महिलालाई हेर्ने दृष्टीकोणमा केही फरक आएता पनि अफ महिलाहरू बच्चा जन्माउने र घर धान्ने उपकरणको रूपमा हेरिन्छ । जसले गर्दा उनीहरू आर्थिक रूपमा सवल र संक्षम हुन सक्दैनन् र सानो सानो कामका लागि परनिर्भर रहनुपर्ने हुन्छ । यी सम्पूर्ण समस्या को समाधान को उपाए भनेको शिक्षा हो, शिक्षामा महिलाहरूको निकै कम मात्रामा पहुँच र सहभागिता भएको छ जुन निकै दुखद् र दुर्भाग्यपूर्ण रहेको छ । यति धेरै सहकारीको क्षेत्रमा महिलाले ओगटेको भएता पनि महिलाको लागि सहकारी संस्थाहरूले के गर्न सक्यो भन्दा पनि अब के गर्नुपर्छ भन्ने बहस आवश्यकता हो । सहकारी मार्फत उद्यमशीलता एवं सहकारी शिक्षा मार्फत महिलाहरूको वृत्ति विकास आजको टड्कारो आवश्यकता महसुस गरिएको छ । यसलाई नेतृत्व तहमा रहनु भएका विशेष गरी महिला नेतृत्वहरूले अगामी दिन थप व्यवस्थपान गर्नु हुने कुरामा हामी विश्वस्त छौ । आशा गरौ देश भर रहेका सहकारी संस्थाले शिक्षामा महिलाको सहभागिता गराई निरक्षर आमाहरूलाई समेत वयस्क शिक्षामा जान प्रोत्साहित, महिलाहरूको आर्थिक स्तर माथि उठाउन महिला हितका लागि विशेष योजना ल्याउनेछ जसले गर्दा नेपालमा महिला सशक्तिकरणका लागि सहकारी कुरा र नारामा मात्र सिमित रहने छैन ।



# ओकूद्वारा कार्यपत्र प्रस्तुतिका लागि विषयविज्ञ माग

विश्व ऋण परिषद् (ओकू) ले सन् २०२१ म हुने वार्षिक सम्मेलनमा वित्तीय सहकारीका समसामयिक मुद्दाहरूमा कार्यपत्र प्रस्तुतिका लागि विषयविज्ञहरूबाट प्रस्ताव माग गरेको छ । कोभिड १९ का कारण अर्को अंग्रेजी वर्ष (सन् २०२१) को जुलाई १४ देखि २१ सम्म आयोजना हुने सम्मेलन यो पटक भर्चुअल रूपमा आयोजना गरिने ओकूले जनाएको छ । सोही सम्मेलनका लागि वित्तीय सहकारीहरूको जल्दाबल्दा विषयहरूका कार्यपत्र प्रस्तुतिका लागि ओकूले विषय विज्ञहरूबाट प्रस्ताव आब्हान गरेको हो ।


उक्त सम्मेलनमा विभिन्न ३० वटा शैक्षिक सत्रहरू आयोजना गरिने कार्यक्रम छ । ओकूले वित्तीय सेवाको भविष्य, प्रविधिमा परिवर्तन, फिनटेक, बजारीकरण तथा स्तरीकरण, सदस्य सेवा, साइबर सुरक्षा र विविधता, समता तथा समावेशिताको मुल शीर्षकहरूमा आधारित रहेर आफुले गर्ने प्रस्तुतिका सम्बन्धमा आगामी मार्च १९ सम्म प्रस्ताव पेश गर्न ओकूले आग्रह गरेको छ । ओकूले माथिका मुल शीर्षकहरू बाहेक वित्तीय सहकारीका अन्य समसामयिक विषयमा पनि कार्यपत्र प्रस्तुत गर्न सकिने जनाएको छ । यो अवसरका कारण विश्वभरिका सहकारी विज्ञहरूबाट नवीन विचार र सम्भावाहरूको खोजी हुने अपेक्षा ओकूले गरेको छ । यसले वित्तीय सहकारीको भविष्य निर्धारणमा अहम भूमिका खेल्ने ओकूको दावी छ ।

# अमेरिकी कृषक सहकारी सम्मेलन भर्चुअल


Thomas Halverson


Carol Kitchen


Brett Sciotto


Doug O'Brien

अमेरिकामा प्रत्येक वर्ष आयोजना हुने कृषक सहकारी सम्मेलन यस वर्ष भर्चुअल आयोजना गरिएको छ । कोभिड महामारीका कारण उक्त सम्मेलन यो वर्ष पहिलो पटक अभौतिक आयोजना गरिएको थियो ।अमेरिकाभरका १ सय ७० कृषक सहकारी अभियन्ता तथा कर्मीहरू एवं त्यस क्षेत्रमा अभिरूचि राख्ने व्यक्तिहरू सहभागी सम्मेलनमा कोभिड १९ ले पारेको प्रभावका बारेमा छलफल भएको थियो । सम्मेलनमा सहभागीहरूले हालसम्मको असर केलाउनुका साथै भावी रणनीतिका बारेमा छलफल गरेका छन् ।

अमेरिकामा हालै सम्पन्न निर्वाचन र त्यसले गरेको नेतृत्व परिवर्तनले कृषि सहकारीका क्षेत्रमा पुर्याउने असरका सम्बन्धमा पनि सहभागीहरू छलफलमा जुटेका हुन् । सम्मेलनमा युवा सहकारीकर्मीहरूले कृषिमार्फत अर्थतन्त्रको विकासमा पुर्याउन सकिने योगदानका साथै यात्रिकीकरण, नवीनतम सोच, सहकारी मैत्री सेवा प्रवाह तथा बजारिकरण आदिका बारेमा चर्चा भएको जनाइएको छ । कार्यक्रममा कृषि सहकारीको सम्भावना र चुनौतीहरूका सम्बन्धमा विभिन्न सोधमुलक कार्यपत्रहरू पनि प्रस्तुत गरिएका थिए । कार्यक्रममा अमेरिकाका ८ विश्व विद्यालयका २६ विद्यार्थीहरूलाई कृषि सहकारीका जल्दाबल्दा विषयमा जानकारी उपलब्ध गराउने उद्देश्यले नि:शुल्क सहभागी गराइएको थियो । नोभेम्बर अन्त्यमा आयोजना गरिएको उक्त सम्मेलनका सहभागीहरूले २४ औं कृषक सहकारी सम्मेलन भौतिक रूपमै आयोजना गर्न सकिने अपेक्षा समेत गर्नुभएको थियो ।

# नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ७ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौं | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-५७१३३०१ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefun.org.np |
| २३ | लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २५ | भुमही, नवलपरासी सम्पर्क कार्यालय | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| २६ | टाँडी, चितवन सम्पर्क कार्यालय | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |
| २७ | मन्थली, दोलखा सम्पर्क कार्यालय | २०७७ श्रावण २६ | ०४९-४२१६८४ | manthalisc@nefscun.org.np |
| २८ | गोंगबु, काठमाडौं | २०७७ श्रावण ३२ | ०१-४३५१५६५ | gongabufo@nefscun.org.np |
| २९ | विराटनगर सेवाकेन्द्र | २०७७ कार्तिक २३ | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ३० | तनहुँ सेवाकेन्द्र | २०७७ कार्तिक २६ | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

# सहकारी विभागद्वारा देशभरका सहकारीको तथ्याङ्क सार्वजनिकः मुलुकभर २९ हजार ८ सय ८६ प्रारम्भिक सहकारी संस्था




सहकारी विभागले देशभरका सहकारीको तथ्यांक सहितको अध्ययन निष्कर्ष सार्वजनिक गरेको छ । विभागको उक्त निष्कर्ष अनुसार देशभर सहकारीको संख्या घटेपनि कारोवार र सदस्यको संख्यामा वृद्धि भएको छ । विभागले सातै प्रदेश र स्थानीत तहसँगको सहकार्यमा २०७७ साउनदेखि कार्तिक सम्म गरेको अध्ययन अनुसार हाल मुलुकमा २९ हजार ८ सय ८६ प्रारम्भिक सहकारी संस्थाहरू, २० विषयगत केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, ७० जिल्ला सहकारी संघ र २ सय ४१ विषयगत जिल्ला सहकारी संघ क्रियाशील रहेको विभागको तथ्यांकमा उल्लेख छ ।

देशभर सहकारीमा कुल शेयर पुँजी ९४ अर्ब १० करोड ५० लाख रहेको छ भने ४ खर्ब ७७ अर्ब ९६ करोड बचत रहेको छ । अध्ययन अनुसार सहकारीले ४ खर्ब २६ अर्ब २६ करोड लगानी गरेका छन् । सहकारीमार्फत ८८ हजार ३ सय ९ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

सहकारी विभागले सार्वजनिक गरेको पछिल्लो तथ्यांकमा सहकारीको कारोवार र सदस्य संख्यामा वृद्धि भएको देखाएको हो । सहकारीको अभिलेख स्थानिय र प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि संघीय विभागले तीन वर्षपछि सहकारीको तथ्यांक सार्वजनिक गरेको हो । २०७४ असार मसान्तसम्ममा ३४ हजार ५१२ सहकारीले करिव ७ खर्व कारोवार गरेका थिए ।

तीन वर्षको अवधिमा सहकारी संस्थाको संख्या ४ हजार ६४४ संस्था घटेका छन् । यस अवधिमा सहकारीमा आवद्ध सर्वसाधारणको संख्या १० लाख थपिएको छ भने कारोवार पनि तीन खर्ब वृद्धि भएको छ । कुल सहकारीमध्ये संघीय सरकार अन्तर्गत १२५, प्रदेश सरकार अन्तर्गत ६ हजार २ र स्थानीय सरकार अन्तर्गत २३ हजार ७५९ वटा संस्था छन् । सबैभन्दा बढि सहकारीको बाहुल्यता बाग्मती प्रदेशमा देखिएको छ । कुल संस्थाको एक तिहाई र कुल कारोवारको आधा हिस्सा यसै प्रदेशमा रहेको छ ।

२७ लाख १७ हजार सदस्य रहेको यस प्रदेशका सहकारीले ५१ अर्ब ४० करोड शेयर पुँजी तथा २ खर्ब १४ अर्ब ६६ करोड बचत संकलन गरी १ खर्ब ९९ अर्ब ८६ करोड ऋण लगानी गरेका छन् । यस्तै सबैभन्दा कम सहकारी कर्णाली प्रदेशमा एक हजार ९७६ संस्था रहेका छन् । यी संस्थामा ४ लाख ४ हजार ९५६ जना सदस्य रहेकामा शेयर पुँजी १ अर्ब ९१ करोड, बचत ८ अर्ब ८६ करोड, ऋण लगानी ७ अर्ब ९२ करोड रहेको विभागले जनाएको छ ।

यसैगरी प्रदेश १ मा ४ हजार ७३७ सहकारीमा ९ लाख ३५ हजार सदस्य रहेका छन् । यी सहकारीले ८ अर्ब २० करोड शेयर पुँजी तथा ४१ अर्ब २१ करोड बचत संकलन गरी ३८ अर्ब ९५ करोड ऋण लगानी गरेका छन् । प्रदेश २ मा ४ हजार १५३ सहकारीले ५ लाख ५५ हजार १९७ सदस्यबाट २ अर्ब ३६ करोड शेयर, २३ अर्ब १९ करोड बचत र १५ अर्ब ५ करोड ऋण लगानी गरेका छन् । गण्डकी प्रदेशमा २ हजार ६७१ सहकारीमा ११ लाख १६ हजार ६३२ जना सदस्य आवद्ध छन् । यी संस्थामा २२ अर्ब ५ करोड शेयर, ८६ अर्ब ७ करोड ४५ लाख बचत र ८८ अर्ब ३७ करोड ८० लाख ऋण लगानी रहेको छ ।

लुम्बिनी प्रदेशमा ३ हजार ७५५ सहकारीमा ८ लाख ९८ हजार ६११ सदस्य मार्फत ५ अर्ब ८२ करोड शेयर, ५९ अर्ब ९६ करोड बचत संकलन र ४० अर्ब ८० करोड ऋण लगानी गरेका छन् । यसैगरी सुदुरपश्चिम प्रदेशमा सहकारीको संख्या २ हजार ६० रहेको छ । यी संस्थाहरूले ५ लाख ४२ हजार ९८९ सदस्यमार्फत २ अर्ब १ करोड ५० लाख शेयर, १० अर्ब ४४ करोड बचत र ११ अर्ब ४९ करोड ऋण लगानी गरेका छन् । सहकारी संघ संस्थाको एकीकरण भएको तथा कतिपय संस्था निष्क्रिय रहेको कारण संख्या घटेको विभागले जनाएको छ ।

# सहकारी तथ्यांक

| विवरण | कुल सहकारी |
|---|---|
| प्रारम्भिक सहकारी संस्था | २९,८,८६ |
| विषयगत केन्द्रीय सहकारी संघ | २० |
| जिल्ला सहकारी संघ | ७० |
| विषयगत जिल्ला सहकारी संघ | २४१ |
| **तहगत सहकारी संख्या** | |
| संघीय सरकार अन्तर्गत | १२५ |
| प्रदेश सरकार अन्तर्गत | ६००२ |
| स्थानीय सरकार अन्तर्गत | २३७५९ |

| सहकारी मार्फत कुल कारोवार | |
|---|---|
| कूल सदस्य | ७३ लाख ७ हजार ४ सय ६२ (महिला ५६% र पुरूष ४४%) |
| शेयर पूँजी | ९४ अर्ब १० करोड ५० लाख १५ हजार ८ सय ३ |
| बचत | ४ खर्ब ७७ अर्ब ९६ करोड ११ लाख ४६ हजार ४ सय ७३ |
| लगानी | ४ खर्ब २६ अर्ब २६ करोड २३ लाख ११ हजार ३ सय ८१ |
| प्रत्यक्ष रोजगारी | ८८ हजार ३ सय ९ |

# प्रदेशगत सहकारी कारोवार

| प्रदेश १ | |
|---|---|
| सहकारी | ४ हजार ७ सय ३७ |
| सदस्य | ९ लाख ३५ हजार ७ सय (महिला : ५,०००४९ र पुरुष : ४,३५,४५२) |
| शेयर पुँजी | ८ अर्ब २० करोड २ लाख ८७ हजार ३ सय ७२ |
| बचत | ४१ अर्ब २१ करोड ४२ हजार ८ सय ९ |
| ऋण लगानी | ३८ अर्ब ९५ करोड २९ लाख १५ हजार १ सय ७ |
| रोजगारी | २० हजार ६ सय ८५ |

| प्रदेश २ | |
|---|---|
| सहकारी | ४ हजार १ सय ५३ |
| सदस्य | ५ लाख ५५ हजार १ सय ९७ (महिला : २,५२,११२ र पुरुष : ३,०३,०८५) |
| शेयर पुँजी | २ अर्ब ३६ करोड ५२ लाख ४६ हजार १ सय ५८ |
| बचत | २३ अर्ब १९ करोड ९६ लाख ४१ हजार ३ सय १३ |
| ऋण लगानी | १५ अर्ब ५ करोड ११ लाख ९८ हजार ६४ |
| रोजगारी | १० हजार ८ सय ४३ |

| बागमती प्रदेश | |
|---|---|
| सहकारी | १० हजार ४ सय १८ |
| सदस्य | २७ लाख १७ हजार ४ सय ६९ (महिला : १४,७५,२०२ र पुरुष : १२,६०,२६७) |
| शेयर पुँजी | ५१ अर्ब ४० करोड ६४ लाख २७ हजार ७ सय २४ |
| बचत | २ खर्ब १४ अर्ब ६६ करोड २२ लाख ५ हजार ८ सय ६० |
| ऋण लगानी | १ खर्ब ९९ अर्ब ८६ करोड ४७ लाख २४ हजार ४ सय ३४ |
| रोजगारी | ३३ हजार ८ सय ९२ जना |

| गण्डकी प्रदेश | |
|---|---|
| सहकारी | २ हजार ६ सय ७१ |
| सदस्य | ११ लाख १६ हजार ६ सय ३२ (महिला : ६,४२,१३० र पुरूष : ४,७४,५०२) |
| शेयर पुँजी | २२ अर्ब ५ करोड ९ लाख ६७ हजार २ सय ४६ |
| बचत | ८६ अर्ब ७ करोड ४५ लाख ७१ हजार ६ सय ९२ |
| ऋण लगानी | ८८ अर्ब ३७ करोड ८० लाख ६१ हजार ४ सय ३३ |
| रोजगारी | ७ हजार ६ सय ३८ जना |

| लुम्बिनी प्रदेश | |
|---|---|
| सहकारी | ३ हजार ७ सय ५५ |
| सदस्य | ८ लाख ९८ हजार ६ सय ११ (महिला : ५,७६,३१२ र पुरुष : ३२,२२,२९९) |
| शेयर पुँजी | ५ अर्ब ८२ करोड २२ लाख ९७ हजार ५० |
| बचत | ५९ अर्ब ९६ करोड ३७ लाख ६८ हजार ४ सय ६७ |
| ऋण लगानी | ४० अर्ब ८० करोड ६८ लाख ४ हजार ३२ |
| रोजगारी | ६ हजार ९ सय ८९ |

| कर्णाली प्रदेश | |
|---|---|
| सहकारी | १ हजार ९ सय ६७ |
| सदस्य | ४ लाख ४ हजार ९ सय ५६ (महिला : २,७२,०३३ र पुरुष : १,३२,९२३) |
| शेयर पुँजी | १ अर्ब ९१ करोड ८० लाख ७३ हजार ४ सय ९८ |
| बचत | ८ अर्ब ८६ करोड ८१ लाख ७८ हजार ७ सय ९२ |
| ऋण लगानी | ७ अर्ब ९२ करोड ५२ लाख ४८ हजार ४ सय ८५ |
| रोजगारी | ४ हजार ५ सय ३४ |

| सुदुर पश्चिम प्रदेश | |
|---|---|
| सहकारी | २ हजार ६० |
| सदस्य | ५ लाख ४२ हजार ९ सय ८९ (महिला : ३,१९,१०० र पुरुष : २,३३,८८९) |
| शेयर पुँजी | १० अर्ब ४४ करोड ३४ लाख ९६ हजार ९ सय ४१ |
| बचत | ८ अर्ब ८६ करोड ८१ लाख ७८ हजार ७ सय ९२ |
| ऋण लगानी | ११ अर्ब ४९ करोड ९५ लाख ८५ हजार ३ सय ३१ |
| रोजगारी | २ हजार ८ सय १५ |

"सामना शक्ति
विकासका लागि
सद्भावपूर्ण सहकार्य"

# NECOS

**LITE**

**PLUS**

**ULTIMATE**

## "साकोस अभियानको आफ्नै सफ्टवेयर" नेकोस

**परिचय**

नेपालमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारीहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्न तथा कारोबारलाई सुरक्षित, चुस्त, दुरुस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा यस नेकोस सफ्टवेयरको विकास गरिएको हो ।

## नेकोस सफ्टवेयरका विशेषताहरु

- नेफ्स्कुनद्वारा विकास गरिएको सबैभन्दा विश्वासीलो एवं भरपर्दो सफ्टवेयर,
- नविनतम् प्रविधिमा आधारित, मजबुत सुरक्षा प्रणाली मार्फत तथ्याङ्कको सुरक्षा गर्ने,
- सहकारीको सम्पूर्ण वित्त व्यवस्थापनको लागि सक्षम सफ्टवेयर,
- सहकारीलाई आवश्यक पर्ने सबै प्रकारका प्रतिवेदनहरू समेटिएको,
- सहकारी चार खाता समावेश भएको,
- डिभिजन सहकारी प्रतिवेदन, पर्ल्स प्रतिवेदन र लोन एजिङ समावेश भएको,
- संस्थाको आवश्यकता बमोजिम Customized Report तयार गर्न सकिने,
- SMS, E-Necos सुविधा भएको तथा ATM नेटवर्क जडान गर्न मिल्ने,
- ऋणको किस्ता तथा आवधिक बचत म्याच्युरिटीको पुर्व सूचना दिने,
- प्रयोगकर्ताले चाहेको समयमा तथा कम्प्युटरद्वारा स्वचालित तरिकाले ब्याकअप लिन सकिने,
- सफ्टवेयरको प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने,
- कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको व्यक्तिले समेत सजिलै सञ्चालन गर्न सकिने,
- वेबमा आधारित (Web Based) सफ्टवेयर भएकोले एउटै मात्र कम्प्युटरमा जडान गरी एकै साथ LAN मार्फत २५३ वटा कम्प्युटर मार्फत सञ्चालन गर्न सकिने,
- ईन्टरनेट/ईन्ट्रानेट मार्फत असिमित कम्प्युटर तथा प्रयोगकर्ताले एकै साथ सञ्चालन गर्न सकिने,
- सेवा केन्द्रहरूको कारोबार छुट्टाछुट्टै सेवा केन्द्रमा प्रविष्टी हुने, सेवा केन्द्र अनुसार छुट्टाछुट्टै एवं एकमुष्ट वित्तीय प्रतिवेदनहरू तयार हुने,
- सेवा केन्द्रहरूको छुट्टाछुट्टै दैनिक खाता बन्दी (EOD) को व्यवस्था भएको,
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोबारका बिल, भौचरहरू प्रिन्ट गर्न सकिने,
- हरेक प्रतिवेदनहरू एक्सेल, पिडिएफमा एक्सपोर्ट गर्न सकिने ।